
सर्वाधिक बिक्री हुने
# साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ४२ ● काठमाडौं, शुक्रबार, फागुन २१, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Mar 4, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

# बढ्यो उन्माद






चलचित्रको स्वादमा लिप्त रहने युवायुवतीको संख्या बढ्दै गएको छ । यौनसम्बन्धलाई शारीरिक प्यास मेटाउने माध्यमका रूपमा मात्र लिनेहरूको जमात बढिरहेको छ ।

● डान्सबार र रेस्टुराँहरूमा पुग्ने र स्टेजमा नर्तकीले लुगा फुकाल्दै जाँदा जिब्रो टोक्ने नेपाली युवाहरू नेपाली जोडीको रतिक्रीडा हेर्दै रमाउन थालेका छन् । उनीहरू पश्चिमा शैलीका अश्लील भिडियोहरूभन्दा लजालु नेपाली युवतीसँग रेकर्ड गरिएका अश्लील चलचित्रतिर आकर्षित हुँदैछन् । यस्ता चलचित्र केही नितान्त व्यक्तिगत मनोरञ्जन र केही व्यवसायिक हिसाबले बनाइएका छन्, जसलाई डिजिटलमय प्रविधिले सबैको हातहातमा पुऱ्याएको छ । विस्तृत पृष्ठ ६ मा

● पश्चिमा खुला समाज र डिजिटल प्रविधिको सुविधाबाट प्रेरित नेपाली युवाहरू आफ्नै अश्लील भिडियो रेकर्ड गरी आनन्द लिँदैछन् । सहरिया तन्नेरीहरू मात्र होइन, ग्रामीण युवायुवतीहरूसमेत यौन स्वच्छन्दताको राजमार्गमा खुला विचरण गरिरहेका छन् ।

● साइबर क्याफेको च्याटको कुनो, फेसबुकमार्फत फोन साटासाट गरेर घण्टौं फोनसेक्समा आनन्द लिनेहरू पनि छन् ।

● रातभर वेबक्यामको सहायताले भिडियो सेक्सको आनन्द लिने, घण्टौं पोर्नोसाइट एवं आफ्नै अश्लील



## हंगामा होलीको

पृष्ठ २२ मा



साप्ताहिक

मध्यपृष्ठमा
## सम्झना
बुढाथोकी



## • क्यासेट •

### एकलासमा



गायक लक्ष्मीदास मुस्कानले गाएका आधुनिक गीतहरूको संग्रह 'एकलासमा' श्रोतामाझ आएको छ । माया रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश गरिएका छन् । संग्रहका सबै गीत गायक मुस्कानले रचना गरेका हुन् भने गायक मुस्कान तथा सावनदेव श्रेष्ठले संग्रहका गीत संगीतबद्ध गरेका छन् । गायिका रुविना श्रेष्ठले एउटा गीतमा गायक मुस्कानलाई साथ दिएकी छिन् ।

### बैगुनी माया



गायक सोनमराज मोक्तानका लोकपपगीतहरूको संग्रह 'बैगुनी माया' श्रोतामाझ आएको छ । धौलागिरी क्यासेट सेन्टरले बजारमा ल्याएको संग्रहमा आठवटा गीत समावेश गरिएका छन् । संग्रहका गीतमा कर्मा मोक्तान, बिक्रमजी लामा तथा गायक सोनाम राज मोक्तानले संगीत दिएका छन् ।

### फिलिङ्स (भावहरू)



गायक बिमल गुरुङले गाएका आधुनिक गीतहरूको संग्रह बजारमा आएको छ । भाइब्स क्रिएसनले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत तथा दुई म्युजिक ट्र्याक समावेश गरिएका छन् । संग्रहका गीतमा राम सिटौला, बिमल गुरुङ तथा अर्जुन पोखरेलले संगीत दिएका छन् ।

## • रंगमञ्च •

### एचआईभी र क्षयरोगविरुद्ध



मानसिक सन्तुलन गुमाएका युवकले बजारमा देखिएका सबैलाई सताइरहेका हुन्छन् । कसैलाई जिस्क्याउने, कुट्न खोज्ने, तान्ने काम गर्न थालेपछि युवकको व्यवहारदेखि सर्वसाधारण रिसाउन थालेपछि सुरु भएको सन्देशमूलक सडक नाटक 'सावधान' ले क्षयरोग र एचआईभीको रोकथाम गाह्रो नहुने सन्देश दिन्छ । सन्देशमूलक नाटक देखाउन दर्शक तान्ने उद्देश्यले 'पागलपात्र' ले आसपासका मान्छेलाई धेरै बेर सताएपछि मात्र नाटक भनेर अरूले थाहा पाउँछन् । हेल्प ग्रुप विराटनगरको आयोजनामा भएको नाटकमा सहभागी सबै कलाकार आरोहण गुरुकुलबाट तालिमप्राप्त भएकाले पनि उनीहरूको अभिनय जीवन्त थियो । सावधान विराटनगरका विभिन्न ठाउँ, रंगेली, उर्लाबारी, पथरी, विराटचोकजस्ता ठाउँमा मञ्चन भैसकेको छ । लागूऔषध सेवनको बाटोमा लागेका युवा पात्रहरू उद्धव सापकोटा, अर्जुन चिमरिया र अमित गिरीलाई सुधारको बाटोमा ल्याउन प्रयास गर्ने मास्टर पात्र भवानी सिटौलाको प्रयास अन्ततः सफल हुन्छ । संक्रमित छोराछोरीकी आमा तथा नाटककी लेखक/निर्देशक विनिता गौतमको धैर्यता र क्षमताले नाटकलाई अन्त्यतिर पुऱ्याउँछ ।

**–कमल रिमाल**

### जारी छ बाल नाटक महोत्सव

बालबालिकामा केन्द्रित नाटकहरू मञ्चन भैरहेको बाल नाटक महोत्सव राजधानीमा जारी छ । गत सोमबार कमलपोखरीस्थित रुसी सांस्कृतिक केन्द्रमा प्रारम्भ भएको नाटक महोत्सव आगामी आइतबारसम्म जारी रहनेछ । महोत्सवको पहिलो दिन रुसी साहित्यकार आलेक्सान्द्रा पुस्किनको नाटक 'गोल्डेन फिस (सुनौलो माछा)' मञ्चन गरिएको थियो । उक्त नाटकको निर्देशन नवराज बुढाथोकीले गरेका हुन् । शैली थिएटरद्वारा आयोजित महोत्सवको यो पहिलो नाटकको प्रस्तुतकर्ता पनि शैली थिएटर नै हो । 'सुनौलो माछा' मा आकाश मगर, शान्ति गिरी, मञ्जु देवकोटा, सुरज पौडेल, पवन अधिकारी, अभय बराल, किरण पौडेल आदि कलाकारले अभिनय गरेका थिए । पर्सि आइतबारसम्म जारी रहने नाटक महोत्सवमा दैनिक एउटा नाटक मञ्चन भैरहेको छ । महोत्सवमा गत मंगलबार नवराज बुढाथोकीकै निर्देशनमा 'दबिएका आवाजहरू' मञ्चन गरियो । बुधबार मञ्चन गरिएको अर्को नाटक 'टर्च लाइट' दर्शकहरूले रुचाए । यो नाटकको निर्देशन टंकप्रसाद चौलागाईंले गरेका हुन् । हिजो विहीबार पनि चौलागाईंले नै निर्देशन गरेको 'महोत्सव' शीर्षकको नाटक मञ्चन भयो । महोत्सवमा आज शुक्रबार महेश पौडेलको निर्देशनमा 'चंगा' तथा भोलि शनिबार प्रेम पौडेल तथा मानस राजको निर्देशनमा तयार पारिएको नाटक 'पाँच रुपैयाँ' मञ्चन गरिँदैछ । महोत्सवको अन्तिम दिन पर्सि आइतबार नवराज बुढाथोकीकै निर्देशनमा 'छुट्टी...मकै भुट्टी' मञ्चन गरिँदैछ ।

### आमा मेरो देश खोइ ?

समाजमा बढिरहेको दण्डहीनता, देशमाथि विदेशी हस्तक्षेप, सीमा अतिक्रमण तथा कर्णालीका जनताप्रति राज्यले गरेको उपेक्षालाई मुख्य विषय बनाइएको हास्य नाटक (प्रसहन) 'आमा मेरो देश खोइ ?' मञ्चन भएको छ । एक घण्टा बीस मिनेट लामो यो प्रहसनको प्रारम्भिक दृष्य हास्यप्रधान छन् भने उत्तरार्ध कारुणिक छ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको अडिटोरियम हलमा दुई दिन मञ्चन गरिएको यो प्रहसन अनुराधा थिएटरले प्रस्तुत गरेको हो । त्रिवि केन्द्रीय विभागको व्यवस्थापन तथा त्रिभुवन विश्वविद्यालय क्लबको सहकार्यमा प्रस्तुत गरिएको यो प्रहसनको निर्देशन किरण बरालले गरेका हुन् । कृष्ण सुवेदीले संयोजन गरेको यो प्रहसनमा किरण बराल, कृष्ण सुवेदी, शिवप्रसाद पौडेल, उमेश बास्कोटा, लक्ष्मी अधिकारी, विमल पराजुली, विष्णु न्यौपाने, गीता सापकोटा, चिरञ्जीवी आचार्य, शोभा लामिछाने, हरिप्रसाद अधिकारी आदि कलाकारले अभिनय गरेका थिए ।

### रेडियो नाटकको शुभारम्भ

तराईका युवा वर्गलाई लक्षित गरी तयार पारिएको मैथिली भाषाको धारावाहिक रेडियो नाटक 'सङोर' अब राजधानीबासीमाझ पनि प्रसारण हुने भएको छ । मोफसलमा निर्माण भएको यो नाटक राजधानीको एउटा एफएमबाट प्रसारण हुन लागेको हो । मोफसलमा रहेका युवाहरूको सामाजिक तथा राजनैतिक अवस्थाका बारेमा चित्रण गरिँदै आएको यो रेडियो नाटक वीरगञ्ज, जनकपुर, मोरङ आदि क्षेत्रका नौ वटा एफएमबाट पनि प्रसारण भैरहेको छ । पूर्वी तराईका युवाहरूको कथा समेटिएको यो नाटकका बारेमा गत मंगलबार नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजित कार्यक्रममा जानकारी गराइएको थियो । राजधानीमा बसोबास गर्ने करिव ३ लाख श्रोताले मैथिली भाषा बुझ्ने तथा बोल्ने भएकाले यो नाटक सफल हुने सम्भावना छ । भोलि शनिबारदेखि राजधानीमा प्रसारण प्रारम्भ हुने यो नाटक ४० भाग लामो हुनेछ । प्रेम बास्तोलाको निर्देशन रहेको यो रेडियो नाटकमा सुनिल मिश्र, रामनारायण ठाकुर, मदन ठाकुर, विष्णुकान्त मिश्र, प्रियंका झा, गंगाकान्त झा, अनिलचन्द्र झा, अनितारानी मण्डल, घनश्याम मिश्र, गायत्री मिश्र, अविनाश झा, वैजनाथ पटेल आदि कलाकारको सहभागिता छ ।

## • ग्यालरी •

### धरानमा दुईदिने चित्रकला

युमा आर्ट्स धरानको आयोजनामा छाताचोकमा दुईदिने चित्रकला प्रदर्शनी सम्पन्न भएको छ । सरकारी विद्यालयमा चित्रकलाप्रति विद्यार्थीको आकर्षण पैदा गर्न धरान शीर्षकको चित्रकला प्रदर्शन आयोजित गरिएको हो । प्रदर्शनीमा धरानमा रहेका १३ वटा सरकारी विद्यालयका विद्यार्थीले बनाएका चित्रहरू समावेश थिए । विद्यार्थीहरूले वाटर कलर तथा पेन्सिल प्रयोग गरेर चित्रहरू बनाएका थिए ।

## • लाइभ •

### भोलि कलेज ब्यान्ड कन्टेष्ट

ग्लोबल वार्मिङका सम्बन्धमा जनचेतना जगाउने उद्देश्यले भोलि शनिबार राजधानीमा अन्तर कलेज संगीत ब्यान्ड प्रतियोगिता हुनेछ । प्रतियोगिताको निर्णायक चरणका लागि उत्कृष्ट दस सांगीतिक समूहको छनौट सम्पन्न भैसकेको छ जसमा लिटल एन्जल्सको स्ट्रेस अफ सिरिथ, एसिई इन्स्टिच्युटको गोल्ड फिस ट्यांक, न्यू लिरा कलेजको लिरा क्लासिक, एभरेस्ट कलेजको एडहोक तथा इन्फाम्याकि कलेजको जेरो ट्रान्जिसन छन् । नेसनल ओपन कलेजको ज्याकोब्स ल्याडर, रत्नराज्य कलेजको अन्नो डोमिनी, ग्लोबल कलेजको हेक्स भिजन तथा इन्टेन्सिभ इन्टरनेसनल कलेजको रेग हाइब्रिड पनि उत्कृष्ट दसमा परेका छन् । सेभ द प्लानेट नारा दिइएको उक्त प्रतियोगिताको पहिलो चरणबाट उत्कृष्ट दस वटा कलेजका सांगीतिक समूह छनौट गरिएको हो ।

## • पुस्तक •

### धनियाले साइकल सिकी

रुम टु रिडले प्रकाशित गरेको धनियाले साइकल सिकी चित्रकथाको पुस्तक हो । यो चित्रकथामा प्रस्तुत गरिएको कथा सौरभकिरण श्रेष्ठ र देवेन्द्रप्रसाद उप्रेतीले लेखेका हुन् भने चित्र कृष्णगोपाल श्रेष्ठले बनाएका हुन् । आवरण सहित ४४ पृष्ठको यो चित्रकथामा बालिका धनियाको कथालाई समेटिएको छ ।

### जन्ती र गुच्चा

रुम टु रिडले नै प्रकाशित गरेको जन्ती र गुच्चा पनि चित्रकथाको पुस्तक हो । जन्ती र गुच्चामा प्रस्तुत गरिएको कथा जनार्दन बरालले लेखेका हुन् भने चित्रहरू दीपक गौतमले बनाएका हुन् । आवरण सहित ३६ पृष्ठको यो पुस्तकमा प्रमेश र रमेशको कथा समेटिएको छ ।

### कान्तिपुरको रंगमञ्च

आरोहण गुरुकुलले प्रकाशित गरेको कान्तिपुरको रंगमञ्च नाट्यविधासँग सम्बन्धित पुस्तक हो । पुराना रंगकर्मी प्रचण्ड मल्लले लेखेको यो पुस्तकमा काठमाडौं उपत्यकाको रंगमञ्चसँग सम्बन्धित इतिहास केलाइएको छ । रंगमञ्च र इतिहास दुवैमा रुचि भएका पाठकहरूप्रति लक्षित यो पुस्तक २ सय ४८ पृष्ठको छ । पुस्तकको मूल्य २ सय २५ रुपैयाँ छ ।

### घाम नउदाएको देश

कथाकार दुर्गा विनयका ९ वटा लामा-छोटा कथाहरूको संग्रह घाम नउदाएको देशलाई अर्जुन सिटौला र सुनील थापाले प्रकाशित गरेका हुन् । ६० पृष्ठको यो पुस्तकमा समकालीन नेपाली कथाहरूभन्दा भिन्न राजनैतिक तथा सामाजिक द्वन्द्वसँग सरोकार राख्ने कथाहरूलाई नयाँ शैलीमा प्रस्तुत गरिएको छ ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

भेटघाटमा रमाउनेछ भने मान-सम्मान पनि पाउनुहोला । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । शनिबारदेखि बुधबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ । मन कमजोर हुने भएकाले धैर्यतामा जोड दिनुहोला ।

### मिथुन

काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर पनि जुट्नेछ । देश-विदेशको यात्रा हुनसक्छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । ठूला व्यक्तिसित गरिने अन्तर्क्रियाले मन बलियो बनाउनेछ । बिहीबार चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ ।

### सिंह

पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग भए पनि शनिबारदेखि समय प्रतिकूल बन्नेछ । घरेलु समस्याले सताउनुका साथै मित्र बनेर धोका दिनेहरू प्रशस्त हुनेछन् । समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ । बुद्धिले बेलामा काम नगरेर अरूबाट आलोचित हुनुपर्नेछ ।

### तुला

मान-सम्मान पाइने, पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । खानपानमा विचार पुऱ्याउनुहोला । सवारी चढ्दा-चलाउँदा सजग रहनु पर्नेछ । कसैलाई विस्वास गरिहाल्नु उचित हुँदैन । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउनेछन् ।

### धनु

सोच्ने शक्ति बढ्ने तथा प्रशंसा पाइने योग छ । धन आर्जन हुनेछ भने नयाँ काम पनि पाइनेछ ।पहिलो भेटमै अरूको मन जित्न सकिनेछ । स्वास्थ्यमा अवरोध आउने क्रम यथावत् रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला । गलत विचार बढ्नुका साथै प्रेमको बन्धन खुकुलो हुनसक्छ ।

### कुम्भ

भाग्यले साथ दिनेछ । सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ । तपाईंको परिश्रमले अरूको मन जित्नेछ । भेटघाटमा मन रमाउनेछ भने बोलीको प्रभाव बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग पनि छ । प्रेम गर्ने अवसर मिल्नेछ । विहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### वृष

साताको पूर्वार्द्ध अनुकूल रहे पनि उत्तरार्द्ध प्रतिकूल रहनेछ । काममा सफलता मिल्नुका साथै धन आर्जनको अवसर जुट्नेछ । अरूको मन जित्न सकिनेछ । पराक्रम बढ्नेछ भने सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला । मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

### कर्कट

आफन्तहरूबाट राम्रो सहयोग मिल्नेछ भने नयाँ मित्रको आगमन पनि हुनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । वैदेशिक कार्य लाभप्रद रहनेछ । सामाजिक क्षेत्रमा प्रशंसा प्राप्त हुनेछ । गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ । विश्वास गरेकाहरूले धोका दिने हुँदा सजगता अपनाउनुहोला ।

### कन्या

सजिलै अरूलाई विस्वास दिलाउन सकिनेछ भने मन प्रसन्न रहनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । अध्ययनमा सफलता मिल्नेछ । घरेलु समस्या बढ्ने, मित्रहरूबाट धोका हुने तथा काममा अवरोध आउने योग छ ।

### वृश्चिक

खर्च एवं विवाद बढ्ने तथा मन चञ्चल हुनुका साथै काममा विघ्न-बाधा आउने योग छ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । शनिबार, आइतबार, सोमबार तथा बिहीबार समय राम्रो छ । बोलीको प्रभाव बढ्नुका साथै अरूलाई विश्वास दिलाउन सकिनेछ । यात्रा रमाइलो हुनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### मकर

मान-सम्मान पाइने तथा अरूको विश्वास जित्न सकिनेछ । तपाईंको लगन एवं विश्वसनीयताको सबैले प्रशंसा गर्नेछन् । पहिलो भेटमै अरूको मन जित्न सकिनेछ । देशको प्रतिनिधित्व गर्दै विदेश जाने अवसर मिल्नसक्छ । धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ । भाग्य बलियो छ । मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ ।

### मीन

स्वास्थ्य कमजोर रहनेछ । काममा अवरोध आउनाले मनोबल घट्न सक्छ । नैरास्यताले सताउनुका साथै कुरा काट्नेहरू सक्रिय रहनेछन् । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । मंगलबारदेखि मन प्रसन्न हुने, काममा सफलता मिल्ने तथा पराक्रम बढ्ने योग छ । सवारी साधन चढ्दा-चलाउँदा विचार पुऱ्याउनुहोला ।

## यो साताको पञ्चाङ्ग

फागुन २४ गते : अन्तर्राष्ट्रिय नारी दिवस, संयुक्त राष्ट्रसंघीय महिला अधिकार तथा अन्तर्राष्ट्रिय शान्ति दिवस, शीतला अष्टमी, २७ गते पापमोचिनी एकादशी ।

# खैरो हेरोइनको ट्रान्जिट बन्दैछ राजधानी

जितेन्द्र साह

काठमाडौं- उपत्यका खैरो हेरोइन (ब्राउन सुगर) को ठूलो बजार बन्दै गएको छ। प्रहरीका अनुसार सन २००९ मा बरामद भएको ३६ किलो ५ सय ६१ ग्राम हेरोइनमध्ये भण्डै ३५ प्रतिशतभन्दा बढी राजधानीमा बेचबिखन गर्न ल्याइएको खैरो हेरोइन थियो।

वीरगञ्जको रक्सौल नाका, विराटनगरको रानी नाका, काँकडभिट्टा, सुनौली, रुपैडिया र महेन्द्रनगर हुँदै खैरो हेरोइन भित्रिने गरेको लागू औषध नियन्त्रण कानँन कार्यान्वयन इकाइले जनाएको छ। लागू पदार्थको विशेषज्ञ युनिटका रूपमा रहेको इकाइ तथा स्थानीय प्रहरीले राजधानी भित्र्याइएको खैरो हेरोइनमध्ये सबैभन्दा बढी परिमाण बल्खु, कालीमाटी, सोह्रखुट्टे, ठमेल, गोङ्बु, कोटेश्वर, ग्वार्को, सातदोबाटो, जावलाखेल र नख्खु क्षेत्रबाट बरामद गरेको छ।

प्रहरीका अनुसार सुराकी, अभिभावक एवं दुर्व्यसनीबाट पाएको सूचनाका आधारमा खैरो हेरोइन, यसका कारोबारी एवं भरियाहरू पक्राउ परे पनि दसौं गुणा बढी यसको बेचबिखन भैरहेको हुन्छ। 'सशक्त नेटवर्किङका कारण एक समूहलाई पक्राउ गर्नेबितिकै अरू सतर्क हुन्छन्,' इकाइ डिएसपी दिवशराज उदासले भने। गृहमन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार मुलुकका कुल दुर्व्यसनीमा ६० दशमलव ५ प्रतिशतले खैरो हेरोइन प्रयोग गर्छन्।

इकाइका अनुसार एक दुर्व्यसनीले दैनिक १ देखि ३ ग्रामसम्म खैरो हेरोइन सेवन गरेको देखिएको छ। अध्ययनअनुसार दुर्व्यसनीमध्ये १४ दशमलव ३ प्रतिशतले सेतो र अन्य खालका लागू पदार्थको प्रयोग गर्छन्। नेपाली बजारमा सेतो हेरोइन प्रतिग्राम २ हजार ५ सय रुपैयाँ र खैरो हेरोइन प्रतिग्राम १ हजार २ सय रुपैयाँमा बिक्री हुने गरेको छ।

तीन वर्षअघि सार्वजनिक यो तथ्यांकमा मुलुकभरिको कुल ४६ हजार ३ सय ९ दुर्व्यसनीमध्ये १७ हजार ४ सय ५८ जना उपत्यकामा छन्। यो संख्यामा हरेक वर्ष ५ देखि ७ प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ।

'यो ठूलो जमातलाई लक्षित गरेर भारतबाट दैनिक ठूलो परिमाणमा खैरो हेरोइन भित्रिने गरेको छ,' इकाइ डिएसपी उदासले भने। उनका अनुसार अध्ययनले समेत २० देखि २४ वर्ष उमेर समूहका ३१ दशमलव १ प्रतिशत युवाले खैरो हेरोइन सेवन गर्ने देखाएकाले आर्थिक एवं सामाजिक दृष्टिकोणले समेत यसको कारोबारले भयावह परिणाम ल्याउन सक्ने देखिन्छ।

गत फागुन ९ मा राजधानीमा बेच्न ल्याउने क्रममा भण्डै ७ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको ५ सय ८० ग्राम खैरो हेरोइनसहित दुई व्यक्ति पक्राउ पर्नु यसकै एक कडी भएको उनले बताए। इकाइले जाजरकोट दसेरका २९ वर्षीय मानबहादुर रावत र कीर्तिपुरका २२ वर्षीय विवेक बस्नेतलाई भारतबाट ल्याइएको खैरो हेरोइनसहित पक्राउ गरेको थियो। प्रहरीले बर्सेनि हेरोइन कारोबारमा संलग्न १४ भन्दा बढी समूहलाई पक्राउ गर्दै आएको छ।

'उनीहरू खुद्रा बिक्री गर्न लागेका बेला पक्राउ परे,' डिएसपी दिवसले भने, 'उनीहरू फन्दामा परे पनि खपतको हिसाबले समेत यसको ठूलो नेटवर्क सक्रिय देखिन्छ।' यो समग्र नेटवर्कमा भारत र तराईका जिल्ला हुँदै काठमाडौं र पोखरासम्म ठूलो संख्यामा स्वदेशी एवं विदेशी सक्रिय देखिएको उनले बताए।

डिएसपी उदासका अनुसार अभिभावकले थोरै मात्र सावधानी अपनाएर सूचना दिए यसको कारोबारलाई हदैसम्म नियन्त्रणमा लिन सकिन्छ। इकाइका अनुसार अध्ययनले समेत कुल दुर्व्यसनीमध्ये ५३ दशमलव ४ प्रतिशतले १५ देखि १९ वर्ष उमेर समूहमा पहिलो पटक र दोस्रो ठूलो समूहमा रहेका २० देखि २४ वर्ष उमेर समूहका १८ दशमलव २ प्रतिशतले पहिलो पटक लागू पदार्थको सेवन गर्छन्।

'अभिभावकले किशोर र युवा सन्तानको विश्वास जितेर प्रहरीलाई सूचना दिए पुग्छ, कारोबारी प्रहरीको कठघरामा हुन्छ,' डिएसपी उदासले भने। उनका अनुसार प्रहरीले कडाइ गरेपछि हेरोइन आपूर्ति बन्द भएपछि विकल्पका रूपमा बजारमा सजिलै उपलब्ध 'सिन्थेटिक्स ड्रग्स' दुर्व्यसनीको छनौटमा पर्छ। 'यो त खैरो हेरोइनभन्दा पनि डरलाग्दो खतरा हो,' डिएसपी उदासले भने, 'प्रहरी र नागरिक समाजको संयुक्त अभियानबाट मात्र यसको डरलाग्दो बजारलाई रोक्न सकिन्छ।'









## ● सम्पादकीय ●

# हाम्रो काठमाडौं

साठी वर्षअघि स्वीजरल्यान्डबाट घुम्न आएका टोनी हेगनले काठमाडौंलाई संसारकै सबैभन्दा सुन्दर उपत्यकाको उपमा दिँदै मानिसहरूका लागि योभन्दा उत्कृष्ट आवासीय सहर अर्को नभएको बताएका थिए । टोनी हेगनको उपमा पढेर काठमाडौं आउनेहरूले समेत काठमाडौंलाई संसारकै अद्वितीय सहर माने । यी हरफहरू अब पुस्तकमा मात्र पढ्न पाइन्छ । पछिल्लो पटक काठमाडौंले आफ्नो स्थिति निकै खस्काएको छ । विश्वप्रसिद्ध आर्थिक पत्रिका ‘द इकोनोमिस्ट’ का विज्ञहरूले संसारका १ सय ४० सहरलाई केन्द्रमा राखेर गरेको एक अध्ययन प्रतिवेदनले काठमाडौं सहरलाई मानिसको बसोबासका लागि १ सय ३३ औं स्थान दिएका छन् । काठमाडौंको यस्तो खस्किएको स्थितिका लागि अरू सहरहरूले गरेको प्रगति कारक नभएर हामी आफैंले गरेको अनियन्त्रित बसोबास, संसाधनका बाबजुद हामीले गर्न नसकेको प्रयोग र हाम्रा व्यवस्थापकीय कमजोरीहरू जिम्मेवार छन् । दक्षिण एशियामा बंगलादेशको ढाका, पाकिस्तानको लाहोर मात्र काठमाडौंभन्दा खस्किएको स्थितिमा छन् । कुनै बेला प्रकृतिकै सुन्दर सिर्जना मानिने काठमाडौं उपत्यकाका अहिले मानवीय त्रुटिका कारण कुरूप सहरमा परिणत भएको छ भने त्यसका लागि हामी नेपाली आफैं जिम्मेवार छौं भन्ने कुरासमेत उक्त सर्वेक्षणले स्पष्ट रूपमा किटान गरेको छ ।

आफ्नो राजधानी सहरलाई मानव बसोबासका दृष्टिकोणले समृद्ध बनाउनबाट हामी कहाँनिर चुक्यौं ? यो प्रश्न अब प्रत्येक नेपालीका लागि एउटा चुनौती बनेर देखा परेको छ । वि.सं.२०३६ सालसम्म समेत संसारकै उत्कृष्ट सहरहरूमध्ये एक मानिने काठमाडौंको स्थिति त्यसपछि लगातार खस्कँदै गएको हो । यसरी काठमाडौं निरन्तर पछाडि पर्दै जानुमा हाम्रा योजनाविद् तथा तिनलाई निर्देशन गर्ने राजनैतिक प्रणाली, नेतृत्वमा रहेका व्यक्तिहरू बढी जिम्मेवार देखिन्छन् । कुनै बेला टोनी हेगनले नेपालका योजनाविद्हरूलाई काठमाडौं सहरको मौलिकता बचाउनकै लागि काठमाडौंकेन्द्रित विकास योजनाहरू नबनाउन सल्लाह दिएका थिए, तर त्यस्तो सल्लाहको बेवास्ता गर्दै हाम्रा योजनाविद्हरूले काठमाडौं उपत्यकालाई महले भरिएको चाँदीको कचौरा बनाउने अभियान चलाए । परिणाम के निस्कियो भने चाँदीको कचौरा बन्ने चक्करमा हाम्रो काठमाडौं अहिले विषको कचौरामा परिणत भैसकेको छ । अझै पनि नचेत्ने हो भने अबका केही वर्षमा काठमाडौं सहरले अहिलेको हरारे (जिम्बाबेको राजधानी) को स्थान लिनेछ, जुन सहर सर्वेक्षण गरिएका १ सय ४० सहरमध्ये अन्तिम स्थानमा छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

## ● चिठीपत्र ●




### वीरवलको खिचडी

दन्त्यकथाका पात्र वीरवल बाँसका टुप्पामा भाँडो अड्याएर फेंदमा आगो बाल्थे रे अनि आगन्तुकलाई खीर पकाइरहेको विश्वास दिलाएर तड्पाइरहन्थे रे । अहिले नेपाली संविधान लेखन पनि वीरवलको खिचडी बनिरहेको छ । नयाँ संविधान लेखिने आशा देखाएर राजनैतिक दलहरू जनतालाई तड्पाउन लागिपरेका छन् । हाम्रो र राम्रो संविधान लेखिने आशामा जनता हरेक दिन बन्द, हडताल, अपहरण र चन्दा आतंक सहन बाध्य छन् तर न त वीरवलको खिचडी पाक्ने भयो न त नयाँ संविधान नै समयमा लेखिने भयो । मूल जिम्मेबारीभन्दा टाढा भागिरहेका राजनैतिक दलहरूबाट यस्तो महान् कार्यको आशा गर्नु पनि बेकार हुन थालेको छ ।

मूल कुरा त वर्तमान राजनैतिक दलहरूमा संविधान लेख्ने न त जाँगर छ न त विश्वास । त्यसैले त शान्ति सम्झौताअघि त्याग र लचकताका साथ समयमै समस्या समाधान गर्ने दलहरू आज हरेक स-साना विषयमा मेरा गोरुको बाह्रै टक्का भन्न थालेका छन् । दलहरूको अकर्मण्यता र गैरजिम्मेबारीका कारण संसद र मन्त्री पद भत्ता पचाउने र दरबार बनाउने कामको दर्बिला पर्याय बन्दै गएका छन् । संसदको अकर्मण्यताका कारण विखण्डनकारी र हतियारधारी दलहरूको बिगबिगी बढेको छ । विदेशी हस्तक्षेप र महंगीले जनता आक्रान्त छन् । उद्योग, कलकारखाना चौपट छन् । यसअघि कहिल्यै नदेखिएको मन्त्रालयको मोलमोलाई खुल्लमखुला भएको छ । संसदीय व्यवस्थाप्रति जगाइएको वितृष्णा र यस्तै घटनाका कारण जातीय पार्टीहरूको उदय भएको छ । यही अवस्था जारी रहे नेपाली संविधान लेखन पनि वीरवलको खिचडी नबन्ला भन्न सकिदैन ।

**सुवास दाहाल**

### नयाँ स्तम्भ थप्ने कि ?

साप्ताहिकमा समावेश भएका विषयवस्तुहरू धेरै राम्रा छन् । २४ पृष्ठबाट बढाएर ३२ पृष्ठमा पुऱ्याएर मूल्य १० रुपैयाँ कायम गर्नु सामान्य नै हो किनभने अहिले साप्ताहिक पूरै रंगीन भएको छ । त्यति हुँदाहुँदै पनि मलाई केही कुरा लेख्न मन लाग्यो ।

बाटो पत्ता लगाऊ, अक्षर र अंक चिन, कोठेपदजस्ता स्तम्भहरू पहिले थिए, बीचमा हराए र फेरि आए । तिनीहरूको साटो अरू स्तम्भ राखे राम्रो हुन्थ्यो । अनि यौनजिज्ञासाजस्तै स्वास्थ्य समस्यासम्बन्धी स्तम्भ सुरु गरे पक्कै पनि साप्ताहिक अझ लोकप्रिय हुनेछ ।

**उत्तम लिम्बू**

### खल्लो महसुस भयो

साप्ताहिक लोकप्रिय छ । यात्रामा अघि बढ्नु त छँदैछ, प्रकाशन प्रक्रियामा समयको अन्तरालसँगै परिमार्जित स्वाभाविक नै हो । परिवर्तनका क्रममा धेरै स्तम्भहरू हटाइएको पाइयो । थपिएका खुराकहरू पाठकले पचाउन सक्छन् कि सक्दैनन् यो त समयले नै जाहेर गर्ला र पनि साहित्य सिर्जना स्तम्भलाई स्थायी रूप दिनुपर्ने थियो सो भएन त्यसैले खल्लो महसुस भयो । साप्ताहिक आफ्नो ठाउँमा दक्ष र सक्षम भए पनि नयाा स्तम्भहरूलाई स्थान दिनुले नयाँ आयाम थपिएको भन्न सकिन्छ ।

पत्रिका लोकप्रिय भएर मात्र पनि हुँदैन र जानकारीमूलक भएर मात्र पनि पुग्दैन । चार वर्ण छत्तीस जातको फूलबारीको देशमा विभिन्न रुचिका मानिस हुन्छन्, जस्तो कि नेता वर्गका लागि राजनीति, विद्यार्थी वर्गका लागि ज्ञानकुञ्ज, खेलप्रेमीका लागि खेल संसार, साहित्यप्रेमीका लागि साहित्यिक स्तम्भ आदि । खुराकी जे जस्तो भन्दा पनि बढीभन्दा बढी गुणस्तरयि हुन्, स्वादिष्ट र मिठासपूर्ण हुन् ।स्तम्भ एक-एक गर्दै परिमार्जन गर्दै लानुपर्नेमा धेरै स्तम्भहरू फेरिंदा नयाँ शैली देखिए पनि के नदेखिए, जस्तो- के हराए जस्तो, के नभएको जस्तो महसुस भएकाले आउँदाका दिनमा सुधार गरियोस् ।

**अक्षोभ केसी, पनौती**

### खलबलिएको शान्ति सुरक्षा

देशमा एक वर्ष पनि नहुँदै सरकार परिवर्तन हुने परम्परा नेपालमा सुरु भएको छ । फोहोरी राजनैतिक खेलमा यहाँका अधिकांश नेताले गोल गरिसकेका छन् । हामीले दैनिकजसो हत्या, हिंसा, अपहरणको समाचार सुन्न र पढ्न पाइरहेका छौं । तराईमा हप्तैपिच्छे विद्रोही समूह जन्मिएका छन् र पनि सरकारले त्यसमा नियन्त्रण गर्न सकेको छैन । विद्रोह गर्न सिकाएको माउ पार्टी माओवादीले पनि आफ्नो कार्यकालमा उपलब्धिमूलक काम गर्न सकेन । खाली विवादमा मात्र मुछियो र अहिले आएर माओवादीबिनाको संयुक्त सरकारले पनि महागी उपहार दिइसकेको छ । उपत्यकामा पनि अपहरणका घटना नियन्त्रण गर्न सकेको छैन भने दार्चुलादेखि ताप्लेजुङसम्म कसरी नियन्त्रण गर्न सक्ला ? संविधान लेख्ने कुरा त टाढाको भयो । सरकारले रोजगारी सिर्जना गरिदिए आफै शान्ति सुरक्षा कायम हुन्छ । उनीहरूलाई चोरी, डकैती, अपहरण गर्ने फुर्सद नै हुँदैन । जसले गर्दा अपराधजन्य कार्यमा केही मात्रामा भए पनि नियन्त्रण हुन्छ कि ?

**टीकाराम अर्याल, स्याङ्जा**

## ● तीतो सत्य ●

- मानिसको व्यक्तित्व तिखारिन श्रम, मेहनत, लगन, उन्नति र सफलताले प्रमुख भूमिका खेल्छ ।
- सिक्ने, जान्ने र बुझ्ने प्रयत्न गरिँदैन भने अज्ञानताले भाँजो हालिरहन्छ ।
- नकारात्मक काम, व्यवहार र प्रतिक्रियाले जीवनमा नकारात्मक नै प्रभाव पार्छ ।
- हरेस नखानु, हिम्मत नहार्नु नै संघर्षशील हुनु हो ।
- उचाइमाबस्दैमा ठूलो भइँदैन, ठूलो हुँदैमा व्यक्तित्व बन्दैन ।
- मन दिन्छु भनिन्छ तर दिन सकिन्न, केवल वचन मात्र दिइन्छ ।
- भित्री गुण असल छ भने बाहिरी स्वरूप नराम्रो भएर केही फरक पर्दैन ।
- निदाएर केवल सपना देखिन्छ तर संसार देखिँदैन ।
- लेनदेनमा अविश्वास उत्पन्न भए मित्रतामा फाटो पर्छ ।

**उदीर्ण के.सी.**

- प्रेम सृष्टिको मूल प्रेरणा हो । यो हृदयको इन्द्रेणी हो । यसमा विभिन्न किसिमका अनुभूति र प्रभाव पाइन्छन् । यो हाँसो र आँसुसँग खेल्छ ।

**सन्तोष भुजेल**

*‘तीतो सत्य’ स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

## ● सहर चर्चा ●



# विश्व साइकल यात्री सौरभ

‘सबैका लागि समान शिक्षा र विश्व शान्ति’ को मुख्य उद्देश्य लिएर विश्व साइकलयात्रामा निस्किएका २१ वर्षीय सौरभ दाहाल मुम्बई पुगेका छन् । भद्रपुर, झापा घर भएका सौरभले २०५९ साल वैशाख १ गतेदेखि काँकडभित्ताबाट विश्व साइकलयात्रा सुरु गरेका हुन् । भुटान, चीन, बंगलादेश, बर्मा, थाइल्यान्ड, कम्बोडिया, पाकिस्तान, भियतनाम, इन्डोनेसिया, उज्बेकिस्तान, ताजकिस्तान, सिंगापुर, मलेसिया, जापान आदि २१ राष्ट्रसहित भारतका सिक्किम, बंगाल र बिहारको यात्रा पूरा गरिसकेका छन् । अब उनी पुना, गोवा, उडिसा, तामिलनाडु हुँदै दिल्ली जानेछन् । उनले २०२० सम्ममा १ सय ५० राष्ट्र र १ लाख ८० हजार किलोमिटर यात्रा गर्ने लक्ष्य लिएका छन् ।

नौ कक्षामा अध्ययनरत रहँदा सडकमा देखिएका गरिब बालबालिकाको दयनीय अवस्थाबाट प्रेरित भएर साइकलयात्रामा निस्किएको बताउने सौरभले भ्रमणका क्रममा प्राप्त सहयोग सुदूर पश्चिमका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी (दलित, टुहुरा र हलिया) लाई शैक्षिक सामग्री उपलब्ध गराउन खर्च गरेको बताएका छन् । सौरभले हालसम्म ५८ हजार २ सय ६३ किलोमिटर यात्रा पूरा गरिसकेका छन् ।

**वीरेन्द्र पौडेल**

## ● मोडल वाच ●



# मिस नेपाल आइकन प्रतिभा

नरदेवी, काठमाडौंमा जन्मिएकी प्रतिभा डंगोल विगत तीन वर्षदेखि मोडलिङमा सक्रिय छिन् । रहरैरहरले मोडलिङमा प्रवेश गरेकी प्रतिभा एउटा प्रतियोगितामा शीर्षक उपाधि जितेपछि यो क्षेत्रबाट टाढा जान नसक्ने भएकी छिन् । सन् २००८ मा राजधानीमा सम्पन्न ‘मिस्टर एन्ड मिस नेपाल आइकन’ मा उनले मिस नेपाल आइकनको मुकुट पहिरिएकी थिइन् । उक्त सफलतासँगै उनले छोटो समयमै प्रशस्त ख्याति आर्जन गरिन् । मिस नेपाल आइकन भैसकेपछि आधा दर्जन विज्ञापनमा मोडलिङ गरिसकेकी प्रतिभाले केही फेसन शोमा गेष्ट मोडलका रूपमा क्याटवाक पनि गरेकी छिन् । सफल मोडल बन्ने लक्ष्य लिएकी ५ फिट ४ इन्च अग्ली प्रतिभा क्याजुअल पहिरनकी पारखी हुन् । प्रतिभा फुर्सदमा गीत सुन्न तथा नृत्य गर्न रुचाउँछिन् । बीबीएस दोस्रो वर्षकी यी छात्राले पढाइकै कारण म्युजिक भिडियोका लागि समय निकाल्न सकेकी छैनन् । ब्याटमिन्टन खेल्ने, नृत्य तथा यात्रा गर्ने र साथी बनाउने कुराकी सौखिन प्रतिभाका आकर्षक तस्बिरहरू इकलेजमोडल डटकममा हेर्न सकिन्छ ।

## ● मुखाले ●

उच्चस्तरीय राजनैतिक संयन्त्रले राजनैतिक गतिरोधको अन्त्य गर्नेछ ।

**गिरिजाप्रसाद कोइराला**

हामी फेरि हतियार उठाएर जंगल जादैनौं ।

**पुष्पकमल दाहाल**

राष्ट्रिय सहमति बन्यो भने असम्भव केही पनि छैन ।

**सुशील कोइराला**

ओठे कुराले मात्र नयाा संविधान बन्दैन ।

**झलनाथ खनाल**

असहमति, घमन्ड र अडान कायम रहने हो भने संविधान बन्दैन ।

**हिमालयशमशेर जबरा**

एकातिर असफल पार्टी छन् भने अर्कातिर हिंसामा विश्वास गर्ने पार्टी छन्, यस्ता पार्टीहरूले राम्रो संविधान दिन्छन् भने कुरामा मलाई विश्वास छैन ।

**श्रीहरि अर्याल**

तीन ठूला दल संविधान निर्माणमा अल्छी भएका छन् ।

**हृदयेश त्रिपाठी**

संविधानसभाको मिति थप्न मिल्दैन ।

**केपी शर्मा ओली**

संविधानसभाको म्याद थप्ने अधिकार कसैलाई छैन ।

**शरदसिंह भण्डारी**

जेठ १४ मा संविधान नबने संविधानसभाको औचित्य समाप्त हुनेछ ।

**चित्रबहादुर केसी**

# नेपाली कलाकारकै रूपमा चिनिन चाहन्छु



मनीषा कोइराला बलिउडमा ख्याति कमाएकी नेपाली कलाकार हुन्। २२ वर्ष अघि चलचित्र 'फेरि भेटौंला'मा अभिनय गरेकी मनीषा दोस्रो पटक डा. दुर्गा पोखरेलको निर्माण एवं दीपेन्द्र के. खनालको निर्देशन रहेको 'धर्मा' चलचित्रमा अभिनय गरिरहेकी छिन्। यो चलचित्रमा उनी राजेश हमालको जोडीका रूपमा प्रस्तुत हुनेछिन्। १९९१ मा सुभास घईको 'सौदागर'मा अभिनय गरेर बलिउड प्रवेश गरेकी मनीषाका खामोसी, १९४२ : ए लभ स्टोरी, बम्बे, दिल से, अग्नि साक्षीजस्ता चलचित्र हिट भएका थिए। पहिलो नेपाली चलचित्र 'फेरि भेटौंला' को छायांकनका लागि २२ वर्ष पहिले पोखरा आएकी मनीषा दोस्रो चलचित्र धर्माको सुटिङका लागि पोखरा आउन पाउदा रमाइलो अनुभव भएको उनले सुनाइन्। केही समय बलिउडबाट हराएकी मनीषाले पछिल्लो पटक सञ्जय लीला भन्सालीको माइ फ्रेन्ड पिन्टोमा नायिका हुने अवसर पाएकी छिन्। सुटिङका क्रममा सुटिङ स्पटमै हतारमा उनीसँग पोखरा संवाददाता शिव शर्माले गरेको कुराकानी :

**यतिका वर्षपछि नेपाली चलचित्रमा अभिनय गर्ने सोच कसरी आयो ?**

यसअघि केही चलचित्रबाट अफर आएको थियो, तर मैले निर्णय लिन सकिनँ। यसपटक चलचत्रिको कथा पनि मन पऱ्यो, भूमिका पनि चित्तबुझ्दो लाग्यो। फेरि निर्मात्री डा. दुर्गा पोखरेल सँगको पारिवारिक सम्बन्धका कारण पनि यो चलचित्रमा काम गर्ने निर्णयमा पुगें।

**अब हिन्दी छाडेर नेपाली चलचित्रमा मात्र काम गर्ने हो ?**

राम्रो र आफूलाई चित्तबुझ्दो भयो भने जहाँ पनि अभिनय गर्छु। अब म चुजी भएकी छु। म सन्देशमूलक चलचित्रमा मात्र अभिनय गर्नेछु। हिन्दी र नेपाली चलचित्र समय मिलाएर खेल्छु। बलिउडमा काम गर्दागर्दै यहाँसम्म आएँ भने हिन्दी चलचित्र छाड्ने त कुरै आउँदैन।

**नेपाली चलचित्र र भारतीय चलचित्रको तुलना कसरी गर्नुहुन्छ ?**


भारतीय चलचित्र उद्योगसँग

बाँकी पृष्ठ ६ मा









# नेपाली कलाकारकै रूपमा चिनिन चाहन्छु

पृष्ठ ५ बाट जारी

नेपाली चलचित्रको तुलना गर्न मिल्दैन । नेपाली चलचित्रको आफ्नै स्थान छ, तर पनि पछिल्लो क्रममा नेपाली चलचित्र पनि सुधारको दिशातर्फ उन्मुख भएको सुनेकी छु ।

**नेपाली चलचित्रको कमजोरी के पाउनुभएको छ ?**

नेपाली चलचित्र प्राविधिक पक्षमा कमजोर छ जस्तो लाग्छ । बलिउडको कपीभन्दा पनि विषयवस्तु र आफ्नोपनमा ध्यान दिनुपर्छ । बलिउडको कपी गर्दा नेपाली चलचित्र अपाङ्गजस्तै हुन्छ ।

**नेपाली चलचित्र बनाउने योजना छैन ?**

मैले हिन्दी चलचित्र बनाएँ । अब एउटा विषयवस्तुमा नेपाली चलचित्र बनाउँ भन्ने उद्देश्य बोकेकी छु, जुन अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पनि सहभागी हुन सकोस् । कलात्मक चलचित्र निर्माण गर्ने सोचमा छु ।

**त्यो चलचित्र हामीले कहिलेसम्म हेर्न पाउँछौं ?**

अबको दुई वर्षभित्रमा बनाउने सोच छ । माइन्ड मेकअप गरिरहेकी छु । हेरौं समयले कतिसम्म साथ दिन्छ, तर बनाएरै छाड्छु ।

**निकै व्यस्त हुनुहुन्छ नि ?**

दुईवटा दक्षिण भारतीय चलचित्रमा साइन गरेर आएकी छु । अरू चलचित्रमा पनि कुरा भैरहेको छ । अब नेपालबाट गएपछि सुटिङमै व्यस्त हुनुपर्छ ।

**के तपाईंलाई बीचमा बलिउडबाट कम अफर आएको हो ?**

२० वर्ष भैसकेको छ, मैले बलिउडमा निरन्तर अभिनय गरें, तर बीचमा म चलचित्रभन्दा पनि यात्रा, आध्यात्मिक चिन्तनतर्फ लागेकीले चलचित्रतिर मात्रै समय दिन नसकेकी हुँ । वर्षमा चुज गरेर दुई तीनवटा चलचित्रमा मात्रै अभिनय गर्ने सोच बनाएकी छु। अफर नआएर होइन, अफर आएको छ ।

**बलिउडमा स्थापित हुन निकै गाह्रो भयो होला हैन ?**

जे कुरा पनि मेहनतमा भर पर्ने हो । मैले काममा लगन र मेहनत गरें । सुरुमा त गाह्रो भैहाल्छ नै, तर पनि संघर्षबाट विचलित भइन् । म १२ घण्टा काम गर्थें । बिरामी हुँदासमेत काम गर्थें, जसको प्रतिफल पनि पाएँ ।

**यतिका वर्ष पछि नेपाली चलचित्रमा अभिनय गर्दा गाह्रो भएन ?**

भाषामा अलि कठिनाइ भयो । धेरै बलिउडतिर भएकाले नेपाली डाइलग बोल्दा केही कठिनाइ देखियो ।



नेपाली गाह्रो भएको बेला अंग्रेजीमा बोल्छु । घरमा नेपाली बोलेर भाषामा सुधार ल्याइरहेकी छु ।

**अहिले नेपालको अवस्था कस्तो पाउनुभएको छ ?**

एकदम संकटपुर्ण अवस्था छ । यहाँका पार्टीहरू मिल्नुपर्छ । एउटाले अर्कोलाई दोष लगाउँदै ठीक छ पार्टीहरूलाई । पार्टीहरू एक-आपसमा नमिलेसम्म समस्या समाधान हुन गाह्रो छ ।

**तपाई नेपालमा आउँदा नेपाली र भारतमा रहँदा भारतीय कलाकार हुँ भन्नुहुन्न ?**

बलिउड प्रवेश गर्दा मलाई भारतीय कलाकार हुँ भन्नुपर्छ पनि भनियो, तर मैले त्यस्तो हो भने म काम गर्दिनँ भने । म नेपाली नै हुँ र नेपाली भएरै काम गर्छु । म त्यस्तो कदापि भन्दिनँ भनेकी पनि छैन । म जहाँ रहे पनि जहाँ गए पनि नेपाली कलाकारकै रूपमा चिनिन चाहन्छु ।

**डाक्टर हुने चाहना कसरी बदलियो ?**

नेपाली चलचित्रमा अभिनय गरेपछि दुई वर्ष काम गरेर डाक्टर पढ्छु भनेर बलिउड प्रवेश गरें, तर चलचित्रको रसले त्यो सपना पूरा भएन । अहिले यही क्षेत्रबाट चिनिएँ र यही क्षेत्रबाट सन्तुष्ट छु । डाक्टर बन्न नपाएकोमा पनि कुनै पछुतो छैन । यो क्षेत्रबाट नाम कमाएकी छु । अब मैले पैसाका लागि भनेर काम गर्नु पर्दैन ।

**अहिलेसम्म कति कमाउनुभयो ?**

नाम कमाएँ, मुम्बईमा घर बनाएँ । जीवन राम्रैसँग चलेको छ, त्यही नै हो ।

**तपाईंलाई सन्तुष्टि प्रदान गरेका चलचित्र ?**

खामोसी, दिलसे, बम्बई आदि ।

**नेपाली चलचित्र हेर्नुभएको छैन ?**

दुईवटा हेरें, क्याराभान र कुसुमे रुमाल ।

**विवाह कहिले गर्ने ?**

यस विषयमा केही नभनौं । हेरौं कहिले हुन्छ ?

**अब उमेर भएन र ?**

मैले भनें नि, यो विषयमा केही नबोलौं ।

# बढ्यो उन्माद

पृष्ठ १ बाट जारी

एक दशकअघि लुकीलुकी अश्लील चलचित्र हेर्ने नेपालीहरूका कम्प्युटरका हार्डडिक्स, मोबाइल र आइपोडको मेमोरीमा आफ्नै अनुहारका यस्ता चलचित्र प्रशस्त भेटिन थालेका छन् । लुकीलुकी यस्ता चलचित्र बनाउने र शयनकक्षमा त्यसकै सिको गर्नेहरू पनि बढ्दैछन् । यौन र विवाह भन्ने कुरा अहिलेको जोडीलाई धेरै महत्त्वको विषय रहेन । यौनसम्बन्ध लोग्ने वा स्वास्नीसँग मात्र राख्नुपर्ने नेपाली समाजको पुरातन मान्यतामा परिवर्तन आउन थालेको छ । नेपाली समाजमा पारपाचुके र पुनःविवाहले मान्यता पाउने क्रम पनि बढ्दैछ ।

कञ्चनपुरकी एक युवतीले तीन वर्षसम्म लगातार तीन जनासँग सम्बन्ध कायम गरिन् । पोखरा, काठमाडौं र धनगढीका तीन युवकसँगको सम्बन्धपछि उनले अन्ततः काठमाडौंको एक युवकसँग लगनगाँठो कसिन् । उनले विवाह गरेपछि धनगढी र पोखराका युवकले आफ्नी गर्लफ्रेन्ड भएको भन्दै बेला-बेलामा भएका शारीरिक सम्बन्धहरूका बारेमा उनका पतिलाई भने, तर उनले सहज रूपमा आफूलाई हिजो जे गरेको भए पनि श्रीमतीका रूपमा स्वीकार्य रहेको बताए । यो श्रीमतीसँग हिंड्दैमा शंका गर्ने नेपाली समाजको परिवर्तित सन्दर्भको परिचायक घटना हो । 'उसले मसँग कैयौं रात बिताएकी छे । शारीरिक सम्बन्ध कति पटक भयो भन्ने गनेर साध्य छैन, तर उसको लोग्नेलाई यसको कुनै परवाह छैन,' उनका एक पूर्व ब्वाइफ्रेन्डले बताए ।

यस्ता घटना नेपाली समाजको बदलिएको यौनजीवनका लागि अब नौला कुरा रहेनन् । प्लस टु जीवनका दुई वर्षमा ५ जना गर्लफ्रेन्डसँग सयौं पटक डेटिङ हिँडेका समीर पशुपतिदेखि नगरकोट हुँदै चोभारसम्म पुगेका छन् । समीर भन्छन्, 'आज एक जनासँग गइन्छ भोलि अर्कोसँग जानुपर्छ, के गर्ने एक जनासँगको सम्बन्ध 'लङ लास्टिङ' बनाउन सकिँदैन । उनको विचारमा पछिल्लो जेनेरेसन प्रेम र विवाहको मामिलामा फरक सोच राख्छ । उनको अनुभवमा टिनएजरहरूको सोचमा व्यापक परिवर्तन आएको छ । प्रेम र विवाहको परिभाषा बदलिएको छ । क्षणिक मनोरञ्जनका लागि प्रेम गर्नेहरू बढ्दै गएका छन् । राजधानीका प्लस टुदेखि स्नातक तहका क्याम्पसहरूसम्म यस्तै प्रेमको बोलवाला छ ।

गोदावरीमा सानो खुद्रा पसल चलाएर बसेका हरि बस्नेत प्रेम र यौनप्रति उदार बन्दै गएको नयाँ पुस्ताका बारेमा भन्छन्, 'अब एक अर्कालाई चुम्बन गर्नु, अँगालोमा कस्नु, स्पर्शमा रमाउनु नयाँ कुरा रहेन ।' उनले दैनिक ५० भन्दा बढी जोडी गोदावरी क्षेत्रका रूखहरूमा बसेर मायाप्रीति साट्ने बताउँदै भने, 'रूख र एकान्त परेका खाल्डाहरूमा चुम्बन र स्पर्शमा रमाइरहेका हुन्छन् । ६० वर्ष कटेका बस्नेतले नेपाली युवायुवतीहरूमा केही वर्षयता यस्तो खुलापन निकै बढेको बताए ।

पश्चिमा संस्कृतिप्रति आकर्षित हुँदै गएको नयाँ पुस्ता यौन स्वच्छन्दताको खोजीमा छ । यौन उत्तेजक औषधीहरू सेवन गरी मसाज सेन्टर र राजधानीका कोठीहरूमा लामो समयसम्म यौनको स्वाद लिनेहरू पनि छन् ।

धरानका विजय सातामा दुई दिन राजधानीका यौनकेन्द्रहरूमा पुग्छन्, जसमा उनी लामो समयसम्म रतिक्रीडामा रहन औषधी सेवन गर्छन् । विजय भन्छन्, 'औषधी प्रयोग गर्दा लामो समयसम्म यौनसम्पर्क गर्न सकिन्छ ।' तर यस्ता कतिपय औषधीले यौनाङ्गलाई कमजोर एवं दुव्यर्सनी बनाउने कुरातिर भने उनी पूरै अनभिज्ञ छन् । पश्चिमी यौनजीवन र अङ्ग्रेजी चलचित्रको अन्धनक्कल गर्ने दुस्साहसी युवाजमातले दीर्घकालीन परिणामलाई भन्दा क्षणिक सन्तुष्टिलाई केन्द्रमा राख्ने हुनाले पनि धेरै युवा विजयकै बाटोमा छन् ।

**यौन उदारताको परिणति**

उदार यौनजीवनले नेपाली सामाजिक जीवनका हरेक पक्षमा समस्या पनि जन्माइरहेको छ । शारीरिक सम्बन्ध भैसकेपछि कैयौं युवतीले आत्महत्याको बाटो रोजिरहेका छन् । केटाहरू पनि प्रेममा धोका खाएपछि यही बाटो पछ्याइरहेका छन् ।

असुरक्षित यौनसम्बन्धका कारण पछिल्लो समयमा गर्भ तुहाउनेहरू पनि बढ्न थालेका छन् । १४ वर्षका युवतीहरू पनि गर्भ तुहाउन आएको एक प्रसूति विशेषज्ञले बताए । उनले भने, 'यौन उदारताको परिणति हो यो ।' यसले पनि यौन उदारताले निम्त्याउने परिणामलाई देखाएको छ ।

20% Discount on MONTESSORI Training
- Montessori Training
- Primary Teacher Training
- In-charge/coordinator Training
- Child Care Training

Job Assured.
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

तु-आवश्यकता
नेपालका प्रमुख सहरहरुमा विस्तारीत Unique Office लाई कर्मचारी आवश्यकता ।
योग्यताः SLC or Above
संख्याः 8 Ladies / Gents
सुविधाः 8500 + Bonus
Unique Shine 5532447 9849195511 9803437476 नख्खु दोबाटो
Unique Relation 6637290 9841680647 9841574773 नयाँ ठिमी संखधर चोक
Note : Office Visit गर्दा Document अनिवार्य छ ।

चार्मिङ्ग स्कीन केयर एण्ड फेसियल होम With ब्युटि पार्लर
महिला तथा पुरुषहरुको लागी (चाइनिज हर्बलद्धारा)
★ अन्तराष्ट्रिय मान्यता प्राप्त उच्च स्तरीय हर्बल क्रिम तथा औषधिद्वारा फेसियल तथा उपचार
★ चाँया, डण्डिफोर, पोतो, दाग धब्बा, मखिया आदिको ग्यारेन्टीका साथ उपचार
★ अनुहारको चाउरीपना हटाउका साथै कोठी पनि निकालिन्छ ।
★ ब्युटिपार्लर सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
★ रु. २५००।- मा ब्युटिसियन तालिम दिइन्छ ।
कोरियन हेयर स्ट्रेट ग्यारेन्टीका साथ
चावहिल, गणेशस्थान जाने बाटो चारु मेडीकल भित्र अथवा तरकारी बजार सँगै
4495151, 9841914434, 9841837911

Nepal's no.1 leading & poineering pre-Gurkha Army training center
Regd.60086
SALUTE GORKHA TRAINING CENTER PVT.LTD
we are coming soon in your place
Announce New Admission for Intake 2010/11
Heartly congratulation to the following selected candidates in the British Army-2010
Mr.Rahul Pandey (Chairman) 9846219177, 9841876269
Mr.Bibek Thapa Managing Director 9846262455 9847061236
Head Office: Amarsingh Chowk-10, Pokhara / Ph.: 061-524851
Branch Office: Balaju Chakrapath-16, Kathmandu / Ph.: 01-4385975

Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिइने सामानहरू पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाडँ, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ । Exercise मेशिनहरु पनि पाईन्छ ।
If u want slim, Beauty, heighty, Smart, Active Personality Plz contact
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro
- Bc Machine
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)
Japanes Oil 499/-
सेक्स पावर Korean Spry & Je Only Rs. 2999/-
१ महिनामा 150 cm देखि 180 cm सम्म Height बढाउने योको हाईट
01-4354985 For Home Delivery
पहिले ९० के.जी. 51 cm
Handsome Up लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
चायाँ पोतोको अचुक उपचार
99% Guarented No Side Effect 100 % Natural
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
बुढौयलीपन कम गराउने गुमेको सुन्दरता फिर्ता चाउरीपना हटाई गोरो बनाउने रुप अमृत, पेटको धर्सा मेटाउने
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
Slim Hip, Thai, Stomach १ दिनमा नै ५ इन्च कम हुने
हट लाइन ९८०३८०९१८० ९८४१०३०७३४
अहिले ६६ के.जी. 35 cm (मात्र केहि दिनमा)

Welcome to Learn/ free books/cassettes N practice time
English - 2&3 months packages - special/speaking classes - Audio/Visual in British/American tone
Japanese/Chinese/French/Spanish/German/Korean/Nepali.....
IELTS/TOEFL/VISA/Job Interview pre.
Tuition All in One Master's, Bachelor's, School's N +2 package 4 children & Eng. b4 & after S.L.C
+2 Acc.@650/- (Course Complete)
Computer Basic-Advanced (well manged lab) Acc./Office/Graphic/Web/Photoshop/Hardware
अंग्रेजी जान्दै नजान्नेलाई पनि सिकाइन्छ र सबै कोर्षमा कमजोरकालागि विशेष help
OASIS Language&Computer Institute Galkopakha Thamel 4359170
MILLIEUX Begining The Best Institute Thamel 4418912

100 % रोजगार मूलक
होटल तालिम
● कुक ● वेटर ● हाउसकिपिङ्ग
अंग्रेजी/नेपाली दुवैमा थप प्राक्टिकल पाँचतारेमा अंग्रेजी भाषा निःशुल्क
७ बर्षे अनुभव ४/५ स्थानमा कार्यरत प्रशिक्षक विशेष छुट प्याकेज
KMDC
(कामना मेनपावर डेप्लमेन्ट सेन्टर प्रा.लि.
कोटेश्वर चोक, ४६०१८७८/४६००३३५

BTMS Job Assured
BTMS Training
(Business Task Management Skills)
levelwise courses
Classes are Running
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-2004747,01-4265637
E-mail: ctfnepal@gmail.com

# एसएलसीमा उत्कृष्ट अंक कसरी ल्याउने ?



फलामे ढोका मानिने एसएलसी परीक्षा नजिकिँदैछ । करिब साढे ४ लाख विद्यार्थीसहभागी हुने एसएलसी परीक्षाले जिन्दगीको गोरेटो कोर्ने काम गर्छ । १० वर्षसम्मको अध्ययन मूल्याङ्कन एसएलसीले नै गर्छ । वि.स. १९९० सालमा सुरु भएको एसएलसी परीक्षामा अहिलेसम्म धेरै उत्तारचढाव आइसकेको छ । २०६३ सालदेखि कक्षा १० वटा मात्र प्रश्न सोधिने हुँदा विद्यार्थीलाई धेरै सजिलो भएको छ । उत्कृष्ट अङ्क ल्याए अघि बढ्न सकिने हुँदा एसएलसी सबैका निम्ति महत्त्वपूर्ण छ । एसएलसीमा उत्कृष्ट अङ्क ल्याउन विभिन्न ट्युसन सेन्टर धाउने तथा अभिभावकले विद्यार्थीहरूलाई होस्टल राख्ने संख्या पनि बढ्दैछ । एसएलसीका लागि अभिभावकले विद्यार्थीलाई लाखौं खर्च गरिरहेको पाइन्छ । यद्यपि एसएलसीमा उत्कृष्ट अङ्क ल्याउन कुनै ट्युसन सेन्टर धाइरहनु पर्दैन, रातभरि पनि पढ्नुपर्दैन । यसका लागि निम्न कुरामा ध्यान दिए सफलता हासिल गर्न सकिन्छ–

### नियमित गृहकार्य र अध्ययन

नियमित गृहकार्य र अध्ययन उत्कृष्ट अङ्क ल्याउन महत्त्वपूर्ण छ । हरेक दिन शिक्षकले दिएको गृहकार्य गर्ने र नियमित अध्ययन गर्ने । अध्ययनका क्रममा आएको समस्यालाई साथी वा शिक्षकसँग छलफल गर्नुपर्छ र नियमित घरमा पढ्नुपर्छ । पढ्ने भन्दैमा रातभरि पढ्दा नकारात्मक असर पर्छ । पढेको कुरालाई राम्रोसँग बुझी आफ्नो मौलिकतामा ढाल्नुपर्छ । मौलिक उत्तर दिँदा राम्रो अङ्क आउँछ । साथै बजारमा आएका विभिन्न पुस्तक तथा पत्रपत्रिकामा आएका सामग्री पनि पढ्नुपर्छ ।

### नियमित उपस्थित तथा अनुशासन

सफलताको अर्को महत्त्वपूर्ण तत्त्व नियमित उपस्थित र अनुशासन पनि हो । हरेक दिन कक्षाकोठामा बसी अनुशासित रूपमा पढ्नाले सफलता हात पर्छ । एक दिन अनुपस्थितिका कारण धेरै दिनसम्म पढेको नबुझिने हुन्छ, जसले गर्दा उत्कृष्ट अङ्क आउँदैन ।

### समय तालिकाको प्रयोग

विद्यार्थीका निम्ति समयतालिका महत्त्वपूर्ण कुरा हो । समय विभाजन गरी सबै विषय अध्ययन गर्नाले समानुपातिक अङ्क आउँछ, जसले उत्कृष्ट नतिजा ल्याउन मद्दत गर्छ । सजिलो विषयलाई थोरै समय र गाह्रो विषयलाई धेरै समय दिनुपर्छ । समय तालिकाको उचित प्रयोग गर्दा सफलता हासिल गर्न सकिन्छ ।

### स्मरण गर्ने र लेख्ने

हरेक कुरा पढेपछि त्यसलाई केही बेर स्मरण गर्नुपर्छ । पढिसकेपछि वा राति सुत्ने बेलामा आफूले पढेका कुरालाई स्मरण गर्नुपर्छ र स्मरण गरेको कुरालाई कापीमा लेख्नुपर्छ । यसरी स्मरण गर्दा र लेख्दा परीक्षा राम्रोसँग लेख्न सकिन्छ ।

### सफा र शुद्ध उत्तरपुस्तिका

एसएलसी परीक्षामा आफ्नो उत्तरपुस्तिका सफा र शुद्ध बनाउनुपर्छ । अक्षरलाई राम्रो र आकर्षक बनाउनुपर्छ । उत्तरपुस्तिका दायाँ र बायाँ तल र माथि राम्रो एवं आकर्षक बनाउनुपर्छ । सकेसम्म केर्नु हुँदैन । महत्त्वपूर्ण कुरालाई पेन्सिलले अन्डरलाइन गर्नुपर्छ । सफा र शुद्ध उत्तरपुस्तिका भए राम्रो अङ्क ल्याउन सकिन्छ ।

# ‘टेक्स्ट बुक’ पढ्नु आवश्यक छ ?

**सागर शर्मा**

‘क्या न्याक भयो यार ! गेसपेपरबाट त ‘कोइसन’ नै परेन भन्दा पनि हुन्छ । गेसपेपर त ‘रट्टान’ नै पारेको थिएँ नि, परीक्षाचाहिं भुर भयो । यो गेसपेपरको पनि केही काम रहेनछ । ‘गेस’ गर्नै जान्ने रहेनछ । यो गेसपेपर च्यातेर फ्यालिदिऊँजस्तो रिस उठेको छ ।’ एक जना भाइलाई परीक्षा कस्तो भयो भनेर सोध्दा टेस्ट परीक्षाको पहिलो दिनमै यसो भनेको देखियो ।

वास्तवमा यो समस्या एक जनाको मात्र होइन । करिब ६० प्रतिशत विद्यार्थीको समस्या हो, जुन प्रत्येक वर्ष आइरहन्छ, विद्यार्थीहरू भने यसको समाधानतर्फ लाग्दैनन् । ‘मेरो गोरुको बाह्रै टक्का’ भनेझैं गेसपेपरमा नै भर पर्ने बानी टुटेको छैन । गेसपेपरमा लेखिएको कुरा चाहिँ आफूले जान्ने तर सोही कुराको मूल तत्व भने नजान्ने विद्यार्थीमा देखिने समस्या हो ।

एक जना बहिनी भन्दै थिइन्, ‘दुईवटा प्रश्न त गेसपेपरझैं ‘सेम’ रहेछन् । मैले पनि दह्रो लेखें, तर अरूचाहिँ देखे न सम्झेका थिए । अक्षर ठूलाठूला बनाएर गफ लगाइदिएँ मैले त ! उत्तरचाहिँ धेरै देखिन्थ्यो । राम्रोसँग नपढी ‘चेक’ गरे त राम्रै नम्बर आउँछ ।’

प्राय: विद्यार्थीको मानसिकता जति लामो उत्तर लेखियो, त्यति नै धेरै नम्बर प्राप्त गर्न सकिन्छ भन्नेछ, तर वास्तविकता त्यसो होइन । प्रश्नले जे माग्यो, त्योभन्दा बढी उत्तर दिनु आवश्यक हुँदैन । अनि अक्षर ठूलो बनाएर धेरै लेखेको देखाउन खोज्दा पनि आफ्नै प्रस्तुति नराम्रो एवं भद्दा हुनपुग्छ । अर्कातर्फ बढी लेख्दा झन् बढी त्रुटि हुनुका साथै समय पनि खेर जान्छ, फलस्वरूप: अरू प्रश्नको उत्तर लेख्न नभ्याइन सक्छ ।

वास्तवमा गेसपेपर पनि पढ्नुपर्छ, तर त्यसैमा भर पर्नुहुँदैन । प्राय:जसो गेसपेपरमा सतही कुरा लेखिएको हुन्छ । परिणामस्वरूप विद्यार्थीहरू सोही प्रश्नलाई अलिकति घुमाइएर सोधे पनि लेख्न नसक्ने हुन सक्छन्, पूरै फरक त झन् भन्नै परेन । गेसपेपरबाट पनि राम्रो ‘आइडिया’ लिएर उत्तर लेख्ने शैली बोध हुनुका साथै कस्ता मोडलका प्रश्न आउने रहेछन् भन्ने पनि थाहा हुन्छ, तर पूरै मात्रामा यसमा भर पर्दा एकातिर सतही ज्ञान मात्र प्राप्त गर्न सकिन्छ, अर्कातिर त्यसबाहेकका प्रश्नको हल गर्न कठिनाइ उत्पन्न हुन्छ ।

बर्सेनि टेस्ट परीक्षा तथा एसएलसी परीक्षा सञ्चालन हुन्छ । त्यहीअनुसार प्रत्येक वर्ष गेसपेपरमा भर परेका अत्यधिक विद्यार्थी पछि गएर पछुताउँछन् अनि भुक्तभोगी अर्थात् परीक्षा दिइसकेकालाई गेसपेपरमा भर परेर गल्ती गरेको महसुस हुन्छ, तर त्यही कुरा परीक्षाको तयारीमा बसेकालाई तीतो लाग्छ । उनीहरूलाई गेसपेपरमा भर नपर्न दिइएको सल्लाह नराम्रो लाग्छ, तर जब उनीहरू परीक्षामा सामेल हुन्छन्, अनि गेस पेपरका प्रश्नहरू परीक्षामा सोधिँदैनन्, तब बल्ल विद्यार्थीहरूलाई गल्ती गरेको महसुस हुन्छ । त्यतिबेलासम्म ढिला भैसकेको हुन्छ ।

सबै कुरामा अपवाद त देखापर्छ नै । यहाँ पनि अपवादस्वरूप कहिलेकाहीं गेसपेपरमा दिइएका थुप्रै प्रश्न परीक्षामा आउन पनि सक्छन्, तर त्यो केवल संयोग मात्र हो । यही संयोगलाई विद्यार्थीले गलत अर्थमा लिन्छन् । अनि कुनै एक वर्ष अत्यधिक प्रश्न कुनै एक प्रकाशनको गेस पेपरबाट पर्न गए अर्को वर्ष सहभागी हुने विद्यार्थीले सोही प्रकाशनको गेसपेपरलाई आत्मसात् गर्छन् । यद्यपि सधैं संयोग हुँदैन, गेसपेपरबाटै धेरै प्रश्न सोधिन्छन् भन्ने हुँदैन ।

टेस्ट परीक्षामा सामेल भएकाविद्यार्थीहरूले पक्कै पनि अनुभव प्राप्त गरे । केही विद्यार्थी माथि उल्लेखित भाइबहिनीझैं पछुताए पनि होलान्, तर अब त्यो अनुभवलाई पृष्ठपोषणका रूपमा लिनुपर्ने हुन्छ । अब नजिकिएको एसएलसी परीक्षामा सहभागी हुने विद्यार्थीले गेसपेपरमा मात्र भर पर्ने बानी त्याग्दै आफ्नो ‘टेक्स्ट बुक’ नै राम्रोसँग स्वाध्यायन गर्नु आवश्यक हुन्छ । बरु ‘टेक्स्ट बुक’लाई राम्रोसँग पढिसकेपछि परीक्षामा सोधिने प्रश्नको मोडल र उत्तर दिने तरिकाका सम्बन्धमा भने आवश्यक ज्ञान लिनु राम्रै हुन्छ ।


आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायापोतो, चारीपना हटाउने
• स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
• YOKO (Height) बढाउन
लिङ्गको लम्बाइ, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
• केश झर्न रोकी उमार्न (Oil)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Blood Circulation Machine
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha
98030-87729, 97213-19662



Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic..
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia.. Wide range of courses, Free counselling..
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)






ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं



कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशनपछिको दागहरू हटाउन
- शरीरमा आगोले पोलेर भएको समस्याको लागि
- नाक, कान, आँखासम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धी कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हातिवन, हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७



चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार ।
जाँड-रक्सी सुर्ति, चुरोट छुटाउने ब्राण्डेड ‘हर्बल चुर्ण’
• मोटोपना घटाउन/तौल बढाउन
• चाँया-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
• कपाल सम्बन्धी कस्मेटिक उपचार
"A Complete Herbal Concern"
फ्रि डेलिभरी
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 98451-59169, हेटौंडा-97450-35945



ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training सँचालन गरिदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलमरी
Tel: - 4249576



होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801



आवश्यकता





निर्यात उद्योगको लागि काँटी र क्रुसले बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समय: १०–५ बजे (शनिबार बन्द)



होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
➡ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
➡ थप Industrial Training लाई Star Hotel मा पठाइने
➡ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➡ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
➡ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

# कसरी बढाउने कम्प्युटरको गति ?

**शिव मुखिया**

सूचना प्रविधिको बढ्दो प्रयोगले हाम्रो दैनिक जीवन सहज र द्रुत भएको छ । खासगरी कम्प्युटरको प्रयोग हाम्रा निम्ति वरदान नै सावित भएको छ, तर प्रविधिको यो उच्चतम माध्यम सुस्त गतिको भएर काम गर्न अप्ठेरो त भैरहेको छैन ? यदि त्यसो हो भने चिन्ता हुनु स्वाभाविक हो । आफ्नै प्रयासले कम्प्युटरका यस्ता समस्या समाधान गर्न सकिन्छ ।



**डिक्स इरर क्लिन**

कुनै प्रोगाम क्रास वा पावर सर्टेज भए पीसी हार्ड डिक्समा इरर क्रिएट गर्न सकिन्छ । यसका लागि कम्प्युटरको हार्ड डिक्सको इरर चेक गर्नुपर्छ । डिक्स चेकिङका लागि माइ कम्प्युटरमा जानुहोस् । जुन डिक्स चेक गर्न चाहनुहुन्छ त्यसमा राइट क्लिक गर्नुहोस् र फेरि प्रोपर्टिजमा क्लिक गर्नुहोस् । प्रोपर्टिज डायलग बक्समा टुल ट्याबमा क्लिक गर्नुहोस् । इरर चेकिङ सेक्सनमा चेक नाउ बटन थिच्नुहोस् । कम्प्युटरमा इरर चेक गर्न चेक डिक्स एक्सेस गर्नुहोस् । इररअनुसार डिक्स चेकिङमा करिब एक घण्टा लाग्न सक्छ । डिक्स चेक सातामा एकपटक गर्न सकिन्छ ।

**टेम्परारी फाइल हटाउनुहोस्**

जब वेब ब्राउज गरिन्छ तब कम्प्युटरको टेम्परारी फाइल्सले काम गरिरहेको हुन्छ । यसका साथै माइक्रोसफ्ट वर्ड एवं एक्सलमा काम गरेका बेला पनि टेम्परारी फाइल्सले काम गरिरहेको हुन्छ । यसले गर्दा कम्प्युटरको स्पिडमा फरक पर्छ । यसबाट बच्न विन्डोज डिक्स क्लिनअप स्क्रिन प्रयोग गरेर पीसीको इन डेड फाइलबाट छुट्कारा पाउन सकिन्छ ।

डिक्स क्लिनअपका लागि माई कम्प्युटरमा गएर चेक डिक्समा राइट क्लिक गर्नुहोस् । प्रोपर्टिज डायलग बक्समा गएर डिक्स क्लिनअपमा क्लिक गर्नुहोस् । डिक्स क्लिनअपको प्रयोग अनावश्यक फायल हटाउन पनि प्रयोग गर्न सकिन्छ । स्क्यानपछि डिक्स क्लिनअप डायलग बक्सबाट हटाइएका फायलको लिस्ट देखिन्छ ।

**डाटा अर्गनाइज**

कम्प्युटरले खासगरी फाइल खोज्ने काममा बढी समय लगाइरहेको हुन्छ । यसका बाबजुद कम्प्युटर एक्सेस र रिट्रिबल स्पिड बढाउन फायल्सको कुनै भागमा छुट्याइन्छ, तर अपडेट गरेपछि कम्प्युटर इन फायल्सको कुनै भागमा हार्ड डिक्सले सेवा गर्न थाल्छ । यसले कम्प्युटरको स्पिड कम गरिदिन्छ, किनभने यसले हरेक फाइल अलग-अलग स्थानमा खोज्नुपर्ने हुन्छ ।

यसलाई ठीक गर्न डिक्स डिफ्रेग्मेन्टर प्रोग्राम आवश्यक हुन्छ जसले फाइललाई एकसाथ जोड्न सक्छ । यसका लागि पनि माई कम्प्युटरमा गएर चेक गर्ने फाइलमा राइट क्लिक गरेर प्रोपर्टीमा क्लिक गर्नुपर्छ ।

प्रोपर्टी डायलग बक्समा टुल्स ट्याबमा क्लिक गरी डिफ्रेग्मेन्टेसन सेक्सनमा गएर डिफ्रेग्मेन्टमा क्लिक गर्नुहोस् । डिक्स डिफ्रेग्मेन्टेर डायलग बक्समा डिक्सको सेलेक्ट गरेर एनालाइसमा फेरि क्लिक गर्नुहोस् । पीसीको एनलाइसिस गरेपछि डिक्स डिफ्रेग्मेन्टरमा एउटा सन्देश आउनेछ र त्यसले भन्नेछ– तपाईं आफ्नो कम्प्युटरलाई डिफ्रेग्मेन्ट गर्न चाहनुहुन्छ कि हुन्न ? कम्प्युटर डिफ्रेग्मेन्ट गरेपछि त्यो फायलको प्रोगाम र साइजअनुसार पुनः अर्गनाइज हुन्छ ।

**एन्टी भाइरस इन्सटल गर्नुहोस्**

भाइरस र स्पाइवेयर कम्प्युटरको सुस्त गतिका लागि जिम्मेवार हुन्छ । यसका साथै यसले डाटा र फाइललाई समेत प्रभावित गरिरहेको हुन्छ । एन्टी भाइरस वा एन्टी स्पाइवेयरलाई समय-समयमा अपडेट गरिरहनुपर्छ । यसका लागि पेड प्रोगाम जस्तै नरटन एन्टी भाइरस र ट्रेन्ड माइक्रोका अतिरिक्त इन्टरनेटबाट समेत एन्टी भाइरस तथा एन्टी स्पाइवेयर डाउनलोड गर्न सकिन्छ ।

**पेज हिस्ट्रीको काम गर्नुहोस्**

यदि इन्टरनेटको काममा समेत यस्तै समस्या छ भने वेब ब्राउजिङका लागि इन्टरनेट एक्सप्लोरर मिलाउने माइक्रोसफ्टको प्रोगाम उपलब्ध छ । आफ्नो पीसीको स्पिड बढाउन वेब पेज हिस्ट्रीको काम गर्नुपर्छ । यसका लागि इन्टरनेट एक्सप्लोररमा जानुहोस् र फेरि टुल मेनुमा गएर इन्टरनेट अप्सनमा क्लिक गर्नुहोस् । त्यसपछि हिस्ट्री सेक्सनमा गएर कति दिनको हिस्ट्री राख्न चाहनुहुन्छ टाइप गर्नुहोस् । कम्तीमा एक दिनको हिस्ट्री राख्नुहोस् ।

**माइक्रोसफ्ट अपडेटका लागि अटोमोड**

माइक्रोसफ्टले बजारमा यस्ता अपडेट ल्याइरहेको हुन्छ जसले कम्प्युटरको स्पिड बढाउन सहयोग पुऱ्याउँछन् । यसका लागि माइक्रोसफ्ट अपडेटको अटोमोड गर्नुहोस्, जसले कम्प्युटरले स्वयं नयाँ अपडेट्सको डाउलोड एवं इन्स्टल गरोस् ।

# आयो गुगल बज




गुगलले 'गुगल बज' नामक नयाँ सुविधा उपलब्ध गराएको छ । गुगलले आफ्नो लोकप्रिय इमेल सेवा जिमेलमा बज नामक नयाँ सुविधा थपेको हो । यसलाई नयाँ जमानाको सोसियल नेटवर्किङ पनि भन्न सकिन्छ ।

गुगल बज एउटा सोसियल नेटवर्किङ फिचर हो । जिमेल खोल्दा यो साथै जोडिएर आउँछ । यसका लागि कुनै नयाँ एकाउन्ट खोल्नुपर्दैन । गुगलकै माध्यमबाट यसलाई लग इन गर्न सकिन्छ । त्यसकारण हामी यसलाई अहिले प्रचलित फेसबुक वा ट्वीटरजस्तै मान्न सक्छौं । यसको माध्यमबाट प्रयोगकर्ताले आफ्नो स्ट्याटस अपडेट गर्न र गुगलका अन्य सेवासँग आफूलाई जोड्न सक्छन् । यसको प्रयोग गरी फोटो सेयरिङ गर्न साइट पिकासा तथा युट्युब, फ्लिकर तथा ट्वीटर आदि चलाउन सकिन्छ । यसका साथै गुगलको एन्ड्रोइड अपरेटिङ सिस्टम प्रयोग गर्ने स्मार्टफोन मोबाइलबाट बज चलाउन सकिन्छ ।

जिमेल र नेटवर्किङ साइट दुवै एउटै विन्डोजमा चलाउन सक्नु यसको विशेषता हो । त्यसैले जिमेल चलाउने सबैले यसलाई चलाउन सक्छन्, तर नयाँ प्रयोगकर्ताले चलाउनुपऱ्यो भने जिमेल एकाउन्ट खोल्नु आवश्यक छ । आफूसँग जिमेलमा पहिले इमेल वा च्याट गर्ने साथीहरू यसमा स्वतः समेटिन्छन् । त्यसैले नयाँ साथीको लिस्ट बनाउनु आवश्यक छैन ।

गुगलले अहिले अन्य नेटवर्किङ साइटले जस्तो अपलोड गर्दा लाग्ने लामो समय र झन्झटिलो प्रोसेसलाई हटाएको दाबी गरेको छ । रियल टाइममा नेटवर्कमा अपलोड गर्न सकिने भएकाले यसको गति तीव्र छ । त्यसैगरी केही सीमित साथीले मात्र वा जसले पनि हेर्न सक्ने गरी यसमा आफ्ना कुरा राख्न सकिन्छ । त्यसैले यसमा निजी वा सार्वजनिक दुवै प्रकारको सेयरिङ गर्न सकिन्छ ।

गुगलले अहिलेसम्म सर्च इन्जिन, जिमेल, युट्युब, ब्लग आदि सुविधा उपलब्ध गराउँदै आएको थियो । अब यसमा सोसियल नेटवर्किङ साइट समेत थपिएको छ । नेटवर्किङ साइटमा वर्चस्व राख्दै आएका फेसबुक, ट्वीटर, माइस्पेस आदिसँग गुगल बजको तीव्र प्रतिस्पर्धा हुनेछ ।

## एक्स्प्लोरर अपग्रेड गरौं

तपाईं सायद अहिले पनि माइक्रोसफ्टको इन्टरनेट एक्स्प्लोररको छैटौं संस्करण अर्थात् आईई सिक्स प्रयोग गर्दै हुनुहुन्छ होला । यदि त्यसो हो भने अब यसलाई अपग्रेड गर्ने समय आएको छ । अहिले नै माइक्रोसफ्टले आईई सिक्सलाई हटाइहालेको त छैन, तर नयाँ प्रविधि प्रयोग गरी बनाइएका वेबसाइटहरू खुल्न भने समस्या आउन थालेको छ । यसरी बनाइएका कतिपय वेबसाइटले आईई सिक्सलाई समर्थन दिन बन्द गर्न थालेका छन् । यसै कारण अब इन्टरनेट प्रयोगकर्ताहरूले एक्स्प्लोररको सातौं संस्करण प्रयोग गर्नुपर्ने भएको हो ।

यो अभियानमा गुगल पनि सामेल भएको छ । इन्टरनेट सर्च इन्जिन गुगलमार्फत धेरै कुरा खोजी गरिन्छ । यही मार्च १ तारिखदेखि यसले आईई सिक्सलाई समर्थन दिन बन्द गर्नेछ । गुगलका धेरै सेवामध्ये गुगल डक्स र गुगल साइटहरूले सबैभन्दा पहिले यो सेवा बन्द गर्नेछन् । गुगलका यी साइटहरूमा प्रयोग गरिएको कोड र प्रविधिलाई आईई सिक्सले समर्थन नगर्ने भएकाले यसो गर्नुपरेको गुगलले जनाएको छ । अब यसका लागि आईई सेवेनको प्रयोग गर्नुपर्ने भएको छ । यसबाहेक गुगलले फायरफक्स थ्री, क्रोम फोर र सफारी थ्रीलाई पनि समर्थन गर्छ ।

**• बेव वाच •**

## इन्टरनेटबाटै तालिम लिने सुविधा

हामी आफ्नो क्षमता अभिवृद्धि गर्न कुनै पनि तालिम लिन खोजिरहेका हुन्छौं तर तालिम दिने निकायहरूको अभावका कारण त्यसबाट वञ्चित भैरहेका छौं भने अब त्यस्को विकल्पस्वरूप आएको छ nepaltalim.com । भर्खरै सञ्चालमा आएको यो साइट तालिम लिन तथा दिन चाहनेहरूका लागि स्थापना भएको हो । तपाईंलाई कुनै प्रकारको तालिम लिन मन लागेको छ भने nepaltalim.com मा गएर आफ्नो नाम, ठेगाना, फोन नम्बर तथा केको तालिम लिन चाहने हो त्यसको विवरण स्पष्टसँग लेखेर सेन्ड गर्नुपर्नेछ र निश्चित समयपछि उपयुक्त स्थान छनौट गरी तपाईंका लागि तालिमको व्यवस्था मिलाइनेछ । त्यसैगरी नेपालका क्षमतावान् ट्रेनरहरूले पनि आफ्नो क्षमताको सदुपयोग यो साइटको माध्यमबाट गर्न सक्नेछन् । यसका लागि ट्रेनरहरूले आफ्नो अनुभव तथा कुन विषयमा ट्रेनिङ दिन सक्ने हो भने त्यसको विस्तृत विवरण भरेर सेन्ड गर्नुपर्नेछ । त्यसपछि साइटले सम्बन्धित विषयमा आयोजना गरेको ट्रेनिङमा यस्ता ट्रेनरहरूलाई अवसर प्रदान गर्नेछ ।

# गाउँमा कम्प्युटर सिक्ने लहर



**विप्लव भट्टराई**

इलाम– नयाँबजारकी पेमा शेर्पालाई एसएलसीपछि गाउँमै खाली समय बिताउन कठिन भएन । परीक्षा दिएर कम्प्युटर सिक्न सदरमुकाम छिर्ने योजना बनाएकी शेर्पाले गाउँमै कम्प्युटर इन्स्टिच्युट खुलेपछि यस्तो सुविधा पाएकी हुन् ।

वर्षौंअघि काठमाडौं बसाइमा कम्प्युटरको आधारभूत ज्ञान लिएर पनि गाउँ फर्कनुपर्ने भएकाले कोर्स गर्न नपाएका निर्मल निरौलालाई पनि गाउँको इन्स्टिच्युट वरदान सावित भयो । निरौला बिहानको समयमा डिप्लोमा कोर्स गर्दैछन् ।

स्थानीय अमरकल्याण मा.वि.का शिक्षक कमल गुरुङ पनि विद्यालय समयबाहेक कम्प्युटर इन्सिटच्युटमै हुन्छन् । 'विद्यालयको कामकाजकै लागि कम्प्युटरको आवश्यकता बुझे पनि यस्तो अवसर पाएको थिइनँ,' गुरुङ भन्छन्, 'अहिले गाउँमै यो अवसर आएकाले १० जना शिक्षकले नियमित कप्म्प्युटर सिक्न थालेका छौं ।'

गाउँकै व्यापारी पासाङ शेर्पा पनि हिजोआज कम्प्युटर क्लासमा भेटिन्छन् । पूर्वी नयाँबजारमा कम्प्युटर सिक्नेहरूको ताँती नै लागेको छ । 'विद्यार्थी, शिक्षक, सर्वसाधारण, व्यपारी, किसानलगयत सबै क्षेत्रका मानिस कम्प्युटर सिक्न आउँछन्,' डाइनामिक कम्प्युटर इन्सिटच्युटका प्रोपाइटर लाक्पा छिरिङ शेर्पा भन्छन् । 'सुरुमा गाउँमा इन्टिच्युट खोल्दा लगानी उठ्ने कुरामै शंका थियो,' उनले थपे, 'स्थानीय स्तरमा कम्प्युटरको चेतना यति धेरै विकास भएको रहेछ ।' १० वटा कम्प्युटर राखिएको उनको इन्टिच्युटमा बिहानदेखि रातिसम्म भीड हुन्छ ।

कम्प्युटर सिक्नैपर्ने कुरा बुझेका जोगमाईका उमेश राईलाई पनि घरको भात खाएर कम्प्युटर कोर्स गर्न पाएकोमा कम खुसी लागेको छैन । 'कम्प्युटर सिक्ने वर्षौंदेखिको चाहना हो,' उनी भन्छन् । टाढा गएर सिक्ने अवसर नपाएकाले नजिकै इन्स्टिच्युट आउनासाथ सिक्न थालेको उनी बताउँछन् । पूर्वी नयाँबजारमा केन्द्रीय प्रसारण विद्युत् लाइन पुगेपछि यो उत्साह आएको हो । मेची राजमार्गको फिक्कलबाट २० किलोमिटर उत्तरको नयाँबजार मात्र होइन, विद्युत् विस्तार भएका दुर्गम गाउँमा पनि यस्तो उत्साह देखिन थालेको छ ।

## खुमलटारमा प्राविधिक मेला

विद्यार्थीहरूमा रहेको प्रविधिको विकास गर्ने क्षमता उजागर गर्ने उद्देश्यले दुई दिन प्राविधिक मेला हुन लागेको छ । मेला यही शुक्रबार २१ र शनिबार २२ गते खुमलटारको ह्वाइटहाउस कलेजमा हुँदैछ । मेलामा सफ्टवेयर निर्माण गर्ने प्रतियोगिता पनि सम्पन्न गरिनेछ भने इन्जिनियरीङ विषयमा वक्तृत्वकला पनि आयोजना गरिने कार्यक्रम छ ।

मेलाको विशेषताका रूपमा नेपालमै पहिलो पटक विज्ञापन निर्माण प्रतियोगिता पनि समावेश गरिएको छ । रेडियो, टिभी र पत्रिकाका लागि तयार गरिने विज्ञापन प्रतियोगिताको विजयीले नेपाल भ्रमण वर्षको प्रचार सामग्री निर्माण गर्ने अवसर पाउनेछ । मेलामा कम्प्युटर गेम प्रतियोगिता, इन्टरनेट ह्याकसम्बन्धी प्रतियोगिता तथा सुडोकु प्रतियोगिता पनि समावेश गरिएका छन् ।



## सामसुङको सेट

सामसुङ ब्रान्डले धेरै फिचर समेटेर तयार गरेको मोबाइल सेट नेपाली बजारमा आएको छ । तुलनात्मक रूपमा यसमा धेरै फिचर समेटिएको छ । जिटी इजे टु-१२० मोडलको यो सेटमा इयरफोनबिना एफएम सुन्न सकिने सुविधा छ । यो सेटबाट ब्लुटुथ, भिडियो प्ले, अडियो/भिडियो रेकर्ड गर्न सकिन्छ । एफएम सुन्दै रेकर्ड गर्न सक्नु यसका थप विशेषता हुन् । यो सेटको बजार मूल्य ४ हजार ५ सय रुपैयाँ छ ।



## जी फाइभको एफ-७


आकर्षक आवरणमा जी फाइभको मोबाइल सेट नेपाली बजारमा आएको छ। यसका अधिकृत विक्रेता कल मोबिलिटीले जी फाइभ एफ-७ मोडलको मोबाइल सेट बजारमा उतारेको हो । डबल सिम राख्ने सुविधासहितको यो सेटले २ जीबीको मेमोरी कार्ड सपोर्ट गर्छ। एमपीथ्री, एमपी फोर र एफएम रेडियो पनि यो सेटका थप सुविधा हुन् । भिडियो तथा स्टिल फोटोसमेत खिच्न सकिने यो सेटको नेपाली बजार मूल्य ३ हजार ७ सय रुपैयाँ छ।

## डेलको सस्तो ल्यापटप



डेल ब्रान्डको सस्तो ल्यापटप नेपाली बजारमा भित्रिएको छ। नियोटेरिक नेपालले भित्र्याएको यो ल्यापटप तुलनात्मक रूपमा सस्तो छ। डेल इन्स्पाइरन १०११ मोडलको यो ल्यापटपको मूल्य ३५ हजार ९ सय रुपैयाँ छ। इन्टेल एटोम एन २८०, १६० गिगावाइट हार्ड डिक्ससहितको यो ल्यापटपको स्क्रिन १० दशमलव १ इन्चको छ। ब्लुटुथ, वायरलेस, १ जीबी डीडीआर २, १ दशमलव ३ मेघापिक्सल वेबक्याम्पजस्ता सुविधा यो ल्यापटपमा समावेश छ।

## पानासोनिक फोन सेट



पानासोनिकको सुविधायुक्त फोनसेट नेपाली बजारमा भित्रिएको छ। १६ वटा लाइन एक्सटेन्सन गर्न मिल्ने यो सेटका थप विशेषता डबल लाइन, डाटा पोर्ट र निजी टेलिफोन नम्बर रेकर्ड गरेर राख्न सक्नु हो। सेतो रंगमा उपलब्ध यो फोनसेट अटोमेटिक रिडायल गर्न मिल्छ। यसको बजार मूल्य १० हजार रुपैयाँ छ।

## होन्डा हार्नेट



होन्डा ब्रान्डको नयाँ मोटरसाइकल होन्डा हार्नेट नेपाली बजारमा उतारिएको छ। नेपालस्थित अधिकृत विक्रेता स्याकार कम्पनी लिमिटेडले हालै मात्र होन्डा हार्नेटलाई नेपाल भित्र्याएको हो। ५ सय ९९ सीसीको यो मोटरसाइकल हेर्दा आकर्षक मात्र होइन, उत्तिकै क्षमतावान् पनि छ।

एबीएस प्रणालीयुक्त यो मोटरसाइकलको टायर चिप्लन पाउँदैन र सडकको अवस्थाअनुसार ब्रेक लगाउँदा बढी सुरक्षित हुन्छ। ६३ दशमलव ५ एनएमको अत्यधिक मोडाइका साथै ७५ केडब्ल्युको अत्यधिक शक्ति प्रदान गर्छ। यसैगरी यसमा फ्युल इन्जेक्सन प्रणाली र होन्डा इन्टेलिजेन्ट सुरक्षा प्रणालीजस्ता सुविधा पनि छ। ४ लिटर क्षमतासहित १९ लिटरको इन्धन क्षमताको होन्डा हार्नेटले प्रतिलिटर २५ देखि ३० किलोमिटर माइलेज दिन्छ। यसको बजार मूल्य १४ लाख रुपैयाँ छ।



## अहिले मार्दिन्छु नि



नायिका रेखा थापालाई एउटै नायकको जोडी भएर धेरै चलचित्रमा काम गर्न मन लाग्दैन। त्यसैले त उनी आफ्नो जोडी फेरिरहन्छिन्। रेखाले राजेश हमाल, निखिल उप्रेती, रमित ढुंगाना, दिलीप रायमाझी आदि बलिउडका प्रायः सबै चल्तीका नायकलाई जोडी बनाइसकिन्। पर्दामा रोमान्स गर्न उमेरको 'ग्याप' धेरै भयो भने उनलाई टेन्सन हुन्छ रे। 'म त भर्खरकी कल्कलाउँदी युवतीलाई दर्शकले बढी उमेरकी भन्ठाने भने आपतै पर्छ'- रेखालाई त्यति कुराको डर रहेछ। त्यसैले होला, उनले आफ्नो होम प्रोडक्सनबाट बनाइने चलचित्रमा आइन्दा सकेसम्म नयाँ नायकलाई ब्रेक दिने काम गरिरहेकी छिन्।

सरसर्ती हेर्दा उनले आफ्नो होम प्रोडक्सन अर्थात् रेखा फिल्म्सबाट निर्माण भएका चलचित्रमा विराज र आर्यन सिग्देललाई नायक बनाइन्। बिस्तारै फेरि विराजलाई छाड्दै गइन्, आर्यनलाई भने छाडिनन्। अब 'हिफाजत'बाट उनले नै 'ब्रेक' दिएको नायक आयुष रिजालसँग जोडी बनाउन अघि बढेकी छिन्। श्याम भट्टराईको चलचित्र 'च्यालेन्ज' तथा प्रदीप श्रेष्ठको चलचित्र सडकमा आयुष र रेखाको जोडी दोहोरिँदैछ। किन अब आर्यनलाई छाडेर आयुषतिर, त्यसपछि को ? जिस्कँदै रेखालाई यति मात्र के सोधिएको थियो, उनले ठुस्कँदै भनिन्- 'नजिस्क्याउनु है, अहिले मार्दिन्छु नि।'

## ऋचाको हिरो





नेपाली चलचित्रका हर्ताकर्ता गज्जबका छन्। चलचित्र बनाउने घोषणा गर्नेबित्तिकै नायिकाको खोजी गर्न थालिहाल्छन्। चलनचल्तीका दर्जनभन्दा बढी नायिका उनीहरूको स्क्रिप्टमा सुहाउँदैनन्। सकेसम्म नयाँलाई चान्स दिन तत्पर हुन्छन्। नायिका नै निर्माता भए त्यसको ठीक उल्टो हुने गरेको छ। रेखा थापाले एकपछि अर्को नयाँ नायक खोजिन्। ऋचा घिमिरेलाई पनि चलनचल्तीका नायकहरू आफ्नो आगामी प्रोजेक्ट 'तुलसी'का लागि नयाँ नायक नै चाहिएको रहेछ।

चलनचल्तीका नायकहरूबाट निखिल उप्रेतीलाई साइन गराइसकेपछि मुख्य नायकको भूमिकाका लागि आर्यन सिग्देल, जीवन लुइँटेल, नीरज बरालजस्ता पछिल्ला पुस्ताका नायकहरूको सम्भावना थियो। अनायसै उनले ती सबैलाई पन्छाएर दुई दर्जनभन्दा बढी म्युजिक भिडियो, एक दर्जन विज्ञापनमा देखिएका युवक विमलेशलाई नायक बनाइन्। दलित परिवारकी युवती र ब्राह्मण युवकबीचको प्रेमकथामा निर्माण हुने ऋचाको उक्त चलचित्रको निर्देशन शंकर घिमिरेले गर्दैछन्।

## धीरजको बीसवर्षे यात्रा



स्टेजमा माइक समातेर गीत गाउन थालेपछि उनी कुनै टिनएजरभन्दा कम देखिँदैनन्। नेपाली सांगीतिक क्षेत्रमा माइकल ज्याक्सनको उपाधि पाएका उनी लाइभ कन्सर्टमा समेत नाच्दै गीत गाउन सिपालु छन्। उनी अर्थात् गायक धीरज राई झट्ट हेर्दा टिनएजरझैं देखिए पनि उनको सांगीतिक यात्राले भने २० वर्ष पूरा गरेको छ। ठ्याक्कै २० वर्षअघि 'प्रियसी' शीर्षकको पहिलो पप गीतिसंग्रह श्रोतामाझ ल्याएका धीरजले यो अवधिमा ११ वटा पप गीतिसंग्रह बजारमा ल्याइसकेका छन्। उनको पछिल्लो गीतिसंग्रह 'ट्वान्टी इयर्स' बजारमा आउने अन्तिम तयारीमा छ।

'पप संगीतमा बितेका १५ वर्ष' तथा 'के हो पप संगीत' शीर्षकका दुई पुस्तकसमेत सार्वजनिक गरिसकेका धीरजले पप गायक ओम विक्रम विष्टको जीवनीमा आधारित 'ओम विक्रम अ ब्रिफ हिस्ट्री अफ नेपाली पप' शीर्षकको वृत्तचित्रसमेत निर्माण गरेका छन्। अमेरिकाको कर्नेल युनिभर्सिटीमा यो वृत्तचित्रलाई पाठ्यक्रममा समावेश गरिएको धीरजको दाबी छ। पहिलो पटक आफ्नो गीतको म्युजिक भिडियो टेलिभिजनबाट प्रसारण हुँदाको क्षणलाई अविस्मरणीय मान्ने धीरज यो साता सांगीतिक कार्यक्रमका क्रममा धनकुटा पुगे र त्यहाँका दर्शक-श्रोतालाई आफ्ना लोकप्रिय गीत सुनाए। धनकुटामै रहेका *साप्ताहिक* प्रतिनिधि भिषा काफ्लेसँग उनी भन्दै थिए– '२० वर्षपहिलेको धीरज राई र अहिलेको धीरज राईमा एउटै भिन्नता छ, त्यसबेला धीरज एउटा व्यक्ति थियो, अहिले सार्वजनिक व्यक्तित्व भएको छ।'



## क्रिकेटकी गुडविल नम्रता

नायिका तथा मोडल नम्रता श्रेष्ठ 'गुडविल एम्बेसडर' अर्थात् सद्भावना राजदूत नियुक्त भएकी छिन्, त्यो पनि उनको पेसा विपरीत क्रिकेट खेलमा उनलाई उक्त कार्यभार सुम्पिएको हो। राजधानीमा गतसाता आयोजित एक पत्रकार भेटघाट कार्यक्रममा नायिका तथा मोडल श्रेष्ठलाई सद्भावना दूत तथा पूर्व मिस नेपाल मालिका सुब्बा र सभासद् गगन थापालाई समर्थकका रूपमा व्याख्या गरियो। साग्रिला क्रिकेट एकेडेमीद्वारा आगामी महिना कुरिनटारस्थित रिभरसाइड रिसोर्टमा आयोजना गर्न लागिएको 'बिच क्रिकेट फेस्टिभल'लाई नेपाल पर्यटन वर्ष २०११ को प्रचारका खातिर आयोजना गरिन लागिएको बताइयो। त्रिशूलीको किनारामा खेलिने उक्त क्रिकेट प्रतियोगितामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, व्यापारिक संस्थाहरूका अतिरिक्त अशोक शर्मा, राजेश हमाल, निखिल उप्रेती, रेखा थापा आदिका कलाकार पनि सहभागी हुने आयोजकहरूले बताएका छन्।

## महादेव ज्याक्सन



'माइकल त अंग्रेजी नाम हो, यी त महादेव ज्याक्सन पो हुन्।'- बटुवाहरू जिस्किरहेको सुनियो। हाम्रा महादेव ज्याक्सन पनि के कम ? उनी पप लिजेन्ड माइकल ज्याक्सनको रूप धारण गरेर धरहराको अघिल्तिर नाच्दै थिए। त्रिपुरेश्वर, सुन्धारा तथा न्युरोडको सडकबाटै जाम हुन थालेपछि बिचरा ट्राफिकलाई पनि महादेव ज्याक्सनका लागि नाच्ने ठाउँ बनाउँदैको फुर्सद थिएन। यी स्वदेशी माइकल ज्याक्सन नाच्न थालेपछि दर्शकहरू थपडी बजाइरहेका थिए भने गाडीमा सवार यात्रुहरू अचम्ममा पर्दै थिए। त्यस दिन हास्यकलाकारको पगरी गुथेका महादेव त्रिपाठीको एउटा बेग्लैस्वरूप राजधानीमा देखियो। आफ्नो 'आइडियल' माइकल ज्याक्सनकै नाच हेरेर नाच्न सिकेको बताउँदै महादेवले भने- 'मेरो चलचित्र जादुगरको सुरुमा म माइकल ज्याक्सन भएर नाचेको यो दृश्य पर्दामा आउनेछ। एक प्रकारले यो मेरो उहाँलाई श्रद्धाञ्जली हो।' वाह, महादेव ज्याक्सन।



## बलिउडकी हिरोइनसँग

विराज भट्टले पुर्पुरोमा लेखेरै आएका रहेछन्। संघर्ष गरे पनि त्यसको उपलब्धि पनि पाए, त्यो पनि गजबसँग। निर्माता-निर्देशकहरू उनलाई आफ्ना चलचित्रमा काम गराउन तँछाड-मछाड गरिरहेको अवस्थामा मुम्बईका व्यवसायी दीपक अधिकारीले भोजपुरी र नेपाली भाषामा निर्माण गर्ने चलचित्र 'शक्तिमान'मा विराजलाई नायक बनाए। चलचित्रमा पुजना प्रधान पनि नायिका छिन्, तर विराजकी नायिका भने बलिउडको चर्चित हास्यचलचित्र 'एक्सक्युज मी'की नायिका हुन्। उनको नाम सोनाली जोशी हो। तेलगु चलचित्रबाट बलिउड छिरेकी सोनालीले खासै चर्चा पाउन नसके पनि हाम्रा विराज भट्टकी नायिका भएपछि उनले कतै नेपाली चलचित्रमा चर्चा कमाउने हुन् कि ? जे भए पनि विराजले बलिउडकी नायिकासँग नायक भएर नाच्ने, गाउने र रोमान्स गर्ने अवसर त पाएकै हुन्।



## रमाइलो बार्टर

युगौंदेखि चलिआएको चलन विनिमय अर्थात् बार्टरलाई दिनेश डिसी र भुवन केसीले मज्जाले उपयोग गरे। पैसा देऊ सेवा लिऊ भन्ने प्रचलनभन्दा फरक ढंगबाट सेवा देऊ, सेवा नै लिऊ भन्ने अवधारणामा हालै उनीहरूले काम गरेका छन्। डिसी र केसी नेपाली चलचित्रका बाठा कलाकार हुन्। उनीहरू आ-आफ्नो काम फत्ते गराउन माहिर छन्। भुवन केसीलाई पारिश्रमिक बिना काम गराउन गाह्रै पर्ला, त्यस्तै छन् दिनेश डिसी पनि। कलाकै खेती गरेर कमाइरहेका यी दुईले हालसालै एउटा रमाइलो बार्टर गरे।

भुवन केसीले निर्माण गरिरहेको चलचित्र 'साथी म तिम्रो'का लागि उनलाई पर्दाभित्र चलचित्र निर्देशकको भूमिका निर्वाह गर्न एक चल्तीको अनुहार चाहिएको थियो। त्यसैले उनले त्यो भूमिकाका लागि डिसीलाई प्रस्ताव गरे। डिसीलाई पनि उनको निर्देशनमा टेलिभिजनको रियालिटी सो 'खोजी प्रतिभाको' का लागि एक अनुभवी र चर्चित निर्णायक चाहिएको थियो। कुरा मिल्यो, डिसीले उक्त भूमिका निर्वाह गरे र केसी पनि डिसीको रियालिटी सोको निर्णायक भए। कस्तो मज्जाको श्रम विनिमय ?

## बन्दैछ च्यालेन्ज

बेलायतमा रहेका नेपालीहरूको जीवनमा आधारित चलचित्र 'च्यालेन्ज'को छायांकन आगामी चैत महिनातिर सुरु हुने भएको छ। नायक रेश मरहट्ठाको प्रस्तुतिमा माधव ढकालले निर्माण गर्न लागेको यो चलचित्रमार्फत पपगायक नवीन के भट्टराई चलचित्र संगीतकार भएका छन्। श्याम भट्टराईले निर्देशन गर्ने चलचित्र च्यालेन्जमा रेशका अतिरिक्त रेखा थापा, आयुष रिजाल, अशोक शर्मा तथा अमेरिकाकी मिस एएनए खुश्बु न्यौपानेको मुख्य भूमिका रहनेछ।

## अमेरिकामा काठमाडौं

पछिल्लो पटक ठूलो लागतमा निर्माण भएको चलचित्र 'काठमाडौं'लाई हलिउडको चलचित्र 'द रेसलर'का निर्माताको वितरक कम्पनी ग्लोबल रिच इन्टरनेसनलले पूर्वी अमेरिकामा प्रदर्शन गर्ने अधिकार लिएको जानकारी चलचित्रका निर्देशक तथा नायक आकाश अधिकारीले दिएका छन्। १ करोड २० लाखको लगानीमा निर्माण भएको उक्त चलचित्रलाई अमेरिकाका ११ वटा सहरमा एकसाथ सार्वजनिक गरिनेछ। चलचित्रमा आकाशलगायत रेश मरहट्ठा, रिया मर्फी, गौरी मल्ल, अर्जुन श्रेष्ठ, ममता प्रधान, सुनिलदत्त पाण्डे, सुवर्ण अधिकारी आदिको अभिनय हेर्न पाइन्छ।

## पुरस्कृत भए चलचित्र पत्रकार

चलचित्र पत्रकार संघले यो वर्षको चलचित्र पत्रकारिता पुरस्कार पत्रकारहरू अन्नपूर्ण पोष्टका अनन्त वाग्ले, टेलिभिजनको चलचित्र कार्यक्रम 'उडमान्डू' का सञ्चालक सुरेशदर्पण पोखरेल तथा पोखराको रेडियो बाराहीका विष्णु सुवेदीलाई प्रदान गरेको छ। गतसाता संघले आफ्नो सातौं वार्षिकोत्सवको अवसर पारेर आयोजना गरेको एक कार्यक्रममा पत्रकारद्वय वाग्ले र पोखरेललाई दस हजार रुपैयाँ तथा सुवेदीलाई पाँच हजार रुपैयाँ नगद पुरस्कार सहित सम्मानित गरिएको थियो। कार्यक्रममा पत्रकारद्वय सविन शाक्य तथा राजेश खनाललाई चलचित्र पत्रकार सम्मान प्रदान गरिएको थियो।

## • फिल्मी खबर •

## आउँदै माया यो कस्तो माया

पछिल्लो पुस्ताका प्रेमकथामा आधारित चलचित्र 'माया यो कस्तो माया' आगामी साता सार्वजनिक हुनेछ। पोखरेली संगीतकार जीवन सुनारले निर्माण गरेको यो चलचित्रमा विभिन्न म्युजिक भिडियोमा मोडलिङ गरेका अयुव केसी, हिमाल रिजाल तथा यसै वर्ष चलचित्र 'निशाना' बाट पदार्पण भएकी नायिका स्नेहा शर्मा प्रमुख भूमिकामा देखिएका छन्। यसका अतिरिक्त चलचित्रमा सुशील पोखरेल, सुशीला निरौला, राजु अधिकारी आदि कलाकारले पनि अभिनय गरेका छन्। कृष्णमान श्रेष्ठको कथा, वासुदेव पोखरेलको छायांकन, जीवन तामाङ तथा केशव कोइरालाको नृत्य रहेको यो चलचित्रमा निर्माता स्वयंको संगीत छ। चलचित्रका निर्देशक नेत्र गुरुङ हुन्।





## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीया विवाहित युवती हुँ। मेरो विवाह भैसकेपछि हामी दुवै कामको सिलसिलामा भारत गयौं। छ महिनापछि मैले मेरा श्रीमान्को अर्की श्रीमती पनि भएको कुरा थाहा पाएँ। त्यसपछि म श्रीमान्लाई छोडेर काठमाडौं आए। काठमाडौं आएपछि मैले एउटा दोहोरी रेस्टुराँमा काम पाएँ। दोहोरी रेस्टुराँमा काम गर्दै जाँदा एउटा अर्को पुरुषप्रति आकर्षित भएँ र हामीबीच प्रेमसम्बन्ध कायम भयो। कालान्तरमा मैले मप्रति आकर्षित दोस्रो पुरुषको चरित्र थाहा पाएँ। उक्त पुरुषले पटक-पटक मजस्तै अरूसँग पनि प्रेमको नाटक गरेको रहेछ। अहिले म उसले पनि मलाई प्रेमको जालमा फसाइरहेको अनुभव गरिरहेकी छु। यस्तो स्थितिमा अहिले म आफ्नो जीवन र भविष्यका बारेमा अनिर्णित छु। कृपया मलाई सही बाटो देखाउनुहोस् ?**

**-एम.**

तपाईंको जस्तो समस्या हाम्रो समाजमा छरपस्ट छन्। हाम्रो समाजमा, सहाराको खोजीमा रहेका तपाईंजस्ता युवतीलाई आफ्नो प्रेमजालमा फसाएर बर्बाद गर्ने मानिसहरूको कुनै कमी छैन। त्यस्ता मानिसहरू सामाजिक कलंक नै हुन्छन्। तपाईं दुई-दुई पटक त्यस्ता छद्मभेषी प्रेमीको चक्करमा पर्नुभएको रहेछ। एउटासँग विवाह गरेर बर्बादीको बाटोमा अघि बढिसक्नुभएकी तपाईंले आफूलाई सुधार चाहनुभयो। सहाराको खोजीमा रहनुभएको तपाईं दोस्रो पटक पनि त्यस्तै पुरुषको चक्करमा पर्नु थप दुःखलाग्दो कुरा हो। मेरो सल्लाह मान्नुहुन्छ भने तपाईंले तत्काल दोस्रो पुरुषलाई पनि त्यागिदिनुपर्छ। आफ्ना लागि घरजम गर्न आफ्ना अभिभावक (तपाईंको पत्रबाट तपाईंको अभिभावकको स्थिति र उहाँहरूको तपाईंप्रतिको व्यवहार खुल्दैन) सँग छलफल गरेर अभिभावकहरूको सल्लाहबमोजिम अघि बढ्नुमै तपाईंको कल्याण छ। याद राख्नुहोस्, हाम्रो समाजमा तपाईंजस्ती युवतीलाई काटिएको चंगा भन्छन्, काटिएको चंगा लुट्न चाहनेहरूको कुनै कमि छैन। त्यसैले तपाईंले आफ्नो हरेक पाइला सावधानीका साथ चाल्नुपर्छ।




# नन बन्दैछिन् फ्रीडा



ओस्कार विजेता चलचित्र 'स्लमडग मिलेनियर' बाट अन्तर्राष्ट्रिय चलचित्र क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल नायिका फ्रीडा पिन्टो अब हलिउडका चलचित्रमा देखिने भएकी छिन् । चाँडै नै उनी हलिउड चलचित्र 'वार अफ गड्स' मार्फत दर्शकमाभ्क आउँदैछिन् । फ्रीडाले यो चलचित्रमा एउटी ननको भूमिका निर्वाह गर्नेछिन् । यो चलचित्र एक ग्रीक योद्धाको जीवनीमा आधारित छ । चलचित्रमा योद्धाको भूमिका हेनरी केभिलले निर्वाह गर्दैछन् । भारतीय मूलकी फ्रीडाले स्लमडग मिलेनियरमा लतिकाको भूमिका निर्वाह गरेकी थिइन् । 'वार अफ गड्स' को प्रदर्शनपछि पनि आफू हलिउडकै चलचित्रमा व्यस्त हुने फ्रीडाले बताएकी छिन् ।

# सचेतता जगाउँदै अर्जुन


मानव जीवनशैलीसित जोडिएका विभिन्न सरसामान, सेवा-सुविधाका विज्ञापनमा बलिउड स्टारहरूको उपस्थिति नौलो होइन । यसैको निरन्तरताका रूपमा अभिनेता अर्जुन रामपाल पनि एउटा विज्ञापनको मोडल भएका छन् तर अर्जुनको सहभागिता कमर्सियल नभएर सामाजिक सचेतता जगाउने मामिलामा छ । मानव बेचबिखनविरुद्धको सामाजिक सचेतता जगाउने कार्यक्रमअन्तर्गतको विज्ञापनमा अभिनेता अर्जुनले अभिनय गरेका हुन् । विज्ञापन मानव र वस्तुलाई एउटै दृष्टिकोणबाट हेर्नु गलत हो र वस्तु जस्तै मानवलाई विभिन्न प्रयोजनका लागि बिक्री गर्नु सामाजिक अपराध भएको भन्ने सचेतता जगाउने कार्यमा केन्द्रित रहेको बताइन्छ ।



# हट सिन हेर्न नपाउने



लामो समयको ग्यापपछि अभिनेता ऋतिक रोशन चलचित्र काइट्समार्फत् सिल्भर स्क्रिनमा फर्कदैछन् । उक्त चलचित्रमा ऋतिकलाई हलिउडकी बारबरा मोरीले साथ दिएकी छिन् । चलचित्रको छायांकनका समयमा ऋतिक र बारबरा नजिएको र उनीहरूबीच रोमान्स चलेको हल्ला पनि चलेको थियो । यही विषयलाई लिएर ऋतिक र उनकी पत्नी सुजानबीच केही मनमुटाव भएको कुरा पनि बाहिर आएको थियो । चलचित्र काइट्समा ऋतिक र बारबराको केही हट सिनको चर्चा पनि छ । यी सबै कारणले गर्दा काइट्सलाई भारतीय दर्शकहरू निकै उत्साहका साथ पर्खिरहेका छन् तर हिन्दी तथा अंग्रेजी दुई भर्सनमा निर्माण गरिएको यो चलचित्रको हिन्दी भर्सनबाट भने हट सिन हटाइएको बताइन्छ । तथापि भारतबाहिर रिलिज गरिने चलचित्रको अंग्रेजी भर्सनमा भने ती हट सिन यथावत् रहनेछन् । भारतीय दर्शकहरूले आफ्नो हिरोको हलिउडकी बारबरासितको हट सिन भने हेर्न नपाउने भए ।



# टुट्यो सम्बन्ध

अस्ट्रेलियाई नायिका एबी कारनिस तथा हलिउड नायक रायन फिलिपबीचको प्रेमसम्बन्ध टुक्रिएको छ । एबीले एकतर्फी रूपमा प्रेमसम्बन्ध टुक्रिएको घोषणा गरेपछि रियान पुनः एकपटक निराश भएका छन् । अनलाइन पत्रिका पिपुलका अनुसार एबीलाई केही दिनअघि मात्र लसएन्जल्सको उनीहरूको संयुक्त आवासबाट आफ्ना सामानसहित बाहिरिएको देखिएको थियो । दुवैले अलग-अलग बस्ने निर्णय गरेकाले पनि उनीहरूबीच प्रेमसम्बन्ध कायम नरहेको अनुमान गरिएको छ । 'दुवैले अलग-अलग बस्ने निर्णय गरेका छन्, नायिका एबीकी सहायकले भनिन्– 'दुवैबीच अब पहिलेको जस्तो माया-प्रीति रहेन । दुवैले पुरानो सम्बन्ध समाप्त भैसकेको स्वीकार गरेका छन् ।'

# छवि सुधार्दै केरी



लोकप्रिय पपगायिका केरी कटोनाले अब आफ्नो छवि परिवर्तन गर्ने घोषणा गरेकी छिन् । पछिल्लो समयमा उनी आफ्ना श्रीमान्संगको सम्बन्धका कारण चर्चामा आएकी थिइन् । लागूऔषध तथा अत्यधिक मदिरापानका कारण उनी आफ्ना प्रशंसकहरूकै नजरबाट गिरेकी थिइन् । पछिल्लो समयमा उनले श्रीमान् मार्कसँग सम्बन्ध-विच्छेदसमेत गरेकी थिइन् । सम्बन्ध-विच्छेदका कारण आफ्ना श्रीमान्को अन्य युवतीहरूसँगको सम्बन्ध भएको उनको दावी छ । 'श्रीमान्लाई पनि त्यागेपछि अब भने मैले आफ्नो छवि सुधार्नैपर्छ,' केरी भन्छिन्– 'गुमेको करियरलाई सुधार्न पनि मैले आफ्नो छवि सुधार्नैपर्ने भएको छ ।' लागूऔषधको सेवनबाट मुक्त भैसकेको दाबी गर्ने केरी यति बेला डेटिङका लागि एक जना प्रेमीको खोजीमा रहेको समेत बताउँछिन् ।

## बच्चन परिवारबाट
# फिल्म फेयर बहिष्कार



बलिउडमा प्रतिष्ठित मानिने फिल्म फेयर एवार्डको पछिल्लो संस्करणलाई अमिताभ बच्चन र उनको परिवारले बहिष्कार गरेको छ । केही समयअघि मात्र मन्डे मिरर नामक पत्रिकाले बच्चन परिवारकी बुहारी ऐश्वर्या राय बच्चनका सम्बन्धमा भ्रामक समाचार प्रकाशन गरेको भन्ने विषयमा सो पत्रिका र बच्चन परिवारबीच मन मुटाव बढेको थियो । पत्रिकाले ऐश्वर्यालाई पेटको टी.बी. भएको र यसका कारण उनी आमा बन्न नसक्ने समाचार प्रकाशित गरेको थियो । उक्त समाचार झूटो भएको बताउँदै यस्तो भ्रामक समाचार प्रकाशित गरेकोमा सो पत्रिकाका प्रकाशकले माफी माग्नुपर्ने कुरा बच्चन परिवारले बताएको थियो, तर पत्रिकाले त्यसका लागि माफी मागेको छैन । समाचार स्रोतका अनुसार उक्त पत्रिकाको प्रकाशन संस्था र फिल्म फेयर एवार्ड आयोजक एउटै मिडिया हाउस अर्थात् टाइम्स ग्रुपअन्तर्गत पर्ने भएकाले बच्चन परिवारले फिल्म फेयर एवार्ड बहिष्कार गरेको बताइन्छ ।

**फिल्म फेयरमा श्री इडियट्स हाबी**

फिल्म फेयर एवार्डको पछिल्लो संस्करणमा आमिर खान अभिनीत चलचित्र 'थ्री इडियट्स' ले उत्कृष्ट चलचित्र सहित उत्कृष्ट निर्देशक, सहअभिनेता, कथा र संवाद गरी सर्वाधिक पाचवटा विधामा एवार्ड प्राप्त गरेको छ । उक्त चलचित्रका लागि निर्देशक राजकुमार हिरानीले उत्कृष्ट निर्देशकको एवार्ड जितेका थिए । चलचित्र 'पा' का लागि अमिताभ बच्चनले उत्कृष्ट अभिनेताको र सोही चलचित्रका लागि विधा बालनले उत्कृष्ट अभिनेत्रीको एवार्ड जितिन् । उत्कृष्ट संगीतको एवार्ड भने चलचित्र दिल्ली सिक्सका लागि संगीतकार ए आर रहेमानले हात पारे । फिल्म फेयर एवार्डको यस पटकको संस्करणलाई अभिनेताद्वय शाहरूख खान र शैफअलि खानले संयुक्त रूपमा सञ्चालन गरेका थिए । एवार्ड समारोहलाई सलमान खान, कटरिना कैफ, करिना कपुर, दीपिका पादुकोण आदि बलिउड स्टारको पर्फर्मेन्सले थप रोमाञ्चक र दर्शनीय बनाएको थियो ।

केवल एक प्रश्न

# प्राकृतिक रूपमै महिलाको पनि दाह्री-जुँगा आउने भैदिए के गर्नुहुन्थ्यो ?

नेचुरल्ली नै आउने भएपछि त केटाहरूले आफ्ना दाह्री-जुँगालाई जे गरिरहेका छन्, म पनि त्यही गर्थें । म चाहिँ फ्रेन्च कट राख्थें ।

**प्रविशा अधिकारी (गायिका)**

डेली सेभिङ गर्थें, अझै भएन भने फेस वाक्सिङ नै गर्थें होला...खै, अरू के गर्थे र ?

**पूनम थपालिया (मिस बेस्ट स्माइल, मिस नेपाल प्रतिस्पर्धी)**

हा..हा..हा..कस्तो हाँसोउठ्दो प्रश्न ? के गर्थें होला त ? ...थ्रेडिङ गरेर उखेल्थें..डेली थ्रेडिङ गर्थें होला नि ।

**प्रभा अमात्य (कोरियोग्राफर/भिजे)**

खै के गर्थें ? यो त कल्पनाभन्दा बाहिरको कुरा भयो ? फ्रेन्चकट राख्थे कि ? छ्या, केटीमान्छेको पनि दाह्री-जुँगा भयो भने त भूतजस्तो, राक्षसजस्तो पो देखिन्छ, सुन्दरता नै हराउँछ । छ्या, यस्तो पनि प्रश्न हुन्छ ? हुनै नसक्ने कुरा !

**अञ्जु पन्त (गायिका)**

दाह्री-जुँगाको चुल्ठो बाटेर हिंड्थें । त्यसलाई कहिले रिबनले सिंगार्थें, कहिले रबरले बाँध्थे, कहिले लामो बनाएर कलर लगाउँथे । विशेषगरी तेलको विज्ञापनमा खेल्दा तेल लगाएर चिल्लो बनाउँथें...हा..हा...हा ।

**मेलिना मानन्धर (नायिका)**




## ● मेरो अनुभव ●



# किस

**अरुणिमा लम्साल (नायिका)**

माया अभिव्यक्त गर्ने माध्यम हो किस । स-साना बालबालिकालाई काखमा राखेर गालामा म्वाइँ खानु वा राम्रो कुकुर तथा खरायोको बच्चालाई म्वाइँ खानु पनि किस नै हो । आमाबुबालाई माया गर्दा गालामा म्वाइँ खानु पनि किस नै हो । अति माया लाग्दा किस गरेर माया व्यक्त गरिन्छ । प्रेमी-प्रेमिका अथवा पति-पत्नीमा पनि माया धेरै भएपछि किस गरिन्छ । त्यस्तो किस निधारमा, गालामा र ओठमा गरिन्छ । अति नै माया गरिने अवस्थामा 'टङ्गकिस' गरिन्छ । चलचित्रको विषय मायामा आधारित हुने भएकाले चलचित्रमा माया अभिव्यक्त गरेको देखाउन अचेल किससिन राख्न थालिएको छ । मैले पनि छवटाजति चलचित्रमा नायकलाई किस गरेकी छु । मानिसहरू हेर्दै नहेरी हो कि बुझ्दै नबुझी त्यसलाई 'टङ्गकिस' भन्छन् र मलाई 'किस क्विन' रे ।

टङ्गकिस मायाको गहिराइमा पुगेपछि गरिन्छ । मैले मेरो श्रीमान्सँग प्रेम गर्दा पहिलो पटक 'टङ्गकिस' गरेकी थिएँ । त्यतिबेला 'डेटिङ' भन्ने चलन थिएन । त्यसैले कि उहाँको घर नभए मेरो घरमा हामी भेट्थ्यौं । सायद उहाँकै घरमा उहाँ र मैले एकान्तमा पहिलो पटक 'टङ्गकिस' गरेका थियौं । त्यतिबेला 'टङ्गकिस' गर्न हामी दुवैले जानेनौं । अहिले त अंग्रेजी चलचित्र हेर्दा-हेर्दा टङ्गकिस गर्न जानियो । उहाँ र म टङ्गकिस गर्दा एक-अर्कामा हराउँछौं । सबैको अनुभव यो मामिलामा एकै प्रकारको हुन्छ । टङ्गकिस गर्दा कहिल्यै आँखा खोलिँदैन । यत्रो ठूलो संसारमा हामी दुई मात्र छौं कि भन्ने अनुभूति हुन्छ । मैले विवाहपछि त्यस्तो अनुभव पटक-पटक सँगालेकी छु ।



## ● तीन प्रश्न ●



PIC:RAJIV SHRESTHA

टेलिभिजन दर्शकका लागि सरिता लामिछाने परिचित मात्र होइन, लोकप्रिय नाम हो। खासगरी पारिवारिक टेलिश्रृंखलाहरूमा अभिनय गरेर उनले सबै उमेरका दर्शकको मन जितिसकेकी छिन्। प्राय: श्रीमती तथा बुहारीको भूमिका निर्वाह गर्ने भएकाले उनलाई मन पराउने दर्शकमा गृहिणीहरू अग्रपंक्तिमा छन् भन्दा फरक पर्दैन। टेलिश्रृंखलामा अभिनय गर्ने कलाकारका रूपमा मात्र उनको परिचय टुगिंदैन। थुप्रै टेलिश्रृंखलामा उनी निर्मात्रीका रूपमा पनि प्रस्तुत भैसकेकी छिन्। अभिनयका साथै भिडियो जक्कीका रूपमा समेत उत्तिकै सफल सरितालाई दर्शकले थुप्रै कार्यक्रममा भिजेका रूपमा समेत देखिसकेका छन्। तुलसी घिमिरेको टेलिश्रृंखला 'मुक्ति' बाट पाएको लोकप्रियतालाई हालसम्म पनि कायम राख्न सफल सरिताले 'परिचय', 'माइती' जस्ता टेलिश्रृंखलामा समेत प्रभावकारी भूमिका निर्वाह गरिसकेकी छिन्। 'मुक्ति' को प्रसारणलगत्तै सरितालाई झन्डै डेढ दर्जन चलचित्रमा नायिकाको भूमिका निर्वाह गर्ने प्रस्ताव आएका थिए, तर उनले भूमिका राम्रो भएकाले 'सन्तानको माया' मा मात्र अभिनय गरिन्। चलचित्र निर्देशक ऋषि लामिछानेकी जीवनसंगिनी सरिता यतिबेला मनोरञ्जनात्मक टेलिभिजन कार्यक्रम 'पर्दा' मार्फत पुन: दर्शकमाझ पुगेकी छिन्। नेपाल टेलिभिजन-टुबाट प्रत्येक शनिबार राति आठ बजे प्रसारण हुने यो कार्यक्रम नेपाली चलचित्रसँग सम्बन्धित छ। यसअघि नेपाल टेलिभिजनबाट प्रसारण भएको यो कार्यक्रम तीन साताअघिदेखि नयाँ विषयवस्तुका साथ पुन: प्रसारण हुन थालेको छ। 'पर्दा' कै सेरोफेरोमा रहेर सरितासँग *साप्ताहिक*ले सोधेको तीन प्रश्न :

**लामो समयपछि दर्शकमाझ आउँदा कस्तो लागिरहेको छ ?**

झन्डै दुई वर्षपछि दर्शकमाझ आउँदा असाध्यै खुसी लागेको छ। रिल लाइफमा धेरै पटक आमा बनेकी थिएँ, यसपटक रियल लाइफमै आमा बन्दा दुई वर्ष घरमा बस्नुपर्‍यो। अहिले आएर पुन: दर्शकमाझ आउन पाउँदा उत्साहित पनि छु।

**'पर्दा' कस्तो प्रकारको कार्यक्रम हो ?**

लामो समयपछि मलाई दर्शकमाझ पुर्‍याउने यो एउटा मनोरञ्जनात्मक कार्यक्रम हो। नेपाली चलचित्रका गतिविधिहरू समावेश गरिने यो कार्यक्रममा म भिजेका रूपमा प्रस्तुत भएकी छु।

**अब टेलिश्रृंखलामा चाहिं अभिनय नगर्ने ?**

गर्ने नि ! निकट भविष्यमै प्रसारण हुने एउटा नयाँ टेलिश्रृंखलामार्फत म पुन: दर्शकमाझ आउँदैछु। हाम्रै होम प्रोडक्सनमा तयार हुने यो श्रृंखला मैले यसअघि अभिनय गरेका टेलिश्रृंखलाभन्दा स्तरीय हुनेछ भन्ने कुरामा विश्वस्त छु।

## ● सानो पर्दा ●

### दर्शकले रुचाए खोजी प्रतिभाको

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको नयाँ रियालिटी शो 'एसियन पेन्ट्स खोजी प्रतिभाको' ले कम समयमै दर्शकको मन जितेको छ। गत माघ ५ गतेदेखि प्रत्येक मंगलबार राति ९:३० बजे प्रसारण भैरहेको यो कार्यक्रममा गीत, संगीत, नृत्य तथा अभिनय विधामा नयाँ-नयाँ प्रतिभाबीच प्रतिस्पर्धा चलिरहेको छ। कार्यक्रममा अहिले राजधानीलगायत पाँच सहरमा सम्पन्न भएको अडिसनका दृश्यहरू प्रसारण भैरहेका छन्। कार्यक्रमका निर्देशक तथा उद्घोषक दिनेश डीसीका अनुसार यसअघिको अडिसनमा छुटेका प्रतिभाहरूलाई फागुन २२ गते नेपाल टेलिभिजनमै आयोजना गरिने अन्तिम अडिसनमा सहभागी गराइनेछध। अडिसनमा सहभागिताका लागि info@pas.com.np मा इमेल गर्न सकिने कार्यक्रमका निर्देशक डीसीले बताएका छन्।

### प्रदीप पनि टेलि-निर्देशक

५० भन्दा बढी म्युजिक भिडियो निर्देशन गरिसकेका प्रदीप कसपालले अब टेलिश्रृंखलाको निर्देशन गर्ने भएका छन्। कान्तिपुर टेलिभिजनका कार्यक्रम निर्माता प्रदीपले बाल-यौनदुराचारविरुद्ध जनचेतना फैलाउन उद्देश्यले यो श्रृंखला निर्माण गर्न लागेको बताए। 'चाँडै नै छायांकन प्रारम्भ हुँदैछ,' कलाकारको छनौटमा व्यस्त प्रदिप भन्छन्– 'नयाँ विषयवस्तुमा निर्माण हुन थालेको यो श्रृंखला आगामी वैशाखको पहिलो सातादेखि नेपाल टेलिभिजनबाट प्रसारण हुनेछ।' श्रृंखलामा प्रेक्षा अधिकारीले मुख्य भूमिका निर्वाह गर्दैछिन्। प्रेक्षाले यसअघि 'कलेज' मा अभिनय गरेकी थिइन्। आरती आचार्य, शिशिर सुवेदी, सुव्रत आचार्य आदि कलाकारले पनि श्रृंखलामा अभिनय गरिरहेका छन्। २६ भाग लामो यो श्रृंखलाको शीर्षक भने राख्न बाँकी नै छ।



### कहिले होला ? मा नयाँ कलाकार

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको रियालिटी शो 'खोजी प्रतिभाको' मा सहभागी भएका पोखराका दुई जना कलाकार युवराज भण्डारी तथा राजेन्द्रले दिनेश डिसीको निर्देशनमा तयार भएको हास्यटेलिश्रृंखला 'कहिले होला' मा विशेष भूमिका निर्वाह गर्दैछन्। पश्चिमाञ्चल क्षेत्रमा पोखरेली माग्नेबूढा तथा धुर्मुसका रूपमा लोकप्रिय यी दुई कलाकारले दर्जनौं महोत्सवमा प्रहसनमार्फत दर्शकलाई हँसाइसकेका छन्। टेलिश्रृंखलाको आगामी भागदेखि उनीहरूले माग्नेबूढा र धुमुर्सकै अभिनय गरेर दर्शकलाई हँसाउनेछन्। श्रृंखलामा पुरन थापा, रमेश केसी मट्टारे, उत्तम केसी, संगीता मोत्त्कान, माधव पण्डित आदि कलाकारले पनि अभिनय गरिरहेका छन्। यो श्रृंखला प्रत्येक मंगलबार राति ७:३० बजे प्रसारण हुन्छ।

### पर्दाको प्रसारण प्रारम्भ

चलचित्रका गतिविधिहरूको जानकारी दिने मनोरञ्जनात्मक कार्यक्रम 'पर्दा' को प्रसारण पुन: प्रारम्भ भएको छ। यसअघि नेपाल टेलिभिजनबाट प्रसारण भएको यो कार्यक्रम अहिले नेटिभी-२ बाट पुन: प्रसारण हुन थालेको हो। कार्यक्रम प्रत्येक शनिबार राति आठ बजे प्रसारण हुन्छ। सरिता लामिछाने यो कार्यक्रमकी प्रस्तोता तथा निर्देशक हुन्।

### प्रयास पनि टेलिश्रृंखला

कलाकार राज मानन्धरले एउटा नयाँ टेलिश्रृंखला निर्माण गर्न थालेका छन्। बल्खु, काठमाडौंमा प्रयास संगीत कला केन्द्र सञ्चालन गरिरहेका कलाकार मानन्धरले निर्देशन गर्न थालेको नयाँ टेलिश्रृंखलाको शीर्षक 'प्रयास' राखिएको छ। यो श्रृंखलामा पारिवारिक तथा हास्य विषयलाई मिश्रण गरिएको मानन्धरले बताएका छन्। श्रृंखलाका अधिकांश कलाकार नयाँ छन्।

### बन्द भयो छोटे डन




तराई टेलिभिजनबाट प्रसारण भैरहेको हास्य कार्यक्रम 'छोटे डन' को प्रसारण बन्द भएको छ। हास्यश्रृंखला 'मेरी बास्सै' मा बान्द्रेको भूमिका निर्वाह गरेर लोकप्रिय भएका कलाकार सुरज चापागाईं यो कार्यक्रममार्फत छोटे डन बनेका थिए। सुरज भन्छन्– 'अन्य कार्यक्रमलाई बढि समय दिनुपर्ने भएकाले छोटे डनलाई समय दिनै भ्याइएन।'

## ● विदेशबाट ●

### भोलि छानिँदै छिन् राहुलकी दुलही




लोकप्रिय रियालिटी शो 'राहुल दुल्हनियाँ ले जायेगा' को अन्तिम श्रृंखला भोलि शनिबार प्रसारण हुँदैछ। एनडीटिभी इम्जायजिनबाट प्रसारण भैरहेको यो कार्यक्रमको भोलिको ग्रान्ड फिनाले अत्यन्त रोचक हुने बताइन्छ। राहुल महाजनकी श्रीमती बन्ने अवसरका रूपमा तयार पारिएको यो रियालिटी शोको अन्तिम चरणका लागि निकुञ्ज मल्लिक, हरप्रित छाबरा तथा डिम्पी गांगुलीबीच कडा प्रतिस्पर्धा हुँदैछ।

यी तीन जनाबीच राहुलकी दुलही बन्न तँछाड-मछाड भैरहेको छ। कार्यक्रम प्रसारण हुनुभन्दा अघि कार्यक्रम युनिटबाट आएको खबरअनुसार निकुञ्ज मल्लिक राहुलकी श्रीमती बन्ने सम्भावना अत्यधिक छ। कार्यक्रमको प्रसारण प्रारम्भ हुनुअघिदेखि नै निकुञ्जले राहुललाई मन पराउने भएकाले पनि यो अनुमान गरिएको हो। २५ वर्षीया निकुञ्ज फरीदाबादमा ज्वेलरी डिजाइनरका रूपमा कार्यरत छिन्। उनी कवयित्री पनि हुन्।



## जम्का भेट

धुर्मुस र सुन्तली दैलेख पुगेर फर्किएका छन्। हास्यश्रृंखलामा दैलेखका विभिन्न स्थानलाई हास्यशैलीमै चिनाउँदै उनीहरू राउटे बस्तीसम्म पुगेका थिए। राउटे जस्तै वेशभूषामा देखिएका उनीहरूलाई छायाकंनका क्रममा राउटेले १० हजार नगद दिए मात्र छायांकन गर्न दिने शर्त राखेका थिए, तर पछि राउटेमध्येकै एकले हामीजस्तै रहेछ, अलिकम लिएर छोडौं भनेपछि उनीहरूले छायाकंनको अनुमति पाए। दैलेख र राउटे बस्तीमा केन्द्रित रहेर धुर्मुस अर्थात् सिताराम कट्टेलसँग साप्ताहिकका विदुर खतिवडाको जम्काभेट:

**धुर्मुस पनि राउटेकै सन्तान हो कि क्या हो ?**

धुर्मुस राउटेभन्दा पनि ख्याउटे हो, तर वास्तविक कुरा राउटे र हामी दुवै मानिस हौं। जंगलमा फिरन्ता भएर हिँड्ने भएकाले उनीहरूलाई राउटे भनियो होला, हाम्रो समाजमा पनि थुप्रै मानिस फिरन्ता भएर हिँडेका छन्। हामी पनि फिरन्ता भएर नै दैलेख पुगेका हौं।

**राउटे खोज्न दैलेख किन पुग्नुभयो ?**

राउटे खोज्नभन्दा पनि सुटिङका सिलसिलामा केही फरकपन दिऊँ भनेर त्यहाँ पुगिएको हो। यही नेपाली समाज हो, जहाँ केही मानिस पजेरो-प्राडो चढेर महलमा बस्छन् भने जंगली युग झल्काउने फिरन्ता राउटे जाति पनि छ। खोलाको किनार र जंगलमा बस्ने यो जाति शरीर ढाक्ने वस्त्र लगाउँदैन तथा जुत्ता-चप्पल पनि नलगाई हिँड्छ। त्यसकारण राउटे र महलमा बस्ने कारमा हिँड्नेबीचको फरक देखाउन पनि यो विषय रोजिएको हो।

**राउटे र धुर्मुसको गेटअप त उस्तै देखियो नि ?**

गेटअप त उस्तैजस्तो देखिन्छ, मैले लगाउने लुगाको शैली ग्रामीण भेगका प्राय नागरिकसँग मिल्छ, राउटेले त मैले जस्तो हाफपाइन्ट र सर्ट पनि लगाउँदैनन्। सुटिङका क्रममा रमाइलो घटना, धुर्मुसको गेटअपमा मैले अभिनय गर्दासम्म उनीहरूलाई सुटिङ गरेको थाहा थिएन। ५-६ घण्टा हिँडेर हामी राउटे बस्तीमा पुगेका थियौं, तर त्यहाँ पुगेर तस्बिर खिच्नासाथ एउटा राउटेले ५ हजार मागिहाल्यो। त्यसपछि योजनाअनुसार तयार पारिएको संवादमा खिच्ने हाम्रो प्लान तत्कालै बदल्नुपर्‍यो। उनीहरूसँग गफ गरेको शैलीमा लुकेर छायांकन गर्‍यौं। उस्तै लुगा लगाएका हामी र उनीहरूबीचमा गफ चल्दै जाँदा मैले उनीहरूलाई केही कपडा ल्याइदिएको बताएँ, त्यही बेला कुनै राउटेले आफैं थाङ्ने छ, यसले कहाँबाट लुगा दिन्छ भन्यो।

**दैलेखका सबै कुरा चिनाइरहनुभएको छ, किन नि ?**

महोत्सवका क्रममा हामी विभिन्न जिल्ला पुग्यौं, तर दैलेखमा थुप्रै अलौकिक स्थान रहेछन, त्यसकारण पनि दैलेखका थुप्रै धार्मिक तथा ऐतिहासिक महत्त्वका स्थानबारे सर्वसाधारणलाई परिचित गराउने योजना बन्यो। त्यहाँ पाण्डवहरूले एकै रातमा तयार पारेको पञ्चदेवल, प्रत्येक मन्दिरमा परापूर्वकालदेखि निरन्तर बलिरहेको आगो, मुसलधारे पानी आए पनि निरन्तर निस्कने ग्याँसको भुल्को, खोलालगायत विभिन्न स्थानमा निस्कने ग्याँसले आगो बल्ने, विभिन्न थर वा जातिको उद्गमस्थल भएकाले दैलेख अलौकिक लाग्यो। कट्टेलको कट्टी, दुलालको दुल्लु, पराजुलीको प्रजाजस्ता उद्गम थलो रहेछन्। नेपालको पहिलो भाषा लिपि भएको स्थान रहेछ। विशेष गरी ग्याँसको खानी भएकाले र त्यो स्थानबारे पहिले नै अध्ययन गरिए पनि महत्त्व नदिएको थाहा पाएपछि त्यसैलाई विषयवस्तु बनाएका हौं।

**धुर्मुस देश दौडाहामा निस्किएको हो ?**

दैलेखको सन्दर्भका लागि त्यो पनि मिलेको छ। यति धेरै सम्पदा र खानी भएको दैलेखलाई चिनाउने क्रममा धुर्मुस दौडाहामा निस्किएको जस्तो लाग्यो भने कुरा ठीकै हो। मैले त्यहाँको जानकारी पाएपछि दैलेखको विषयवस्तुमा कथावस्तु तयार पारेर छायांकन गर्ने भनेर आयोजकलाई प्रस्ताव राखेको थिएँ, तर उहाँहरूले सबैलाई बोलाएर छायांकन गर्न धेरै बजेट छैन भन्नुभयो, त्यसपछि हामीले सानो युनिट लगेर खिच्यौं, दिलबहादुर शाही, स्थानीय विकास अधिकारीले अभिनय गर्नुभएको छ, फिरन्ता राउटे जातिलाई पहिलो पटक टेलिभिजनमा अभियन गरायौं, राउटेका मुखियाले नै धुर्मुससँग प्रत्यक्ष संवाद गरेका छन्।

● चलचित्र ●

# अतिथि तुम कब जाओगे ?




बलिउडमा यो साता एकै पटक पाँचवटा नयाँ चलचित्र प्रदर्शन हुँदैछन् । आज शुक्रबारदेखि प्रदर्शनमा आउने यी चलचित्रमध्ये हास्यप्रधान चलचित्र 'अतिथि तुम कब जाओगे ?' दर्शकले रुचाउने सम्भावना छ । अमिता पाठकले निर्माण गरेको यो चलचित्रको निर्देशन अश्विनी धीरले गरेका हुन् । राष्ट्रिय पुरस्कारप्राप्त कलाकारहरू अजय देवगण, कोंकणा सेन शर्मा तथा परेश रावलले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रका अभिनेता अजय देवगणका अनुसार यो चलचित्रमा सन् ७०-८० को दशकमा निर्माण भएका हास्यप्रधान चलचित्रको झल्को पाउन सकिन्छ । चलचित्रको पटकथालाई नै पुराना हिन्दी चलचित्रको स्वरूप प्रदान गरिएको छ । चलचित्रमा परिस्थितिअनुरूपको हास्यदृश्य समावेश छ । चलचित्रको कथा अनुसार पुनीत (अजय देवगण) तथा मुनमुन (कोंकणा सेन शर्मा) विवाहित जोडी हुन् । उनीहरू मुम्बईमा सुखद जीवन बाँचिरहेका छन् । उनीहरूको जीवनमा त्यसबेला भुइँचालो जान्छ जब उनीहरूका टाढाका नातेदार चाचाजी (परेश रावल) उनीहरूको घरमा पूर्वजानकारी बिना नै आइपुग्छन् । गाउँमा बसोबास गर्ने चाचाजी शहरी रहनसहनका सम्बन्धमा जानकार हुँदैनन् । पाहुना कम दिनका लागि मात्र राम्रा लाग्छन्, तर यी पाहुना त्यस्ता छन् जो गाउँ फर्कने नाम लिँदैनन् । उनलाई आफ्नो घरबाट निकाल्न पुनीत र मुनमुनले धेरै उपाय अपनाउँछन् जसबाट थुप्रै प्रकारका हास्यास्पद परिस्थिति सिर्जना हुन्छन् ।

# आफ्नो मान्छे आफ्नै हुन्छ

ऋषि लामिछानेको निर्देशनमा तयार भएको चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ । काठमाडौंबाहिरका सिनेमाहलहरूमा प्रदर्शन हुन लागेको यो चलचित्रका प्रस्तुतकर्ता मुनाल घिमिरे हुन् । प्रकाश घिमिरे तथा लक्ष्मण पौडेलले निर्माण गरेको यो चलचित्रमा विराज भट्ट, रेखा थापा, मुकेश ढकाल, अरुणिमा लम्साल, दिनेश डीसी, रवि गिरी, देशभक्त खनाल, राजकुमार थापा, ईशान राउत (बालकलाकार) आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रमा मानिस-मानिसबीचको सम्बन्धलाई चित्रण गरिएको छ । आफ्नो मान्छे रगतको नाताले मात्र आफ्नो हुँदैन र मनले मात्र पनि आफ्नो हुन सक्दैन । संसारलाई आफ्नो सम्फेर हेरियो भने सबैतिर आफ्नाहरू मात्र फेला पर्छन्, तर पराई नजरले हेर्‍यो भने सबै पराई नै हुन्छन् । मनको नाता मनले चिन्छ, आफ्नो मान्छे आफ्नै हुन्छ– चलचित्रको मूल आशय यही हो । वसन्त श्रेष्ठको नृत्य निर्देशन रहेको यो चलचित्रमा महेश खड्काको संगीत छ । राजेशपायल राई, प्रमोद खरेल, अञ्जना गुरुङ, दुर्गा खरेल आदि गायक-गायिकाको स्वर समावेश गरिएको यो चलचित्रमा पाँचवटा गीत छन् । रोशन श्रेष्ठको द्वन्द्व, पुरुषोत्तम प्रधानको छायांकन रहेको यो चलचित्रका लेखक विकास आचार्य हुन् ।



# एलिस इन वन्डरल्यान्ड




हलिउडमा आज शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र 'एलिस इन वन्डरल्यान्ड' लाई साइन्स फिक्सन तथा फेन्टासी श्रेणीमा राखिएको छ । १ घण्टा ४९ मिनेट लामो यो चलचित्रको निर्देशन टिम बर्टनले गरेका छन् । जो रुथ, रिचार्ड डि जेनुक तथा जेनिफर तोडले निर्माण गरेको यो चलचित्रमा हेलेना बोन्हाम कार्टर, मिया वासिकोस्का, माट लुकास, जेन्नी डिप, स्टेफेन फ्राई आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । वाल्ट डिज्नी पिक्चर्सले विश्वव्यापी वितरण गर्न लागेको यो चलचित्रको छायांकन बेलायतको लन्डन तथा अमेरिकाको लस एञ्जलसमा गरिएको छ । चलचित्रमा १९ वर्षीया युवती एलिसको रोमाञ्चक यात्रालाई चित्रण गरिएको छ । एउटा अनौठो संसारको यात्रामा निस्किएकी एलिसको एउटी सानी बालिकासँग जम्का भेट हुन्छ । त्यसपछि उनले आफ्ना बाल्यकालका मिल्ने साथीहरूसँग भेट गर्छिन् । यात्राका क्रममा उनले अनुभव गरेका रोमाञ्चक क्षणहरूले चलचित्रलाई बालबालिकाको प्रिय बनाउने सम्भावना छ । केही डरलाग्दा दृश्य समावेश गरिएकाले बालबालिकाहरूले भने यो चलचित्र आफ्ना अभिभावकसँग बसेर मात्र हेर्न सक्नेछन् ।

# युएईमा मगर दिवस



**खेमनाथ पौडेल**

युएई– मगर समाज युएईले गत शुक्रबार फागुन १४ गते विविध सांस्कृतिक कार्यक्रमसहित १ सय ३३ औं सहिद लखन थापा दिवस तथा २७ औं मगर दिवस मनाएको छ । मगरहरूको संस्कृति झल्कने पहिरनका साथै मगर भाषामै उपस्थित सबैलाई स्थानिय कलाकारहरूले स्वागत गरेका थिए । घाटु नाचका साथ प्रारम्भ भएको सांस्कृतिक कार्यक्रममा स्थानीय कलाकारहरूले बेजोड प्रस्तुति दिएका थिए ।

निशान थापामगरले 'मायाँ नै मायाँ छ तिम्रो नाउँमा' गीतमा नृत्य प्रस्तुत गरेका थिए भने सम्फना वाइबाले माइतीघरको झल्को मेटाएकी थिइन् । पुर्वेली मगरहरूको प्रख्यात नाच 'समर बरौला' बोलमा विश्वसुरली मगरले नृत्य प्रस्तुत गरेका थिए भने विनिता लामाले 'लाइदेऊ लाइदेऊ मायाँ लाइदेऊ' रिमिक्स गीतमा दर्शकहरूलाई पनि नचाउँदै नृत्य प्रस्तुत गरिन् । भुवन थापा मगरले लै लै ले ले ........ गीतमा नृत्य गर्दा दर्शकहरूले गाउँदै उनलाई साथ दिएका थिए ।

उषा थापा मगरले 'मनकी चरी उडी उडी' गितमा नृत्य गर्दै मनकी चरीलाई उडाउँदै थिइन् । भूपजित बुर्जामगर र उनका साथीहरूले जँड्याहा र भट्टीपसलेकी कान्छीको प्रहसन प्रस्तुत गर्दा दर्शकहरूको हाँसोले हल गुञ्जायमान भएको थियो । दीपिका अर्थात् दीपक गुरुङले 'कहाँ भेटिएला' गीतमा नृत्य गरेर दर्शकहरूको वाही-वाही बटुलेकी थिइन् । 'गोठालो जाँदा लाएको माया' ट्र्याकमा रेखा घिमिरेको सुरिलो आवाजले हल गुञ्जायमान भएको थियो । हर्क थापाले 'फनफनी घुम्दै नाचौं हामी' गीतमा आफू पनि नाच्दै दर्शकहरूलाई नचाए ।

मगरहरूको प्रख्यात सालैजो भाकाको गीतमा सीता, कृष्ण, दीपक, टीकाराम र गंगाले नृत्य प्रस्तुत गरे भने मगर समुदायमा लोकप्रिय कौरा अर्थात् चुड्का नाच डम्फुको तालमा प्रत्यक्ष प्रस्तुत हुँदा उपस्थित नेपालीहरू एकै क्षण भए पनि गाउँघरमा पुगेका थिए । किरण भट्टराईले 'देश छोडी विदेश आईयो, राम जाने' आफ्नै एल्बमको गीत गाउँदा दर्शकहरू स्टेजमै पुगी नाचिरहेका देखिन्थे ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राइभेट Test/SLC-2067

विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरु सहभागी गराँउदै पास गराउन सफल ।

कक्षा ८ पास गरी विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो । सिट सिमित । माध्यम- अंग्रेजी, नेपाली दुवै । समय- बिहानी, दिवा, रात्री ।

६ महिना मै +2

Arts Commerce Science

तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)

अन्तिम भर्ना !!

कक्षा ७,८,९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।

अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रू, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.

डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665

ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400
9851021071
चाबहिल: 4460091, 2290690
नयाँ बानेश्वर: 4484634, 2160822
पोखरा: 9846147694



साप्ताहिक
सर्वाधिक बिक्री हुने
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजीव श्रेष्ठ/मेरोवेबसाइट्स डटकम



# सम्झना बुढाथोकी

नेपाली टेलिभिजन च्यानलबाट प्रसारण भैरहेका लोकदोहोरी गीतका म्युजिक भिडियोहरू दर्शकको रोजाइमा पर्नुमा सम्झनाको आकर्षक तथा कामुक नृत्य पनि एक हो भन्दा फरक पर्दैन । लोकदोहोरी, आधुनिक तथा पप गरी झण्डै सयभन्दा बढी म्युजिक भिडियोमा नृत्य गरिसकेकी बालुवाटार, काठमाडौंकी स्थायी बासिन्दा सम्झना पछिल्लो समयमा नृत्यपरक म्युजिक भिडियोकी अनिवार्य आवश्यकता बनेकी छिन् ।

झण्डै एक दशक भयो सम्झनाले कम्मर मर्काउन थालेको । यसक्रममा उनी एक दर्जनभन्दा बढी पटक नृत्य प्रदर्शन गर्नका लागि विदेश पुगेकी छिन् ।

नेपालमा थुप्रै रंगमञ्चमा नृत्य प्रस्तुत गरिसकेकी सम्झना भन्छिन्– 'नृत्य मेरो नसा-नसामा छ, म नृत्यबिना बाँच्नै सक्दिनँ ।' सम्झनाको नसा-नसामा नृत्य त छँदैछ, उनको नृत्यमा समेत नशालुपन झल्किन्छ । अधिकांश दर्शकले कामुक मान्ने आफ्नो नृत्यलाई सम्झना कलात्मक भन्न रुचाउँछिन् । 'कामुक भन्ने बित्तिकै अश्लील भन्ने बुझिन्छ, उनको तर्क छ– 'नृत्य गर्ने क्रममा शरीरका हरेक अंग लचिलो हुनु अनिवार्य छ, म त्यही गर्ने प्रयास गर्छु ।' उनी स्वयंचाहिँ कत्तिको कामुक छिन् त ? सम्झना भन्छिन्– 'त्यो पनि हेर्ने मान्छेमा भर पर्छ ।' एक अर्को प्रश्नमा उनको जवाफ थियो– 'यौन त्यस्तो अत्यावश्यक वस्तु हो जसमा आनन्द प्राप्त हुन्छ ।'

– कृष्ण







## ● साताको स्वर ●



## अमिन पाण्डेय

**शीतल हावाले...कस्तो प्रकारको गीत हो ?**

सुगम संगीतमा आधारित यो एउटा लोक-आधुनिक गीत हो । बुलु मुकारुङको संगीतमा तयार भएको यो गीतको शब्द बलदेव शर्मा मजगैयाँले रचना गर्नुभएको हो ।

**कस्ता श्रोताका लागि यो गीत गाउनुभएको हो ?**

विशेषगरी गाउँले परिवेशका श्रोताका लागि यो गीत तयार पारिएको हो, तर लोक-आधुनिक शैली मन पराउने सबै श्रोताले यसलाई रुचाउनुभएको छ ।

**गीतको आकर्षक पक्ष के हो ?**

पश्चिम नेपालमा चल्तीमा रहेको संगीत नै यसको आकर्षण हो ।

**कानुन-व्यवसायमा व्यस्त मानिस गायक कसरी बन्नुभयो ?**

गीत-संगीत सानैदेखिको रुचिको विषय थियो । गायक नै बन्छु भन्ने थिएन, तर गीत गाउने रहर पूरा गर्ने समय पनि पाएको थिइनँ । अहिले आएर श्रोताले गीत मन पराएपछि गायकीलाई निरन्तरता दिने निर्णय गरेको छु ।

**गीतको म्युजिक भिडियो कहिले हेर्न पाइएला त ?**

व्यस्तताका कारण भिडियो छायांकन गर्न भ्याइएको थिएन, तर अब एक महिनाभित्रै भिडियो सार्वजनिक भैसक्नेछ ।

### गीतिसंग्रहको सहयोग

गायक कुमार राईको नयाँ गीतिसंग्रह 'खुसी छ...' को बिक्रीबाट आएको निश्चित रकम गरिबका लागि शिक्षा कार्यक्रमका लागि प्रदान गरिने भएको छ । गायक राईका अनुसार प्रतिसिडीको बिक्रीबाट १० रुपैयाँका दरले संकलन हुने रकम नवदैलो नामक सामाजिक संस्थालाई हस्तान्तरण गरिनेछ ।

### संस्कारको लोकार्पण

गीतकार सूर्य कार्कीका गीतहरूको एकल संग्रह 'संस्कार' को गत शुक्रबार लोकार्पण गरिएको छ । सञ्चारकर्मीहरूको उपस्थितिमा यमन म्युजिकका प्रमुख तथा गीतकार कार्कीले उक्त संग्रह बजारमा आएको घोषणा गरेका थिए । उक्त संग्रहका गीतलाई प्रकाश बस्नेत तथा दिलीप पोखरेलले संगीतबद्ध गरेका छन् । लोकार्पण समारोहमा उपस्थित भएका अञ्जना गुरुङ, हिमाल सागर, शिशिर योगी, मनिषा पोखरेल, शिव परियार आदि गायक-गायिका उपस्थित थिए । संग्रहका गीतहरू यी तीन गायक-गायिकाका अतिरिक्त प्रमोद खरेल तथा राजेशपायल राईले पनि गाएका छन् । समारोहमा अञ्जना गुरुङको स्वरमा तयार भएको 'मलाई तिर्खा...' गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो ।

### भक्तराज सम्मानित

गायक तथा संगीतकार भक्तराज आचार्यलाई भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले बिजुलीमाया वन श्रेष्ठ राष्ट्रिय संगीत पुरस्कार २०६६ बाट सम्मानित गरेको छ । मोफसलकै ठूलो राशिको यो राष्ट्रिय पुरस्कार गत शनिबार आयोजित एक समारोहमा भक्तराजका कान्छा छोरा स्वरूपराज आचार्यले ग्रहण गरेका हुन् । पुरस्कार राशि ५० हजार रुपैयाँ तथा कदरपत्र छ । यो पुरस्कार युवा उद्यमी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी आमा बिजुलीमाया श्रेष्ठको नाममा स्थापना गरेका हुन् । सोही समारोहमा समाजसेवी घनश्यामशंकर शर्माले आफ्ना आमा-बुवाको स्मृतिमा दुई वर्षअघि स्थापना गरेको कमला-भवानी संगीत पुरस्कारबाट संगीतकार प्रमेन्द्र महर्जनलाई पुरस्कृत गरिएको थियो ।

## ● म्युजिक अपडेट ●

### विवेकानन्दको स्मृतिमा

स्वामी विवेकानन्दको १ सय ४८ औं जन्मजयन्तीको अवसरमा राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भयो । सांगीतिक समारोहकै क्रममा एउटा गीतिसंग्रहको विमोचन समेत गरियो । 'उठ उठ' शीर्षकको उक्त गीतिसंग्रहमा गीतका शब्दहरू स्वामी विवेकानन्दले रचना गरेका हुन् । यसअघि अनुप जलोटाको स्वर रहेका ती गीतहरूलाई गोपालचन्द्र भट्टले हिन्दीबाट नेपालीमा अनुवाद गरेका हुन् । संग्रहमा जलोटाले गाएका बाहेक थप दुई गीत पनि समावेश गरिएको छ जसमा राहुल सिंहले संगीत दिएका छन् भने सविना कार्कीले गाएकी छिन् । संग्रहमा विश्वशान्तिका अग्रदूत, अग्निमन्त्र, वीर सेनापति, रक्षक वीर, हे युवावर्ग, हाम्रा विवेकानन्द आदि शीर्षकका सात गीत समावेश छन् । संग्रहका गीतमा गायिका कार्कीका अतिरिक्त आनन्द कार्की, आदेश गुर्माछान, स्वरूपराज आचार्य आदिको स्वर सुन्न सकिन्छ ।



**पप्लेटीमा मीरा : गतसाता प्लेटी सांगीतिक श्रृंखलामा प्रस्तुत भएर मीरा राणाले आफ्ना लोकप्रिय गीतहरू सुनाइन् ।**

### गायक-गायिकाको सम्मान

गुल्मीस्थित रेडियो रेसुंगाले एक दर्जन कलाकारलाई सम्मानित गरेको छ । आफ्नो दोस्रो वार्षिकोत्सवको अवसर पारेर रेसुंगाले गायक स्वरूपराज आचार्य, गायिका अञ्जु पन्त, लोकगायक राजु परियार, हास्य कलाकार दीपकराज गिरी, दीपाश्री निरौला, संगीतकार आलोक श्री, गीतकार नवराज लम्साल आदि कलाकर्मीलाई सम्मान गरेको हो ।

### नेपालगञ्जमा गायक दम्पती

'अनेकतामा एकता, यहाँको विशेषता, हिन्दू, मुस्लिम, शिख, इसाइ सबैमा छ एकता' शीर्षकमा नेपालगञ्जमा एउटा सांगीतिक कार्यक्रम गत साता सम्पन्न भएको छ । कार्यक्रममा नेपालगञ्जमै जन्मिएका गायक कन्हैया सिंहले नेपालगन्ज बजारैमा...शीर्षकको गीत गाएर उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरे । नेपालगन्जमा सञ्चालन भैरहेको घरेलु मेलामा सांस्कृतिक कार्यक्रम प्रस्तुति गर्ने क्रममा उनले आफ्नै क्षेत्रको गीत गाएका हुन् । कार्यक्रममा उनले भर्खरै बजारमा आएको आफ्नो नयाँ संग्रह 'आलाप' 'तिमीले भुल्न सके पनि...' पनि गाएका थिए । कार्यक्रममा उनले 'आलाप' को बिक्रीबाट संकलित रकमको ५० प्रतिशत काठमाडौंको आमाघरलाई तथा २५ प्रतिशत रकम नेपालगन्जस्थित एक अनाथालयलाई प्रदान गर्ने घोषणा समेत गरे । कार्यक्रममा गायक सिंहकी गायिका श्रीमती अञ्जना गुरुङले पनि गीत-संगीत प्रस्तुत गरेकी थिइन् ।

### भक्तिसंगीतमा निशा उत्कृष्ट

'विश्वशान्तिका लागि भक्ति संगीत' भन्ने नारासहित पहिलोपटक आयोजित भक्ति संगीत प्रतियोगितामा गायिका निशा देसार सर्वोत्कृष्ट भएकी छिन् । गत शुक्रबार पुल्चोक अक्षेश्वर महाविहार प्रांगणमा सम्पन्न प्रतियोगितामा २४ जना प्रतियोगीलाई उछिन्दै निशा सर्वोत्कृष्ट भएकी हुन् । श्याम मलेकू भक्ति संगीत गुठीले यसै वर्षदेखि प्रारम्भ गरेको भक्ति संगीत प्रतियोगिताकी विजेता निशाले दस हजार रुपैयाँ नगद तथा प्रमाणपत्र प्राप्त गरिन् । पहिलो स्थान हासिल गर्ने भक्ति संगीतका रचनाकार युमांश शेर्पा तथा संगीतकार रविनदास श्रेष्ठ हुन् । प्रतियोगितामा हरिशंकर चौधरीले दोस्रो तथा राधा राईले तेस्रो स्थान हासिल गरेका थिए । प्रतियोगितामा रविनदास श्रेष्ठले सर्वोत्कृष्ट संगीतकार तथा हरिहर तिमिल्सिनाले सर्वोत्कृष्ट रचनाकारको पुरस्कार जितेका थिए । कार्यक्रममा अप्रतियोगीको रूपमा रीता महर्जन, अमृता गोपाली आदि गायिकाले केही भजनहरू प्रस्तुत गरेका थिए ।

## ● अफबिट ●



**श्री इडियट्स ? : रियाज म्युजिकको पाँचौं वार्षिकोत्सव समारोहमा सहभागी हुँदै ब्यापर सुदिन पोखरेल, गायक तथा म्युजिक भिडियो निर्देशक आशिफ शाह तथा गायक सविन राई ।**

### पाटनमा च्यारिटी अनप्लग्ड

पाटन दरबार क्षेत्रस्थित पाटन म्युजियममा 'च्यारिटी अनप्लग्ड' शीर्षकको संगीत महोत्सव सम्पन्न भएको छ । गत शनिबार साँझ आयोजना गरिएको कन्सर्टमा सांगीतिक समूह रविन एन्ड न्यू रेभुलुसनले गीत-संगीत प्रस्तुत गर्नेछ । महोत्सवमा यो समूहलाई निराकर याक्थुम्बा, दिव्य सुब्बा एन्ड द ब्लु एसिड्ज, सांगीतिक समूह अनुप्रस्थ आदिले पनि साथ दिएका थिए ।

### गीतकारको घोषणा

नौ महिनाको अन्तरालमा आफ्ना दुई छोरा सवारी साधन दुर्घटनामा गुमाएपछि बुवा विष्णु गौतमले उनीहरूकै सम्झनामा गीत रचना गरेर एउटा गीतिसंग्रह नै तयार पारेका छन् । छोराहरू कुमार गौतम र बलराम गौतमको क्रमशः अमेरिका तथा काठमाडौंमा दुर्घटनाबाट निधन भएपछि शोकमा डुबेका बुवा विष्णुले उनीहरूकै सम्झनामा तयार पारेको गीतिसंग्रह 'लक्ष्मी' को सम्पूर्ण रोयल्टी लक्ष्मी प्रतिष्ठानलाई दिने घोषणा गरेका छन् । म्युजिक नेपालले यसै साता बजारमा ल्याउन लागेको यो संग्रहका सबै गीतमा गायक मदन गोपालको स्वर तथा संगीत सुन्न पाइन्छ ।

### म्युजिक फर लाइफ

विमेन्स विङ नेपालको आयोजनामा गत शनिबार राजधानीमा 'म्युजिक फर लाइफ' शीर्षकको सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय नाचघरमा आयोजित सांगीतिक कार्यक्रममा कुन्ति मोक्तान, योगेश्वर अमात्य, निमा रुम्बा, दीपक लिम्बु, रिजा उप्रेती, जगदीश समाल, खेम गुरुङ तथा रेश्मा सुनुवारले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा नृत्य तथा हास्यव्यंग्यात्मक प्रस्तुति पनि समावेश गरिएको थियो ।

### राजधानीमा सांस्कृतिक कार्यक्रम

नेपाल तथा पोल्याण्डबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको उपलक्ष्यमा गत साता राजधानीमा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाली लोक गीत-संगीतका अतिरिक्त लोकबजा पनि बजाइएको थियो ।

## ● विदेशबाट ●

# पाश्चात्य संगीतको काउन्टडाउन

एमटिभीले पाश्चात्य संगीतको पछिल्लो काउन्टडाउन सार्वजनिक गरेको छ । जस अन्तर्गत गायिका लेडी गागा पहिलो स्थानमा छिन् । लिल वाइन दोस्रो स्थानमा छिन् । बियोन्स नोल्स, जस्टिन बिबर तथा रिहान्ना काउन्टडाउनको क्रमशः तेस्रो, चौथो तथा पाँचौं स्थानमा छन् । काउन्टडाउनमा माइकल ज्याक्सन छैठौं, इमिनेम सातौं, जे-जेड आठौं, ब्रिट्नी स्पेयर्स नवौं तथा लेड जेप्पेलिन दसौं स्थानमा छन् ।

# ज्याक्सन-५ मा जेनेट

पप गायक माइकल ज्याक्सनका पाँच जना भाइले स्थापना गरेको सांगीतिक समूह 'ज्याक्सन-५' मा माइकलकी बहिनी जेनेट ज्याक्सन पनि सहभागी हुने भएकी छिन् । ज्याक्सन दाजुभाइको यो समूहले वर्ष २०१० को अन्त्यसम्ममा वर्ल्ड टुरमा निस्कने यसअघि नै तय भैसकेको छ । एससोविज अनलाइनले जनाए अनुसार जेनेट आफ्ना दिवंगत दाजु माइकलप्रति श्रद्धाञ्जली व्यक्त गर्न 'ज्याक्सन-५' मा सहभागी हुन लागेकी हुन् ।



## ● ब्याण्ड ●

# द एज ब्याण्ड



पोखराका लोकप्रिय सांगीतिक समूहमध्ये द एज ब्याण्ड पनि एक हो । सन् १९९८ मा स्थापना भएको यो समूह विगत १२ वर्षदेखि नेपाली संगीत पारखीहरूमाझ सक्रिय छ । युवा श्रोतामाझ लोकप्रिय रक संगीतलाई आफ्नो मुख्य सिर्जना बनाइरहेको यो समूहले लामो समयदेखि सांगीतिक कार्यक्रममा सहभागिता जनाइरहेको छ । समूहले पहिलो पटक सन् २००० मा पहिलो गीतिसंग्रह सार्वजनिक गरेको थियो । उक्त संग्रहको एउटा गीत 'मेरो आँसु...' गीतको म्युजिक भिडियो प्रसारण हुन थालेपछि द एजको लोकप्रियता ह्वात्तै बढेको थियो ।

समूहका जीवन मेरो, पागल नभन...जस्ता गीत पनि उत्तिकै लोकप्रिय भैसकेका छन् । समूहले सन् २००९ मा बज्र रेकर्ड्ससँग मिलेर गीतिसंग्रह 'भाइब्स' तयार पारेको थियो । पोखराका जीवन गुरुङ मुख्य गायक रहेको यो समूहले रक शैलीमा आधारित विभिन्न गीत तयार पारिरहेको छ । स्लो रक, हार्ड रकसहित यो समूहले रक शैलीमै आधारित राष्ट्रिय गीतहरू पनि तयार पारिसकेको छ । समूहले तयार पारेको 'थाहा छैन' गीतको म्युजिक भिडियोले लोकप्रियता पाएपछि यो समूहले पछाडि फर्केर हेर्नुपरेको छैन । यो गीत सार्वजनिक भएपछि समूहले तीन महिना भित्रमा झन्डै दुई दर्जन सांगीतिक कार्यक्रममा लाइभ गीत-संगीत प्रस्तुत गर्नुपरेको थियो । यसबीच यो समूहले विभिन्न सांगीतिक पुरस्कारसमेत जितिसकेको छ । पोखराको लेकसाइडस्थित बिजी बीमा समेत लाइभ कन्सर्ट प्रस्तुत गरिरहने समूहका संगीतकर्मीहरू यति बेला नयाँ गीतिसंग्रहको तयारीमा छन् । समूहमा गायक जीवनका अतिरिक्त बास गिटारमा रकी, गिटारमा सोम तथा सञ्जिप ड्रममा वसन्त संलग्न छन् ।



ब्राजिलको साम्बा: ब्राजिलको साम्बा नृत्यले सबैलाई मोहित तुल्याउँछ । अहिले ब्राजिलमा लेन्ड्रो डी इटाक्विरा महोत्सव भैरहेको छ । उक्त अवसरमा स्थानीय साम्बा स्कुलका छात्राहरूले नृत्य प्रस्तुत गरेका थिए ।

## नाडी दुख्ने समस्या बढ्यो



बेलायतका पुरुषहरूमा नाडी दुख्ने समस्या बढ्दै गएको चिकित्सकहरूले बताएका छन् । अहिले बेलायतमा प्रत्येक २० जना पुरुषमध्ये एक जनामा दुवै हातको नाडी दुख्ने समस्या देखा परेको छ । कम्प्युटरको अत्यधिक प्रयोगले पनि हात दुख्ने समस्या देखा परेकाले चिकित्सकहरूले यो समस्यालाई जटिल मानेका थिएनन् । लामो समयदेखि कम्प्युटरमा किबोर्ड र माउस प्रयोग गर्ने महिला र पुरुषहरूलाई दाहिने हातमा पीडा हुने समस्या देखा पर्ने गरेको थियो । अहिले पुरुषको दुवै हातको नाडी दुख्न थालेपछि चिकित्सकहरूले गरेको अनुसन्धानमा अत्यधिक यौनसम्पर्क गर्ने पुरुषमा दुवै हातको नाडी दुख्ने समस्या देखा परेको रहस्योद्घाटन भयो । दुवै हात टेकेर यौनसम्पर्क गर्ने पुरुषमा नाडी दुख्ने समस्या देखिएको थियो । पहिले यस्तो किसिमको समस्या नदेखिए पनि अहिले किन देखियो भनेर सोधपुछ गर्दा अधिकांश पीडितले यौनबर्धक औषधीको सेवन गरेका कारण यौनआकांक्षा बढेको बताए ।

### अन्त्यमा...



अस्ट्रेलियाको सिड्नी युनिभर्सिटीले पहिलो पटक इन्टरनेटले अफिसमा काम गर्ने व्यक्ति, परिवार र अन्य सम्बन्धमा कसरी असर गरिरहेको छ भन्ने विषयमा अनुसन्धान गरेको छ । सर्वेक्षणअनुसार ७० प्रतिशत पुरुष तथा ३० प्रतिशत महिलाले इन्टरनेटमा अश्लील सामग्रीहरू हेर्ने, पढ्ने र सुन्ने गरेका छन् । इन्टरनेटमा अश्लील सामग्री हेर्नेहरूमा देखिएको अर्को समस्या उनीहरूले १६ देखि १८ घन्टासम्म लगातार अन्य काम त्यसैमा ध्यान केन्द्रित गर्नु हो । यस्तो कार्यले उनीहरूले अफिसको काम निर्धारित समयमा नसक्ने, घरमा सुमधुर सम्बन्ध बनाउन नसक्नेजस्ता समस्याहरू भोगिरहेका छन् । डा. गोमाथी सिथारथानको नेतृत्वमा भएको उक्त सर्वेक्षणमा के पनि देखियो भने इन्टरनेटमा अत्यधिक समय अश्लील सामग्री हेर्ने विभिन्न पेसाकर्मीहरू काउन्सिलिङका लागि जाने क्रम पनि बढिरहेको छ ।


● पहिलो विश्व ●

## कुमारी सेक्स डल




विवाह नगरी एक्लै बसेका वा लामो समय विदेश रहेका कारण श्रीमतीबाट यौनसुख नपाएका पुरुषहरूलाई लक्षित गरेर निर्माण गरिएको सेक्स डलको सुविधामा वृद्धि हुँदै गएको छ । जापानले रबरको आकर्षक सेक्स डल निर्माण गरेपछि अमेरिकामा हालै सम्पन्न सेक्स एक्स्पोमा रोबोट सेक्स डल प्रस्तुत गरियो । पहिलो संस्करणको सेक्स डलले यौनसम्पर्कका बेला कुनै किसिमको प्रतिक्रिया देखाउँदैनथ्यो । अमेरिकामा प्रदर्शन गरिएको रोक्सी सेक्स डलले केही संवाद बोल्नुका साथै यौनसम्पर्कका बेला प्रतिक्रियाहरू पनि जनाउने निर्माण कम्पनीले बताएको थियो । आगामी महिनादेखि अन्तर्राष्ट्रिय बजारमा आउने यो सेक्स डलले बजार लिने देखिएपछि जापानको सेक्स डल निर्माण कम्पनीले कुमारी सेक्स डलको निर्माण गरेको छ । यौनसम्पर्कको बेला योनिबाट रगत आएको अनुभूति होस् भनेर कुमारी सेक्स डल निर्माण गरिएको हो । कुमारी सेक्स डलमा कृत्रिम पर्दा लगाइएपछि यौनसम्पर्कको बेला रगतजस्तो पदार्थ निस्कन्छ । अन्तर्राष्ट्रिय बजारमा आएको यो कुमारी सेक्स डल साढे २ किलोग्राम तौलको छ भने यसको बजार मूल्य ९६ अमेरिकी डलर छ ।







# धनी जोडीहरू

त्याप र पपको मिश्रण भयो भने के होला ? यो प्रश्नको धेरै उत्तर हुन सक्छ । त्याप गायक जे-जेड र पप गायिका वियोन्स नोल्सको बीच सन् २००२ देखि घनिष्ठ सम्बन्ध गाँसिए पछि उनीहरूको जोडी अहिले सर्वाधिक कमाउने जोडीका रूपमा स्थापित भएको छ । अमेरिकाको शीर्षस्थानका त्यापर जे-जेड (वास्तविक नाम स्वान कोरी कार्टर) व्यापारी पनि हुन् । उनको गायन र व्यापारको आम्दानी वार्षिक १५ करोड अमेरिकी डलरभन्दा बढी छ । यो वर्ष हेलो गीतबाट 'बेष्ट फिमेल भोकल' को ग्रामी एवार्ड जितेकी वियोन्स गीत लेख्नेलगायत संगीत उत्पादनसमेत गर्छिन् । त्यसबाहेक उनी नायिका, मोडल, नृत्यांगना, कोरियोग्राफर र म्युजिक भिडियोको निर्देशनसमेत गर्छिन् । मनोरञ्जनको संसारका विभिन्न काम गरेर उनले गत वर्ष ८ करोड ७० लाख अमेरिकी डलरभन्दा बढी आम्दानी गरेकी थिइन् ।


यो जोडीले गत वर्ष १२ करोड २० लाख अमेरिकी डलर आम्दानी गरेर आफूलाई सर्वाधिक कमाउने जोडीको सूचीमा शीर्ष स्थानमा राखेका थिए । सन् २००२ देखि संगीतको क्षेत्रमा बाँधिएको यो जोडीले आफ्नो प्रेमलाई अझै पनि सार्वजनिक गर्न चाहेको छैन । आफ्नो सम्बन्धका बारेमा कुनै सञ्चार-माध्यममा चर्चा गर्न नचाहने यो जोडीको तस्बिर खिच्न पापाराजी फोटोग्राफरहरू लागिपरेका छन् । जोडीका रूपमा रहेर पनि आफ्नो प्रेमलाई सार्वजनिक गर्न नचाहने कारणले गर्दा नै टाइम म्यागजिनले सन् २००६ मा उनीहरूलाई शक्तिशाली जोडीको सूचीमा राखेको थियो । सन् २००८ मा पिपुल्स म्यागजिनले जे-जेड र वियोन्सले न्यूयोर्कमा निकटतम मित्रको रोहवरमा विवाह सम्पन्न गरेको समाचार प्रकाशित गरे पनि उक्त कुराको उनीहरूले न त पुष्टि गरेका छन् न त खण्डन नै ।

स्टार वार चलचित्रमा नायकको भूमिका निभाएका ह्यारिसन फोर्डले एलिस्टा फ्लोकहर्टसँग तेस्रो विवाह गरेपछि उनीहरूको दाम्पत्य जीवनमा बेजोड आर्थिक लाभ भैरहेको छ । ह्यारिसनले सन् १९६४ मा मेरी मारक्वाडसँग पहिलो विवाह गरेका थिए । उक्त दाम्पत्य जीवन १५ वर्षमा पुगेपछि टुक्रियो, त्यसको ४ वर्ष पछि ह्यारिसनले मेलिसिया माथिसनसँग विवाह गरे । मेलेसियासँगको २१ वर्ष लामो वैवाहिक जीवन पनि सन् २००४ मा पारपाचुकेमा परिणत भएपछि ह्यारिसनले अमेरिकन टेलिभिजनकी नायिका एलिस्टासँग तेस्रो विवाह गरे ।

सात वर्ष लामो प्रेमलाई उनीहरूले सन् २००९ मा आएर बैवाहिक जीवनमा परिणत गरे । अहिले एलिस्टा सेली फिल्ड र एबीसी टेलिभिजनवाट प्रसारण भैरहेको ब्रदर्स एन्ड सिस्टर टेलिफिल्ममा व्यस्त छिन् । हलिउडका सफल चलचित्रमा अभियन गरीसकेका ह्यारिसन अहिले चलचित्रको उत्पादनसमेत गर्छन् । एलिस्टा र ह्यारिसनको जोडीले गत वर्ष ६ करोड ९० लाख अमेरिकी डलर आम्दानी गरेको थियो ।

हलिउडका सफल नायक-नायिका ब्राड पिट र एन्जेलिना जोलीको जोडी सर्वाधिक कमाउने दम्पतीहरूको सूचीमा तेस्रो स्थानमा आउँछन् । सन् १९८० को दशकमा फिल्मी क्षेत्रमा प्रवेश गरेदेखि नै ब्राड पिटको नाम युवतीहरूसँग जोडीन थालेको थियो । उनी जून चलचित्रमा अभिनय गर्थे सोही चलचित्रकी नायिका उनकी प्रेमिका हुन्थिन् । हेड अफ क्लासमा अभिनय गर्ने क्रममा पिटको नाम रोबिन गिभनसँग जोडीयो भने कटिङ क्लासमा अभिनय गर्दा जिल स्कुलेनसँग, यसैगरी टु यंग टु डाई र क्यालिफोर्नियामा अभिनय गर्दा ती चलचित्रकी १६ वर्षीया नायिका जुलियट लिविससँग उनको नाम जोडियो । रसिक स्वभावको भएकै कारण उनी युवतीहरूसँग नजिकिन्थे, तर पिटले दुई वर्ष भने सेभेन चलचित्रकी नायिका गुईनेथ पाल्ट्रोसँग अन्तरंग सम्बन्ध नै बिताए ।

फ्रेन्डस् चलचित्रमा अभिनय गर्दा जेनिफर एनिस्टोनसंग नजिकिएका पिटले सन् २००० मा मालिबु समुद्री तटमा विवाहसमेत गरे । उक्त दाम्पत्य जीवन ५ वर्षपछि पारपाचुकेमा परिणत हुने क्रममा पिटले मिस्टर एन्ड मिसेस स्मिथ चलचित्रकी नायिका एन्जेलिना जोलीलाई प्रेमिकाका रूपमा पाए । एनिस्टोनले पारपाचुकेको मुद्धा दायर गर्ने क्रममा जोलीले छोरी पाइन् । जोली पिटका आधिकारिक रूपमा दोस्रो श्रीमती भए पनि पिट भने जोलीका तेस्रो श्रीमान् हुन् । ब्रिटिस नायक जोनी लि मिलरसँग तीन वर्ष लामो वैवाहिक जीवन त्यागेपछि जोलीले अमेरिकन नायक बिल्ली बब थोर्टनसँग विवाह गरेकी थिईन् । थोर्टनसँगको तीन वर्ष लामो वैवाहिक जीवन त्यागेपछि जोलीले पिटसँग विवाह गरेकी थिइन् । युएनएचसीआरको सद्भावना दूत एन्जेलिनाले कम्बोडिया, भियतनाम र इथियोपियाबाट शिशुहरूलाई धर्मसन्तानका रूपमा ग्रहण गरेकी छिन् । उनीहरूका आफ्नै तीन सन्तान पनि छन् ।



गत वर्ष चलचित्रमा अभिनय गरेर ५ करोड ५० लाख अमेरिकी डलर आम्दानी गरेका पिट र जोली दम्पतीले आफुलाई सर्वाधिक कमाउने तेस्रो दम्पतीका रूपमा प्रस्तुत गरेका छन् । आफ्नो पहिलो सन्तान नाइजेरियामा जन्मँदा पापाराजी फोटोग्राफरहरूले छोरीको तस्बिर खिचेर बेच्छन् भनेर जोलीले आफ्नी छोरीको तस्बिर पिपुल्स म्यागजिनलाई ४१ लाख डलर र बेलायतको हेलो म्यागजिनलाई ३५ लाख डलरमा बिक्री गरेकी थिइन् ।

सन् २००८ को केन्स महोत्सवमा सहभागी हुने क्रममा जोलीले जुम्ल्याहा छोरा र छोरी पाएकी थिइन् । उनले ती शिशुको पहिलो तस्बिर १ करोड ४० लाख डलरमा बिक्रि गरेकी थिइन् । उक्त तस्बिर बिक्रीबाट आएको रकम उनले जोली/पिट फाउन्डेसनमार्फत् बालबालिकाको क्षेत्रमा खर्च गर्दै आएकी छिन् ।



जोडी मिलेर सर्वाधिक कमाउनेमा हलिउडकै अर्का नायक-नायिका दम्पती विल स्मिथ र जाडा पिन्केट स्मिथ पनि छन् । सन् १९९० मा जाडाले विललाई एक टेलिभिजन कार्यक्रमका क्रममा भेटेकी थिइन् । सिरी जाम्पिनोसँगको वैवाहिक जीवन सन् १९९५ मा अन्त्य गरेपछि विल र जाडाबीच घनिष्ठता बढेको थियो । घनिष्ठता बढेको दुई वर्ष पछि नै बिल र जाडाले मेरिल्यान्डमा विवाह गरे ।

हलिउड चलचित्रमा नायकको भूमिकामा देखा पर्ने विल त्यापरसमेत हुन् । उनले अभिनय गरेको चलचित्र म्यान इन ब्ल्याकको दुई संस्करणले अन्तर्राष्ट्रिय रूपमा ठुलै सफलता हात पारेको थियो । त्यसबाहेक उनले रोबोट, द पर्स्यूट अफ ह्याप्पिनेस, सर्क टेलजस्ता चर्चित चलचित्रमा अभिनय गरे । विलकी श्रीमती पनि हलिउडकै नायिकाका रूपमा स्थापित छिन् । उनी चलचित्रको निर्देशन एवं लेखनमा सक्रिय छिन् भने गीत लेख्ने काममा समेत उनको दखल छ । यो जोडीले गत वर्ष ४ करोड ८० लाख अमेरिकी डलर आम्दानी गरेको थियो ।

सन् १९९७ मा एक च्यारिटी शोका लागि भएको फुटबल प्रतियोगितामा भिक्टोरिया कारोलिन र डेभिड बेकह्यामबीच पहिलो भेट भएको थियो । दुवै आ-आफ्नो क्षेत्रमा लोकप्रिय भए पनि भिक्टोरियाले बेकह्यामलाई चिनेकी थिइनन् । भेट भएको दोस्रो वर्षमै उनीहरूबीच विवाह सम्पन्न भयो । स्पाईस गर्ल सांगीतिक समूहकी सदस्य भिक्टोरिया मोडेलिङबाहेक व्यापार पनि गर्छिन् । इङ्ल्यान्डका पूर्वकप्तान डेभिड बेकह्याम अहिले अमेरिकाको ग्यालेक्सि क्लबसँग आबद्ध रहे पनि उनी विभिन्न उत्पादनको ब्राण्ड एम्बेसडरसमेत हुन् । यो जोडीले गत वर्ष ४ करोड ६० लाख अमेरिकी डलर आम्दानी गरेको थियो ।



# भिड्दै गीतार माएस्ट्रोमा



**साप्ताहिक समाचार**

काठमाडौं- नेपालमै पहिलो पटक आयोजना भैरहेको गितारवादन प्रतिस्पर्धामा भिड्न ५० जना छनौट भएका छन् । गायक निमा रुम्बा, मुक्ति एन्ड रिभाइवल समूहका मुक्ति शाक्य, रक गायक इमान शाह, सुनित कंसाकार, बैजु राई तथा गरिमा गुरुङ निर्णायक रहेको यो प्रतिस्पर्धा इमेज च्यानलबाट प्रसारण हुनेछ । काठमाडौंका साथै पोखरा, महेन्द्रनगर, धनगढी, नेपालगन्ज, बुटवल, चितवन, हेटौंडा, धरान, विराटनगर र झापामा अडिसन गरेर ५० जना छनौटपछि यसै साता नेपाल संगीत विद्यालयमा दोस्रो चरणको प्रतिस्पर्धा पनि सम्पन्न भयो । 'गीतार माएस्ट्रो २०१०' शीर्षकको कार्यक्रममा विभिन्न चरणमा ३०, २०, १०, ५ गर्दै प्रतिस्पर्धीहरू बाहिरिँदै जाने निर्माता तथा निर्देशक विनोद शर्माले साप्ताहिकलाई बताए । कार्यक्रमको आयोजना टकाम फिल्म्सले गरिरहेको छ ।

# सांगीतिक कार्यक्रममा रमाएको धरान



धरान- शुक्रबार सैनिक भवनको हलमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भयो । खचाखच भरिएको हलमा दर्शकको कमी थिएन । कार्यक्रममा विभिन्न कलाकारले गीत एवं नृत्य प्रस्तुत गरेका थिए । कञ्चन थलङले सुरु गरेको सांगीतिक कार्यक्रममा उपस्थित दर्शकहरू रमाइरहेका देखिन्थे ।

विज्ञान एन्ड योजना धरान सुनसरीको आयोजनामा सञ्चालित सांगीतिक कार्यक्रममा उपस्थित दर्शकले पर्याप्त मनोरञ्जन लिए । सांगीतिक कार्यक्रममा मुन लाइट डान्स सेन्टर तथा देवश्री डान्स सेन्टरका कलाकारको विभिन्न नृत्यले दर्शकको मन तानेका थिए ।

लिम्बू जातिको फागो चोङवाङ, केलाङ समूह, मदेन्छड केलाङ समूह, चौबीसे समाज र छथरे समाजका आकर्षक नृत्य प्रस्तुति पनि कम थिएनन् । गायक सपन श्रेष्ठको 'साइनो टुङ्गियो, सालीको बोलीले भेना भुलियो' गीतले पनि ताली पाएको थियो । कार्यक्रममा स्थानीय गायक कञ्चन थलङ, सुरेश वनेम, विना सावाँ राई, समीर सिंगक, समला राई, भूपेन योङया तथा सन्देश नेम्वाङले पनि गीत प्रस्तुत गरेका थिए ।

**-भीषण राई**

# धराने मन पोखियो डान्सपार्टीमा



धरान- राम्रो गीत बज्दा कसलाई नाचूँ-नाचूँ हुँदैन र ? पार्टीमा वरिपरि झुमिरहेका अन्य साथीहरूको दृश्यले पार्टीमा आमन्त्रितहरूलाई उत्प्रेरणा थपिहाल्छ । मन भित्रभित्रै नाचिरहेको हुन्छ । नहोस् पनि किन ? हाइ डेसिबलको आवाजले जोकसैलाई नचाइहाल्छ । शुक्रबार बेलुकी जमेको पार्टीमा लाग्थ्यो त्यहाँ उपस्थित ननाच्नेहरूको मन पनि तँछाड-मछाड गर्दै मनभित्र उफ्रिरहेको थियो । केही क्षणपश्चात् त मनभित्र लुकेको नृत्य काउकुती सबै उम्लिएर बाहिर पोखिहाल्यो ।

स्वीमिङ पुलको बन्द हलमा डान्समा रम्न आएकाहरूले आफ्ना सबै डान्सिङ स्टाइल प्रस्तुत गरे । त्यसमाथि डिजे डबल बीले सकेसम्म पार्टीक्रेजीलाई नाचिरहन बाध्य तुल्याउने खालका गीत प्रस्तुत गरेका थिए । धरान पार्टी होमिजको आयोजनामा सञ्चालित डान्सपार्टी मध्यतिर पुग्दासम्म पूरै मस्त भैसकेको थियो । बेलुकि ६ बजे प्रारम्भ भएको पार्टी राति १० बजेसम्म चलेको थियो ।

# बोकेदाह्री र विल्सनले तताए सिस्ने



बिर्तामोड- विद्यालयको स्वर्णमहोत्सवको अन्तिम दिन चउरमा आसपासका गाउँले मात्र थिएनन्, छिमेकी वडाका स्थानीय बासिन्दा पनि घरमा ताल्चा लगाएर आएका थिए । झापा खुदुनाबारीको सिंहदेवी माविमा शुक्रबार सम्पन्न कार्यक्रमका मुख्य आकर्षण गायक श्रीकृष्ण लुइँटेल र हास्यकलाकार विल्सनविक्रम राईको प्रस्तुति हेर्न कामकाज बिट मारेर स्थानीयवासीहरू सहभागी भएका थिए ।

कार्यक्रममा गायक लुइँटेलको पालो पाँच घण्टापछि आए पनि उनको प्रस्तुति हेर्न र सुन्न गाउँलेहरू धैर्य गरेर बसेका थिए । लुइँटेल अर्थात् बोकेदाह्रीको गीत सुन्न दुई किलोमिटर टाढाबाट आएका बलबहादुर कोइरालाले भने, 'टिभीमा र रेडियोमा सुनिन्थ्यो, आज प्रत्यक्ष हेर्न यहाँ आएको ।' बृद्धा मात्र होइन, स-साना बालबालिका झन् झुम्मिएका थिए बोकेदाह्रीसित । गायक लुइँटेलले दर्शकदीर्घामै गएर आफ्नो पाँचवटा लोकप्रिय गीत प्रस्तुत गर्दा हुटिङले कार्यक्रमस्थल गुञ्जायमान भएको थियो ।

दर्शक-विद्यार्थी उनीसँगसँगै नाच्न थालेपछि प्रहरीलाई भीड नियन्त्रण गर्न धौ-धौ परेको थियो भने आयोजकले गायक लुइँटेललाई स्टेजमा फिर्ता बोलाउनुपरेको थियो । कार्यक्रमका अर्का आकर्षण हास्यकलाकार विल्सनविक्रम राईले एक घण्टा दर्शकलाई मनोरञ्जन प्रदान गरे । उनले प्रस्तुत गरेको प्रहसनले चर्को घाममा भुइँमा बसेर कार्यक्रम हेरिरहेका स्थानीयबासी पेट मिचिमिची हाँस्न बाध्य भएका थिए । राईले *हो कि होइन हो...* र *पानी-पानी...* दुई हास्यगीत प्रस्तुत गरेका थिए ।

**-हिमाल खरेल**


# शिवले तताए लियो साँझ



बुटवल– दिउँसो व्यापार मेलामा गीत गाइरहँदा दर्शकदीर्घामा प्रहरीको लाठीचार्ज भएपछि पूरा गाउन नपाई बीचैमा हिंडेका गायक शिव परियारले शनिबार साँझ बुटवलको अर्को कार्यक्रममा भने आफू मात्र खुलेर गाएनन्, आफ्ना प्रशंसकलाई समेत धीत मरुन्जेल नचाए । लियो क्लब अफ बुटवलको रजतजयन्ती महोत्सव साँझमा गायक परियारले आफ्नो चर्चित गीत 'फेवातालमा साइली डुंगा सरर' गाउँदा स्थानीय बालमन्दिर प्राङ्गणमा खचाखच उपस्थित युवायुवती देखि अधबैंसेहरू जुरुक्कै उठेर छमछमी नाच्न थाले । साँझपख तिनाउको सिरसिर हावाले हल्का चिसो भएको मौसम र आँखा तिर्मिराउने रेजर लाइटबीच आकर्षक स्टेजमा शिवले 'फेवातालमा साइली', 'कहां थियौं रंगमञ्च', 'धेरैचोटि मरें म त' आदि रोमान्टिक एवं सेन्टिमेन्टल गीतमार्फत सहभागीहरूलाई झुमाए । कार्यक्रममा गायिका सञ्जना श्रेष्ठका पप गीत र धरानको गरिमा डान्स ग्रुपका कलाकारको नृत्यले दर्शकलाई बेग्लै मनोरञ्जन प्रदान गऱ्यो । बुटवलकै वसन्त एन्ड द क्रुले समेत आफ्नो प्रस्तुति देखाएको कार्यक्रममा लियो क्लबले कलाकार गौरी मल्ल, फुटबल खेलाडी मधु कार्की, डा. भगवान कोइराला तथा समाजसेवी अनुपमान सैजुलाई सम्मान गऱ्यो ।

**-टोपराज शर्मा**

# धरानमा चलेको ननस्टप पार्टी



धरान- आखिर मुड न हो पार्टीमा आइसकेपछि नाच्नु त पर्छ नै । त्यही भएर नै शनिबार ब्रिटिस कम्युनिटी हलको बन्द कोठामा पार्टीमा रम्नेहरू तम्तयार थिए । नभन्दै डिजेको सेलेक्टेड गीतको झंकारले स्पिड लिइहाल्यो ।

डिजे पेसको बेजोडको ननस्टप रिमिक्स नम्बरहरू लगातार एकपछि अर्को गर्दै बजिरहेका थिए ।
डिजे पेसले नेपाली गीतको तुलनामा अंग्रेजी र हिन्दी गीतहरू नै बढी घन्काए । निरन्तर पार्टीमा नाचिरहँदा शरीरको तातो बाफले भित्रको बन्द हल पनि तातो हावामा गुम्सिएझैं थियो ।

द पेस युनियन धरानद्वारा आयोजित डान्सपार्टी- २०१० शीर्षकको उक्त ननस्टप पार्टीमा टिनएजर पुस्ताको बाहुल्य थियो । बेलुकि ७ बजे जम्न सुरु भएको पार्टी राति ११ बजे मात्र टुंगिएको थियो ।

सुवर्ण मौका
५०% छुट
छिटो गर्नुहोस् ।
सिट सिमित छ ।



भारत, लण्डन तथा अमेरिकाबाट तालिमप्राप्त एरोमाथेरापिष्ट, कस्मोटोलोजिष्ट तथा ब्यूटिशियन साहनाद्वारा संचालित "शान ब्यूटि होम" एरोमा तथा हर्वल ब्यूटी क्लीनिकमा अन्तरराष्ट्रिय स्तरका ब्यूटिशियन डिप्लोमा । एडभान्स । स्पेसल तथा विदेश जानेहरुका लागी विशेष कोर्षहरुका साथै डिजिटल पर्म । मल्टीकलर हाइलाईट । हेयर एक्स्टेन्सन तथा आधुनिक नयाँ प्रविधियुक्त फेशियलहरु समावेस गरिएका कोर्षहरु ५०% छुटमा संचालन भईरहेको हुँदा ईच्छुक दिदीबहिनीहरुलाई भर्ना हुनको लागी आव्हान गरिन्छ ।
सम्पर्क: Shaan BEAUTY HOME HERBAL BEAUTY CLINIC
शान ब्यूटी होम
एरोमा तथा हर्बल ब्यूटी क्लिनिक तथा ट्रेनिङ्ग इन्ष्टिच्यूट
मानभवन, जावलाखेल । फोन: ५५२५८३३

थाहै नदिई जाँड रक्सी र चुरोटको कुलत छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal Product को साथम Japani Oil
३ ईन्च सम्म उचाई बढाउने Height Plus
मोटोपना घटाउने/तौल बढाउने १२ Kg सम्म
Breast बढाउने घटाउने र टाईट गर्ने
चायाँ पोतोको ग्यारेण्टी उपचार
गोरो बनाउने र जवानी देखाउन रूप अमृत
१००% ग्यारेण्टी ०% साईडइफेक्ट
फ्रि होम डेलिभरी
तुरुन्त केश झर्न रोकी उमार्ने
Gorkha Herbal
Helpline: 4282138, 9841079654
9851026391, चितवन 9845279326



# सचित्र












तस्विरहरू : महेश प्रधान/नवराज वाग्ले




## समुद्रपारि पनि खेलियो होली

**निर्मल श्रेष्ठ**

हङकङ- मुलुक होलीमा रंगिएका बेला परदेशमै रहे पनि नेपालीको मन कसरी थामिन सक्थ्यो र सात समुद्रपारि हङकङमा पनि होली मनाइयो भने चुङकिङ मेन्सनस्थित नेपाली फुड रेस्टुराँमा आइतबार रंगारंग होली कार्यक्रम सम्पन्न भयो। युवादेखि पाकासम्म भेला भएर त्यहाँ मादलको धुनसँगै राति अबेरसम्म गुन्जिरह्यो ‘होली हो...।’ सहभागीहरूले एक-अर्कालाई रंग दली शुभकामना मात्र साटेनन्, नाचगानमा समेत रमाए। होलीमा रमाउनेहरू अधिकांश रंगीन पानी प्रयोग गर्न नपाएकोमा मनग्य मज्जा लिन नपाएको बताउँदै थिए। ‘नेपालमा रंगीन पानी भरिएका पिचकारी र लुकिलुकी लोला बर्साउँदा होलीको बेग्लै रौनक हुन्थ्यो,’ भैरहवाका सुरज गुरुङले भने। गाउँठाउँमा रहदा छरछिमेकसँग होली खेलेकी लक्ष्मी गुरुङ परदेशमा विभिन्न ठाउँका साथीभाइहरू सँग रमाइलो गर्न पाएकामा दंग थिइन्। बुटवलका सुरज थापा तराईको होली सम्भिmँदै थिए।

‘हामी कुहिएका अण्डासमेत टाउकामा फुटाउँथ्यो,’ उनले भने, ‘यहाँ बसे पनि परम्परा कहाँ बिर्सन सकिँदो रहेछ र बिहानै सुरु गरियो।’ होली सकेर नुहाइधुवाइ बसेका थापा सूझपख टहल्दै चुङकिङ मेन्सन पुग्दा साथीभाइहरूबाट अबिर दलिएपछि फेरि रंगिएका थिए। समूहमा सहभागी शारदा गुरुङ, केश मल्ल र कृष्णा गुरुङ नेपाल सम्झँदै एकै स्वरमा भन्दै थिए, ‘नेपालमा भए बाटामा भेटिने जतिलाई अबिर दल्न पाइन्थ्यो, यहाँ कहाँ त्यसो हुनु र ?’ रंग दलेका नेपाली युवाहरूलाई देखेर अचम्म मान्दै जिज्ञासा राख्नेहरूसमेत कम थिएनन्। स्वदेशमा अधिकांश सडकमै निस्केर मनाउने चाड यहाँ भने कतिपयले आ-आफ्नै घरपरिवारमा अबिर दली खानपिन र तास खेल्दै मनाए।

तथापि अधिकांश हङकङेली मनले चाहेर पनि होलीमा रंगिन भने सकेनन्। उनैमध्येका थिए करुण गुरुङ ‘खेल्न त निकै मन थियो नि,’ उनले भने, ‘रंग खेलेपछि दुई-चार दिन रातै भइन्छ, यस विषयमा राम्रो जानकारी नभएका चिनियाँहरूलाई सम्झाउँदै हैरान।’ पोखरीकी पूनम लिम्बूले भने होली नखेले पनि टेलिभिजनबाट प्रसारण भएका होली कार्यक्रम हेरेर रमाइलो गरेको बताइन्।

त्यसो त मगर संघ हङकङद्वारा आइतबारै मंकी हिलमा आयोजित कार्यक्रममा समेत होली खेलियो। कार्यक्रम २८ औं मगर दिवसका अवसरमा आयोजित भए पनि त्यही दिन होली परेकाले सहभागीहरूले रंग खेली रमाइलो गरेका थिए।

## पानीसँग होली

**साप्ताहिक समाचार**

काठमाडौं- केही वर्षअघिसम्म सीमित सहकर्मी र प्रशंसकबीच मनाइने रेडियो कान्तिपुरको ‘होली हंगाामा’ कार्यक्रमको दायरा फराकिलो भएको छ। दुई घण्टासम्म चल्ने संगीत एवं नृत्यको मस्तीमा झुम्न आउने हरेक वर्गका व्यक्तिको उत्साहजनक उपस्थितिबाटै यसको अनुभूति गर्न सकिन्छ।

पुल्चोकस्थित नारायणी कम्पलेक्सको याक प्यालेस परिसरमा होलीको पहिलो दिन आइतबार स्वीमिङ पुलमा डुबुल्की मार्दै झुमिरहेको हँल र रमाईलो हेर्न जम्मा भएकाहरूको भीडबाट यसको लोकप्रियता प्रस्टै झल्किन्थ्यो। हुन त रेडियो र टिभीबाट एकसाथ हुने प्रत्यक्ष प्रसारणले समेत यसको आकर्षण अझ बढेको हो।

‘चर्चित गायक-गायिकाको प्रत्यक्ष गायनमा नाच्न पाउँदाको मज्जै बेग्लै हुन्छ,’ पुल्चोककी सरिना डंगोलले भनिन्। कडा सुरक्षाबीच संयमित र अनुशाशित होली मनाउन पाइने हुनाले बर्सेनि आउने गरेको उनले बताइन्। रंग र पानीको मिलन बिना होली अधुरो हुने हुनाले रेडियो कान्तिपुरको व्यवस्थापनले यस अवसरमा ‘रेन डान्स’ वा ‘स्वीमिङ पुल’ को चाँजोपाँजो हुने गरी ठाउँको छनौट गर्ने गरेको छ।

पूरा परिसरमा निरन्तर इन्द्रधनुषी गुलाल र रंगको वर्षाबीच संगीतको बहार फुटेपछि मन र शरीर तरंगित भएर गोडा नहल्लाउने कमै हुन्छन्। ‘पानी र रंगबीनाको होलीको के मज्जा ?,’ रेडियो कान्तिपुरका समाचारवाचक एवं कार्यक्रम प्रस्तोता पवन आचार्यले भने, ‘रंगको मादकताले छोएपछि पानीमा चोबिनुको छुट्टै मज्जा हुन्छ।’ त्यसमा डिजेको रिमिक्सले सहभागीमा थप ऊर्जा प्रदान गर्छ।

कार्यक्रम प्रस्तोता हेम सुवेदीका अनुसार वर्षभरि सिनेमा र टिभीको पर्दामा देखिने कलाकारले स्टेजमा आएर आफ्ना प्रशंसकसँग प्रत्यक्ष शुभकामना साटासाट गर्ने हुनाले पनि रेडियो कान्तिपुरको होलीको महत्त्व बढेको हो। रंगमा पोतिएका अभिनेता, अभिनेत्री एवं मोडलहरूलाई पहिचान गर्दै अटोग्राफ लिने युवायुवतीको उत्साह दर्शनीय हुन्छ। ‘रंगको समावेशी रुप झैं यहाँ बिना विभेद एक भएर होलीको आनन्द लिइन्छ, त्यही भएर सहभागीको तुलनामा ठाउँ साँघुरिएको छ,’ सुवेदीले भने।

सेलिब्रेटीको हूलमा कम्मर मकाईरहेका गायक राजेशपायल राईलाई प्रशंसकले फकाएर बोलाई स्वीमिङ पुलमा चोबेका थिए। ‘माया गरेर यहाँसम्म पुऱ्याउने प्रशंसकको खुसी नै मेरो खुसी हो,’ निथ्रुक्क भिजेका राईले भने, ‘मलाई त दर्शकमाझ नाच्दा र गाउँदा निकै रमाइलो लाग्छ।’

रंग र भावविभोर वातावरणबीच रेडियो कान्तिपुरको होली हंगामा कार्यक्रम सम्पन्न भएको कसैलाई पत्तै भएन। ‘ल कति चाडो सकियो ?,’ कार्यक्रम सकिएपछि पनि झुमिरहेका कुपन्डोलका सुमन स्थापितले भने, ‘ह्याप्पी होली, अर्को वर्ष फेरि आउँला।’ बाहिर सहरका सडक र गल्लीभरि होलीमय वातावरण थियो। यो बेला मदहोस राजधानीमा अबेरसम्म घरको छाना र छानाबाट रंग एवं पानीको वर्षा भैरहेको देखियो। सडकमा आ-आफ्ना बाजागाजासँगै रमाउँदै र नाच्दै हिंडेको दृश्यले सबैलाई तानिरह्यो।

### धनकुटामा होली कन्सर्ट

धनकुटा- एक त होलीको दिन त्यसमा पनि निःशुल्क कन्सर्ट भएकाले आइतबार धनकुटाको मदनचोकमा युवाहरूको जोस भिन्न प्रकारको थियो। दिनभरि होली खेलेर रङ्गमा चुर्लुम्म डुबेका युवाहरूलाई साझपख संगीतिक मनोरञ्जनले भरपूर बनाए धनकुटाका दुईवटा स्थानीय ब्यान्ड क्रिएटिभ्स र द सेभेन युथले। कलाकारहरू नै होलीको रंगले निथ्रुक्क भएपछि उपस्थित दर्शकहरू त नहुने कुरै भएन।

होलीका अवसरमा आयोजित उक्त संगीतिक कार्यक्रममा गायकहरूले चर्चित ब्यान्डका गीतहरू प्रस्तुत गरेका थिए। क्रिएटिभ ब्यान्डका कलाकारहरूले रातो र चन्द्र सूर्य, म हुँ प्रकृति आदि एक दर्जनभन्दा बढी गीत प्रस्तुत गरे। होलीको नसामा चुर्लुम्म डुबेका युवादेखि लिएर साधारण होली मनाउने युवाजमात समेत जमेर नाचिरहेका थिए। दिउँसो चार बजे प्रारम्भ भएको होली संगीतिक साँझ बेलुका ७ बजेसम्म चलेको थियो।

**–भिषा काफ्ले**

# हिंसा त्याग्न आग्रह गर्दै चर्चित कलाकारहरू





विराटनगर- मेला, महोत्सव, खेलकुद प्रतियोगिता एवं राजनैतिक सम्मेलन हुने विराटनगरको सहिद रंगशालामा यसपटक फरक खालको कार्यक्रम सम्पन्न भएको छ। अन्य सभा-समारोहमा भन्दा बढी दर्शक उपस्थिति रहेको गत शुक्रबार सम्पन्न कार्यक्रममार्फत नेपालका चर्चित कलाकारहरूले देशमा विद्यमान हिंसा अन्त्य गर्न सन्देश दिए।

हिंसा अन्त्य अभियानअन्तर्गत विराटनगर आएका कलाकार एवं अधिकारकर्मीहरूले हरेक खालका हिंसा रोक्न आग्रह गरे। उद्योग संगठन मोरङद्वारा आयोजित कार्यक्रममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, राजेश हमाल, अमृत गुरुङ, आनी छोइङ डोल्मा, सुमित खड्काजस्ता कलाकार तथा संयुक्त राष्ट्रसंघका पूर्वसहायक महासचिव कुलचन्द्र गौतम, राजनैतिक विश्लेषक सीके लाल, अधिकारकर्मी सुशील प्याकुरेल आदिले त्यस्तो आग्रह गरेका हुन्।

हिंसा अन्त्य गर्न सबैको उत्तिकै दायित्व रहेको बताउँदै मञ्चमा सम्बोधन गरिरहेका महानायक हमाललाई दर्शकले अभिनय गरेर देखाउन आग्रह गरे। दर्शकको आग्रह स्वीकार गर्दै हमालले भने- 'साथीका लागि यो हात सलाम छ, दुस्मनका लागि यो हात फलाम छ।' त्यति संवाद सक्नेबित्तिकै हमालले भने- 'तर यहाँ हामीबीच कोही दुस्मन छैन, सबै साथी मात्र छौं, दुस्मन नै नभएपछि हिंसा अन्त्य अवश्य हुन्छ।'

दर्शकहरूको आग्रहअनुसार नाच्न थालेका हमालले अडियन्समा रहेकी एक युवतीलाई आफूसँगै नाच्न बोलाए। उनीसँग अरू युवतीहरू पनि नाचेका थिए। 'छानो सिसाको, आऊ माया सँगै बसौं छैन रिसाको...' गीत लिएर मञ्चमा आएका सुमित खड्काले हमाल र महजोडीलाई नचाए। टेलश्रृंखला मदनबहादुर-हरिबहादुरका मुख्य पात्र मह जोडीले प्रहसनमार्फत हिंसा नत्यागे त्यसले सबैलाई पीडा दिने सन्देश दिए। 'हे भगवान् मेरो खल्तीको घाउ भरिदेऊ...' गाउँदै मदनकृष्णले धन कमाउन गलत बाटो रोजियो भने हिंसा बढ्न सक्नेमा सचेत गराए। हरिवंशले पनि 'साझा बसमा जो पनि चढ्दछ....' गीत सुनाएर मनोरञ्जन प्रदान गरे।

गायिका आनीछोइङ डोल्माले मन राम्रो छैन भने पढेलेखेको केही काम नलाग्ने बताउँदै सधैं सबैको भलो चिताउन र मन-मस्तिष्कबाट हिंसाको भावना त्याग्न आग्रह गरिन्। उनले 'जय होस् तिम्रो..' गीत सुनाइन्। कार्यक्रममा अमृत गुरुङको पनि छोटो प्रस्तुति थियो। मञ्चमा रहेका कलाकारसँग नाच्न दर्शकहरूले तँछाडमछाड गरेका थिए।

**-कमल रिमाल**

# हास्यकलाकारले तताए मञ्च



टेलिभिजनको पर्दामा देखिने राष्ट्रिय स्तरका चर्चित कलाकारलाई आफ्नै अगाडि देख्दा अनौठो मात्र होइन, रमाइलो महसुस पनि गरे नुवाकोटवासीले। उद्घोषक कृष्ण आँसुले राष्ट्रिय कलाकारको आगमन भैसकेको भन्दै मञ्चबाट नाममात्र पढेका के थिए, मञ्च एकाएक तात्न थाल्यो। एउटा कुनाबाट कालो चस्मामा ढल्काउँदै आई लभ यू नुवाकोट भन्दै निस्किए रातामकै र मुखा हान्नुजस्तो।

पहिलो पटक नुवाकोट पुगेका किरण केसी र शिवहरि पौडेल मञ्चमा देखिनेबित्तिकै भीड अनियन्त्रित बन्न पुग्यो। मञ्चमा आफ्नो प्रस्तुति दिँदै कलाकार शिवहरि पौडेलले भने- 'नुवाकोटले धेरै राष्ट्रिय स्तरका नेताहरू जन्माए तर विकास शून्य।' उनले त्रिशुली-काठमाडौं बाटोको दूरवस्थाप्रति व्यङ्ग्य गर्दै भने- 'नुवाकोटे नेताहरूको मुखा हान्नुजस्तो।' उनले यति भन्न के भ्याएका थिए, दर्शकहरूको तालीको पर्रा छुट्यो। किरण केसीले महिलाहरू नाङ्गिँदै गएको कुराप्रति व्यङ्ग्य गर्दै गीत गाउँदा स्थानीय युवतीहरू मञ्च अगाडि आएर नाच्न थाले।

उद्घाटनको भोलिपल्ट पुगेका राष्ट्रिय स्तरका कलाकारहरूलाई नुवाकोटवासीले भव्य स्वागत गरे। गत शुक्रबार प्रारम्भ भएको दोस्रो नुवाकोट महोत्सवमा उत्तर कूडेल, शर्मिला गुरुङ, गोपाल नेपाल (फिस्टे), जितु नेपाल (मुन्द्रे) ले महोत्सवको तेस्रो दिन तताएका थिए। ११ दिनसम्म चल्ने महोत्सवमा राष्ट्रिय स्तरका कलाकारहरू सहभागी हुने क्रम बढ्दो छ। नुवाकोट महोत्सवमा स्थानीय वेशभूषामा सजिएका महिला-पुरुषको आफ्नै मौलिक संस्कृतिले भरिपूर्ण सांस्कृतिक प्रस्तुतिले जिल्लाबाहिरका पर्यटकहरूलाई लोभ्याएको थियो। १ सय ३५ वटा स्टल राखिएको महोत्सवमा स्थानीय उत्पादनअर्न्तगत जापानिज रेन्बोट्राउट माछा स्थानीय मह, रसुवाबाट हातले बुनेर ल्याएका राडी पाखी, ढाकाका सामानहरू, कृषि प्रदर्शनी, घिरौंलाको जालोबाट बनेको टोपी, स्टकोट आदि प्रदर्शन गरिएको छ। स्थानीय नेवारी नाच, बालन भजन, हानुमान नाच, चुट्की नाच, विद्यालय-विद्यालयबीच दोहोरी प्रतियोगिताले महोत्सवमा आकर्षण थपेको थियो।

**विज्ञान प्रदर्शनी**

ग्रामीण विज्ञान प्रविधि तथा अनुसन्धान केन्द्र मदनपुरको आयोजनामा विभिन्न स्थानीय सामग्रीहरूको प्रदर्शनले महोत्सव स्थल थप आकर्षक बनेको थियो, जसअन्तर्गत हावाबाट चल्ने बल, पानी तान्ने, गाडी तान्ने क्रेन, पानीको बीचमा खाल्डो पार्ने प्रविधि, प्रकाश कसरी परावर्तन हुन्छ भन्ने प्रमाण, ढिकी चलाएर बिजुली निकाल्ने प्रविधि, आलु ताछ्ने मिसिन प्रदर्शन गरिएको थियो।

**-विष्णु तारुके**

# पोखरामा लिटिल क्विन



पोखरा- बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले भोलि शनिबार पोखरामा दोस्रो पोखरा लिटिल क्विन-२०१० हुँदैछ। द लुक्स फेसन होम्सले गर्न लागेको प्रतियोगितामा २० जना बालिकाको सहभागिता छ। ६ देखि १२ वर्ष उमेर समूहका बालिकाहरूको यो प्रतियोगिताका क्रममा आत्मविश्वास, नेतृत्व विकास, अनुशासनजस्ता विषयमा सम्बन्धित विज्ञले प्रशिक्षण दिएका थिए। कार्यक्रमको कोरियोग्राफी रविन्द्र बज्रचार्यले गरेका छन्।

# पहिलो पीएनसी आइडल

पोखरा- देशकै ठूलो क्याम्पसमध्येको एक पृथ्वीनारायण क्याम्पसमा पहिलो पटक पीएनसी आइडल हुँदैछ। क्याम्पसको सांस्कृतिक उपसमितिले गर्न लागेको आइडलमा कलेजका करिब १ सय विद्यार्थीले सहभागिता जनाएका छन्। प्रारम्भिक चरणबाट १५ जना छनौट गरी टप टेनमा प्रतिस्पर्धा गराई आइडल चुनिने कार्यक्रम संयोजक अभिमन्युविक्रम राणाले जानकारी दिए। क्याम्पसको इतिहासमै पहिलो पटक हुन लागेको यस किसिमको गायन प्रतियोगितामा क्याम्पसका विद्यार्थीहरूले उत्साहजनक रुपमा सहभागिता जनाएका छन्।

२१ गते क्याम्पसकै मैदानमा हुने प्रतियोगितामा निर्णायक मतकै आधारमा आइडल चुनिनेछ। भोटिङ प्रक्रिया प्रभावकारी र कलाको उचित मूल्यांकन हुन नसक्ने भन्दै पहिलो पटक यस्तो प्रतियोगितामा एसएमएस भोटिङ नराखिएको हो। प्रतियोगितामा प्रतिस्पर्धीले अंग्रेजी, हिन्दी आदि गीत गाउन पाउनेछैनन्। प्रतियोगितामा प्लस टु देखि डिग्रीसम्म अध्ययनरत छात्रछात्राको सहभागिता छ।

## मिस तामाङ- २०१० को घोषणा

**साप्ताहिक समाचार**

काठमाडौं- तामाङ युवतीहरू मात्र सहभागी हुने सौन्दर्य प्रतियोगिता 'मिस तामाङ- २०१०' आगामी वैशाखको पहिलो साता हुने भएको छ। जेनिशा मोक्तानलाई मिस नेपाल बन्ने अवसर जुराएको यो प्रतियोगिताको आयोजना नेपाल तामाङ कला संस्कृति केन्द्रले गर्न लागेको हो। प्रतियोगितामा सहभागी हुने तीन दर्जन तामाङ युवतीहरूको छनौट आगामी साता अडिसनबाट गरिने आयोजक संस्थाका प्रमुख मिलन मोक्तानले बताएका छन्।

## होली पार्टीमा भ्यालेन्टाइन मुड

**साप्ताहिक समाचार**



काठमाडौं- राजधानीको अतिव्यस्त मात्र होइन, साँझ परेपछि मस्तीमा झुम्ने दरबार मार्गस्थित टिप्सी लाउन्जमा गायक रामकृष्ण ढकाल आफ्नी जीवनसंगिनी नीलमसँग झुल्किए। त्यो दिन फेब्रुअरी २५ भए पनि फेब्रुअरी १४ अर्थात् भ्यालेन्टाइन डेको मुड ढकाल दम्पतीमा अझै बाँकी रहेको प्रष्ट देखिन्थ्यो। 'हाम्रा लागि बाह्रै महिना भ्यालेन्टाइन, माया गर्न पनि कुनै निश्चित दिन कुर्नुपर्छ र ?' यसो भन्दा थाहा भयो रामकृष्ण रोमान्टिक मुडमै रहेछन्। त्यसैले त आफ्नी जीवनसंगिनीलाई अँगालोमा बाँधेर उनले गाए- 'नजिक आउनुमा, माया लाउनुमा किन हिचकिची...'।

रूपक डोटेलले पनि आफ्नो गीत 'सपनी राम्रो देखिन, विपनीमा भेटिन...'ले वातावरणलाई संगीतमय बनाए। हेमन्त रानाले पनि होलीको वातावरणलाई मस्तीले सजाए। आगन्तुकहरूमा चिनिएका अनुहार पनि थिए, जस्तो कि निमा रुम्बा, रेखा शाह, आशिष स्याङ्गदेन, मनोज केसी (१९७४ एडी), मानवी ढकाल, पुनम थपालिया आदि। टिप्सीका सञ्चालक तथा गीतकार नरेशदेव पन्त होलीभन्दा तीन दिनअघि आयोजित होलीको मुड जगाउने उक्त कार्यक्रममा निम्तो गरिएका प्रायः चर्चित व्यक्तित्वहरूको उपस्थितिले अझ दुई पेग चढाउने मुड बनाउँदै थिए।

# बिबोइङ ब्याटलमा अनवान्टेड



धरान- नेपालमै पहिलोपल्ट धरानमा बिबोइङ प्रतियोगिता सम्पन्न भएको छ। शनिबार धरानको ब्रिटिस कम्युनिटी हलमा भएको बिबोइङ ब्याटलमा धरानको अनवान्टेड ग्रुप पहिलो तथा युनिटी ग्रुप दोस्रो भएका छन्। अन वान्टेड २६ अंक ल्याई पहिलो भएको थियो भने युनिटीले १९ अंक प्राप्त गरेको थियो। धरानमा बिबोइङलाई प्रमोट गर्न पहिलो पटक द पेस युनियनले आयोजना गरेको बिबोइङ ब्याटलका विजेता एवं उपविजेतालाई क्रमशः ५ हजार र ३ हजार रुपैयाँका साथै प्रमाणपत्र प्रदान गरिएको थियो।

नक आउटका आधारमा खेलाइएको बिबोइङ ब्याटलमा धरानका पाँचवटा समूह अन वान्टेड, वि लिंक, कलेक्सन, युनिक र युनिटीको आकर्षक बिबोइङ प्रस्तुति थियो। दिनको २ बजे प्रारम्भ भएको नौलो खालको उक्त प्रतियोगितामा दर्शकको घुइँचो देखिन्थ्यो।

धरानमा रहेका पाँच बिबोइज ग्रुपले आ-आफ्नो बिबोइङ स्टाइल प्रदर्शन गरेका थिए। ब्याटल प्रतियोगितामा टच फिस्टभन्दा अघि उनीहरूले आ-आफ्ना डेमोस्ट्रेसन प्रस्तुत गरेका थिए। निर्णायकले प्रतियोगी टिमको कोरियोग्राफी, टिम वर्क, सिलसिलेबार प्रस्तुति, गीतको बिटमा नृत्य चाल, फ्रिज मुभ, पावर मुभ, टपरक, फुट वर्क डाउन वर्क, एक्स्ट्रा मुभ, स्टेज कभर तथा ड्रेस कम्बिनेसनका आधारमा अंक प्रदान गरेका थिए।

प्रतिद्वन्द्वीलाई छुन नपाई अश्लील शब्द र संकेत पनि प्रदर्शन गर्न निषेध, मात्र आफ्नो डान्स पर्फर्मेन्स अनि निर्णायकको नतिजा– यही नै हो बिबोइङ ब्याटलको प्रतियोगिता।

धरानमा यसको प्रस्तुति हुन थालेको एक वर्ष मात्र भएको छ तर छिटपुट रूपमा मात्र हुने यस्तो फरक बिबोइङ प्रस्तुति भने केही महिनायता भने ह्वात्तै बढेको छ। चुस्त र फुर्तिलो ज्यान आवश्यक पर्ने बिबोइङ दर्शकका लागि पनि उत्तिकै मज्जा हुन्छ।

यसले फिजिकल फिटनेस बढाउँछ भने मेन्टल्ली फ्रेस राख्नुका साथै मनोरञ्जन पनि प्राप्त हुन्छ, तर ड्रग्सबाट भने उनीहरू टाढै हुन्छन्। किनभने बिबोइङ गर्ने युवालाई ड्रग्स प्रयोग गर्न निषेध गरिएको हुन्छ।

# पर्यटन स्थलमा प्रेमजोडी

**भीषण राई**

धरान- तपाईं मन परेको मानिससँग कहीं घुम्न जानुभएको छ ? कुनै त्यस्तो ठाउँ छ जहाँ उनीसँग केही क्षण त्यहाँ बिताउँदा आनन्द मिलोस् । सहरको कोलाहल अनि भीडभाडबाट टाढा अनि सुन्दर स्थलहरूमा अहिलेका युवा प्रेमजोडी भेटिने गरेका छन् । सुन्दर, शान्त र मनोरम स्थल अहिलेका प्रेम जोडीहरूका लागि डेटिङ स्थल बन्दै गएको छ । भेडेटारको नाम नसुन्ने कमै होलान्, फेरि एकपटक त्यहाँ रहेको अग्लो टावरमा चढेर आफ्ना प्रेमीलाई एकनासले उत्तरतिर देखिने परको क्षितिजलाई हेर्दै, कल्पिँदै अनि मायाको भावमा जोसुकै रोमाञ्चित हुन्छन् । यस्ता सुन्दर स्थलहरूमा जान न त कुनै अवसर न त कुनै समय आवश्यक छ । अहिले उनीहरूका लागि सुरक्षित र आकर्षक गन्तव्य रमणीय स्थलहरू नै हुने गरेका छन् ।



बेलुकीको समय भेडेटारको चार्ल्स टावरमा एक जोडी प्रेमी एक-अर्काको अँगालोमा बेरिएर प्रेम साटिरहेका भेटिए । यस्ता ठाउँमा जो-कसैले आफ्नो मनको कुरा, प्रेमका कुरा प्रस्तुत गर्न सक्छन् । प्रेमजोडीहरू यस्ता ठाउँमा प्रेम अभिव्यक्त गर्न व्यग्र छन् । पल्लोपट्टि पनि अर्का जोडी त्यसरी नै मस्त थिए । प्रेमिकाको काखमा सुतेर उनीसँग जिस्किँदै उनको सुन्दरताको प्रशंसा गर्ने प्रेमी अनि प्रेमीको कुरा सुनेर मख्ख पर्ने प्रेमिकाहरू यस्ता सुन्दर ठाउँमा बढ्दै गएका छन् ।

भेडेटारको चिसो वातावरण र सुन्दर ठाउँमा रमाउन विराटनगरबाट आएका एक जोडी त्यहाँ भेटिए । उनीहरूले आफ्ना साथीहरूबाट त्यहाँको कुरा सुनेर आएको बताए । हाम्रो नाम नछाप्नु है, आफ्ना परिवारतर्फ लक्षित गर्दै उनीहरूले भने– 'के गर्नु, यसो कहिलेकाहीं त घुम्नुपर्छ नि, फेरी यस्तो ठाउँमा सँगै बस्नुको मज्जै बेग्लै छ ।' यस्तै सुन्दर ठाउँको खोजी गर्ने युवा जोडीहरूका लागि पूर्वाञ्चलका पर्यटकीय स्थलहरू सुरक्षित गन्तव्य बन्दै गएका छन् । वसन्तपुर, भेडेटार, विजयपुर, बराहक्षेत्र, तालतलैया, वेतना सीमसार, दोमुखा, कन्याम, पशुश्रीमान् नगर हुँदै भारतको मिरिक र दार्जीलिङसम्म ती प्रेमजोडीहरू पुग्ने गरेका छन् । भर्खरै वसन्तपुरबाट आफ्नो प्रेमिकासँग घुमेर धरान आएका विकासले प्रसन्न मुद्रामा भने– 'मज्जा आयो, अब नेक्स्ट टाइम फेरि जानुपर्लाजस्तो छ ।' कैयौं जोडी कुनै न कुनै बहानामा त्यहाँ पुग्ने गरेका छन् । त्यसो त यस्ता ठाउँमा परिवारिक रूपमा पनि मानिसहरू घुम्न जान्छन् तर पनि युवा प्रेमी जोडीहरूका लागि चाहि विशेष नै हुने गरेको छ । धराननजिकैको विजयपुर डाँडामा पर्ने पञ्चकन्या जंगल, बुढासुब्बा मन्दिर आसपास र धरानमै रहेका विभिन्न पार्कमा जुनै समय पनि मायाका जोडी भेटिन्छन् ।

दीपक भुजेल भन्छन्– 'यहाँ जहिले पनि कुनै न कुनै जोडी हुन्छन् ।' विशेषतः यो ठाउँमा चाहिँ अरू ठाउँका प्रेमजोडीभन्दा स्थानीय जोडीहरू नै बढी देखिन्छन् । वराहक्षेत्रस्थित पवित्र कोकाहा र सप्तकोसीनदिको संगमस्थलमा रहेको किनारमा एक जोडी प्रेमी सँगै जिउने सँगै मर्ने कसम खाइरहेका थिए । जनकपुरबाट त्यहाँ आएका ती जोडी मन्दिर दर्शनसँगै यता घुम्दै आएका थिए । प्रेममा परेका यस्ता व्यक्तिहरू यस्तो ठाउँमा आफसेआफ भावुक बन्ने गरेका छन् । यस्ता जोडीहरू कति बोकियो-बोकियो, भानुचौकमा रहेका ट्याक्सी व्यवसायी राजु राईले बताए । उनले भने– 'मैले यस्ता जोडीलाई कहिले भेडेटार, कहिले कन्याम, कहिले कहाँ, धेरै ठाउँमा पुर्‍याएको छु ।' अरू बारभन्दा शुक्रबार र शनिबार यस्ता सुन्दर स्थलमा सुन्दर जोडीको उपस्थिति बाक्लो देखिन्छ ।

सहरको कोलाहलबाट टाढा रहन अनि आफ्ना अभिभावकहरूको आँखा छल्न पनि टाढा-टाढा उनीहरूको गन्तव्य हुने गरेको छ । दोमुखामा पनि यस्ता जोडीहरू विभिन्न ठाउँबाट आउने मोरङ पथरीका पत्रकार दीपेन राईले बताए । झापाका कुमार लिम्बू आफ्नी प्रेमिकासँग माईधारमा बसेर एक-अर्कामा पानि छ्यापछ्याप गरेको कहिल्यै भुल्दैनन् । लिम्बू भन्छन्– 'उनीसँग त्यहाँ बिताएका क्षण पल-पल याद आइरहन्छ ।'

कन्यामको हरियो चियाबगानमा घरी-घरी देखिने कपासजस्तो बादलको घुम्टोभित्र लुकामारी गर्दै थुप्रै जोडीले मजा लिइसकेका छन् । प्रायः टिनएजर्सहरू यसरी रमाउन आउने गरेका छन् भने अहिले अधबैंसे जोडीको संख्या पनि बढ्दै गएको छ । अहिलेको युवापुस्ता होटल र रेस्टुराँ छाडेर यस्ता ठाउँमा जानु प्राकृतिक सुन्दरतामा उनीहरूको मन गएको होटल एसोसिएसन अफ धरानका अध्यक्ष महेन्द्र प्रधानले बताए । प्रधानका अनुसार होटलमा खाने-बस्ने व्यवस्था हुन्छ, तर त्यस्ता प्राकृतिक वातावरणले भरिपूर्ण सुन्दरता हुँदैन । प्रेम गर्ने व्यक्ति जहिले पनि सुन्दर, शान्त प्रकृतिका हुन्छन् र उनीहरू पनि यस्तै ठाउँको खोजीमा हुन्छन् । प्राकृतिक सुन्दरतामा रमाउन चाहने जोडीहरूको प्रेम चोखो र निःस्वार्थ हुन्छ । उनीहरू यस्ता ठाउँमा उनीहरू आफ्ना मनका कुरा साटासाट गर्छन् र एक-अर्काको भावना बुझ्छन् ।

स्वार्थी प्रेमीजोडीहरूले होटलमा गएर प्रेमी वा प्रेमिकाको इच्छाविपरीत अनैतिक कार्य गर्ने गरेका छन् । उनीहरूको प्रेम छोटो र दुर्घटना निम्तिन सक्ने किसिमको हुन्छ । मोटरबाइक र स्कुटरजस्ता सवारी साधनको सहज पहुँच भएकाले पनि लङ ड्राइभ राम्रो डेटिङ बन्ने गरेको छ । वसन्तपुर र भेडेटारको चिसो वातावरणसँगै हिमश्रृंखलाको अवलोकन, धरानको विजयपुरको शान्त अनि सुन्दर हरियो डाँडा, वराहक्षेत्रको कोकाहा र सप्तकोसीको संगम स्थल, इटहरीनजिक रहेको तालतलैया, मोरङ बेलबारीमा पर्ने वेतना सीमसार, दोमुखास्थित माईधारको पानीमा भिज्दै, कन्यामको चियाबारीमा लुकामारी खेल्न अनि पशुपतिनगर र दार्जीलिङको रक गार्डेनमा फोटो खिच्दै आफूले मन पराएको मानिससँग समय बिताउने रहर कसमा जाग्दैन र ?

# लभजोडीका लागि इलाम रमाइलो



**युवराज गौतम**

इलाम– हरियो चियाबारी र सल्लाघारीको तस्बिर मात्र देखेका महेश र जवाको जोडीले इलाम यात्राको योजना बनाए । राजधानीको कोलाहलबाट मुक्त हुन र प्रेमालापको मजा लिन उनीहरूले एक महिनाअघि नै भ्यालेन्टाइन डेकै दिन इलामयात्रा गर्ने योजना बुनेका थिए । चियाबारी र सल्लाघारी प्रेम साट्ने जोडीका लागि अब्बल गन्तव्य बनेपछि महेश र जवाजस्तै जोडीलाई यहाँका हरेक थुम्कामा रहेको चियाबारी, सल्लाघारी र स्वच्छ हावापानीले आकर्षित गरेको छ ।

भ्यालेन्टाइन डेमा मात्र होइन, यहाँका हरिया चियाबारीमा हरेक दिन प्रेमजोडीहरू भेट्न सकिन्छ । मौसम चिसो भए पनि पारिलो घामले जोडीहरूलाई आनन्द दिएको छ । चियाका बुट्टामा छलिएर र सल्लाघारीभित्र लुकेर मजा लिनेहरूको संख्या बढ्दै गएको छ । वनभोजका लागि अब्बल गन्तव्य बनेको पूर्वाञ्चलको चर्चित स्थल कन्याममा सबैभन्दा बढी प्रेमजोडी नै भेट्न सकिन्छ । प्रेमजोडीहरू मेचीराजमार्ग हुँदै मोटरसाइकलमा कन्याम पुग्छन् । राजधानीबाट इलामयात्रामा निस्कने महेश र जवाले पनि पहिलो रोजाइ कन्याममलाई नै बनाएका छन् । उनीहरू भन्छन्- 'तस्बिरमा हेर्दा र अखबारमा पढ्दा त कन्याम नै उपयुक्त छ जस्तो लाग्छ ।'

इलाम जिल्लाका हरेक डाँडा चियाबारीले भरिएकाले यो प्रेमजोडीका लागि उपयुक्त गन्तव्य भएको छ । पशुपतिनगर, बौद्धधामको सल्लाघारी, पञ्चकन्या मन्दिरको दर्शन र नजिकै करफोकको सल्लाघारी साथै इलामसदरमुकाम स्थित चियाबारी अनि त्यसबीचमा रहेको लभडाँडो पनि प्रेमजोडीका लागि उपयुक्त मानिन्छ । चियाबारी ठूलो क्षेत्रफलमा फैलिएकाले प्रेमजोडीलाई जस्तोसुकै क्रियाकलाप गर्न पनि अप्ठेरो छैन, तर समाजलाई नपच्ने दृश्य बढ्दै गएको घटनाप्रति भने कन्यामका पर्यटनकर्मी अनिष राई दुःख व्यक्त गर्छन् । राई भन्छन्- 'स्थानीय समाजलाई नपच्ने दृश्यले विकृति भित्र्याएको छ, त्यसलाई रोक्ने कुनै संयन्त्र छैन ।' घुम्न आएका पर्यटकलाई अवरोध गरे व्यवसायमै अवरोध पुग्ने सरोकारवालाहरूको ठम्याइ छ ।

भारतीय पर्यटकहरू बढी मात्रामा आउने सीमावर्ती अन्तुडाँडा र त्यसक्षेत्रका चियाबारी, सल्लाघारी पनि प्रेमजोडीका लागि उपयुक्त गन्तव्य हो । सबै किसिमका पर्यटकको रोजाइ कन्याम नै भए पनि तन्नेरीहरूका लागि यो अझ बढी उपयुक्त स्थानका रूपमा चिनिन्छ । स्थानीय बासिन्दा लेखनाथ दाहाल भन्छन्- 'मोटरसाइकल एकछेउमा राखेर जोडीहरू चियाबारीमा हराउँछन् ।' यतिबेला पनि २० देखि २५ वटासम्मको समूह मोटरसाइकलमा आउँछन्, अझ गाडीमा त कति हो कति ?'

इलामका हरेकजसो स्थान धेरै उचाइमा छन् । यहाँबाट तराईका फाँटहरू, हिमश्रृखलाका साथै हरियाली दृश्य हेर्न पाइने भएकाले बाह्रैमास पर्यटक आउँछन् । चियाबगानमा मजा लिन आउने पर्यटकले नेपाली चियाको इतिहास, यसको खेतीको तौरतरिका, किसानको जीवनस्तर, मुना टिप्ने तरिका, कारखानाहरू र त्यसमा चिया प्रशोधन गर्ने तरिकाका बारेमा बुझाएर लामो समयसम्म पर्यटक भुल्याउने काम थाल्नुपर्ने टि-टुरिज्मको प्रबर्द्धन गरिरहेको संस्था 'शान्ति र विकासका लागि सञ्चार मञ्च'का महासचिव तोयानाथ भट्टराई बताउँछन् ।

**दार्जीलिङ पनि**

भिरालो जमिन, ओसिलो भूभाग, हरियो चियाबारी, आधुनिक जीवनशैली र स्वच्छ हावापानी भएको दार्जीलिङ पनि लभजोडीका लागि उपयुक्त गन्तव्य हो । दार्जीलिङको रकगार्डेन, चौरस्था, बतासे लुप, मिरिक ताल, ओकाइटी चियाकमान आदि क्षेत्र आकर्षक छन् । नेपालका विभिन्न क्षेत्रबाट इलाम पुगेका मानिसहरू दार्जीलिङ नपुगी फर्कंदैनन् । झापाको काँकडभिट्टा र इलामको पशुपतिनगरमार्फत दार्जीलिङ प्रवेश गरेपछि मिरिक झिल र त्यसको नजिकै रहेको ओकाइटी चिया कमान पुग्नेहरू पनि प्रशस्तै हुन्छन् । ओकाइटीस्थित भ्यूटावरबाट दार्जीलिङको हरियाली भू-भाग र तराईका समथर फाँटहरू हेरेर रमाइलो गर्न सकिन्छ ।

फागुन-चैत महिनाको मौसम प्रेमजोडीका लागि उपयुक्त हुन्छ । मोटरसाइकल कम मात्र गुड्ने यहाँका सडकमा साना गाडीहरू रिजर्भ गरेर दार्जीलिङ पुग्न सकिन्छ । आधुनिक जीवन शैलीमा रम्ने दार्जीलिङ्गेहरूले गर्ने स्वागत-सत्कारले पर्यटकहरूलाई सधैं आकर्षित गर्दै आएको छ ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एक अधबैंसेले व्यक्ति डाक्टरकहाँ पुगेर भन्यो- डाक्टर सा'ब मेरी श्रीमती बहिरी भए जस्तो छ। कुनै कुरा पनि एकै पटक भन्दा सुन्दिनन्, चार-पाँच पटक दोहोऱ्याएर भन्नुपर्छ, म के गरौं ?

यसो गर्नुस्- डाक्टरले भन्यो, आज बेलुकी घर फर्किएपछि श्रीमती भन्दा बीस फुट परबाट सम्बोधित भएर केही कुरा भन्नुहोस्, उनले नसुने फेरि पन्ध्र फिटबाट केही भन्नुस्, नसुने फेरि दस फिट टाढाबाट केही भन्नुस्, नसुने पाँच फिट टाढाबाट फेरि भन्नुस्।

यसो गर्दा के हुन्छ ? व्यक्तिले सोध्यो।

यसो गर्दा तपाईंकी श्रीमती कुन हदसम्म बहिरी भएकी छन् भन्ने कुरा अनुमान गर्न मलाई सजिलो हुन्छ- डाक्टरले जवाफ दियो।

त्यो व्यक्ति घर गयो, श्रीमती भान्सामा काम गर्दै थिइन्। उसले बीस फुट टाढाबाट सोध्यो- कमला, के पकाउँदै छौ ? जवाफ आएन।

ऊ पाँच फिट अगाडि बढ्यो र सोध्यो- कमला, के पकाउँदै छौ ? फेरि पनि जवाफ आएन।

ऊ अझै पाँच फिट अगाडि बढ्यो र भन्यो- कमला, के पकाउँदै छौ ? जवाफ आएन।

अब ऊ अझै पाँच फिट अगाडि बढ्यो र सोध्यो- कमला- के पकाउँदै छौ ? काउलीको तरकारी, श्रीमतीले रिसाउँदै बोली, चार पटक भनिसकें काउलीको तरकारी भनेर कस्तो नसुनेको ?

०००

एउटा व्यक्ति कसैको घरमा गयो। घरमा कोही पनि थिएन, एउटा दस वर्षको बालक थियो। उसले बालकसँग सोध्यो- 'बाबु तिम्रा पाइलट बुबा कतिखेर आउनुहुन्छ ?'

'फ्लाइट लिएर विराटनगर जानुभएको छ ३ घन्टा १५ मिनेट २० सेकेन्डमा फर्कनुहुन्छ' बालकले जवाफ दियो। 'अनि आमाचाहिँ कति बेला फर्कनुहुन्छ ?'

'आमाको त टुंगो छैन।'

'बुबाको फर्कने टाइमचाहिँ सेकेन्डसहित भन्छौ आमाको चाहिँ टुंगो छैन ?' व्यक्ति छक्क पर्दै सोध्यो।

'बुबा पाइलट हो उहाँको निश्चित टाइम छ तर आमा त मट्टीतेलको लाइनमा बस्न जानुभएको छ नि त,' बालकले जवाफ दियो।

०००

प्रेमी : हैन, तिमीले यो मिनीस्कर्ट लगाएको देखेर घरमा बुवाले गाली गर्नु हुन्न ?

प्रेमिका : अहँ, गर्नु हुन्न तर आमाले चाहिं साह्रै गाली गर्नुहुन्छ।

प्रेमी : बुवाले केही नभन्ने अनि आमाले चाहिं किन त्यति धेरै गाली गर्ने नि ?

प्रेमिका : आमा आफ्नो लुगा अरूले लगा'को मनै पराउनु हुन्न।

## ● कविता ●

### शरीर उसको लुक्दैछ



तिम्रै यादमा सगरमाथा झुक्दैछ
यसरी नै उसको आँसु सुक्दैछ
दिलमा छुरा हानी तिमी अन्तै जाँदा
हरेक पल उसको मुटु दुख्दैछ
साथ हुँदा हात तिम्रो सरल थियो यात्रा
हर पाइला उसको आज रुँदैछ
दिलबाटै झिकेर फाल्यो कि फोटो उसको
तिम्रै नाम लिँदै पलपल भुक्दैछ
दुनियाँ नै स्वार्थी यो बाँच्न ऊ चाहँदैन
आज कतै शरीर उसको लुक्दैछ।

**यल्जी विवश**

### जल मिसिएपछि हजुर

बागमतीमा ढल मिसिएपछि हजुर
कसको के लाग्यो र मल मिसिएपछि हजुर
अचेल के भएको हो अशुद्ध जमाना
ढल जति सबै पिउने जल मिसिएपछि हजुर
खराब चालचलनमा होमिन थालेर यही त
नदीनालामा रगतका भल मिसिएपछि हजुर
बिराम गर्ने ढेडुँ, दोष पाउने हनुमानझैं
रुवामा बिझाउने थाकल मिसिएपछि हजुर
नाम मात्र रै'छ देश भन्ने भनाइहरू र त
गुट, पार्टीमा शक्ति र फोर्स मिसिएपछि हजुर।

**बिन्दा लामा**

### दुख्ने शूलको कुरा

भयो छोड त्यो सुन्दर फूलको कुरा
कति गर्ने सधैं दुख्ने शूलको कुरा
भ्रम सिवाय के नै छ र यो दुनियाँमा
नगरौं रंगीचंगी त्यो तुलको कुरा
सत्य आखिर सत्य नै हो एक्लो भए नि
कति सुन्ने सधैंभरि त्यो हूलको कुरा
कुण्ड कुण्ड पानी भन्छन्, मुण्ड मुण्ड बुद्धि
पहिले त बुझ्नैपर्छ के हो मूलको कुरा
सबै जुटौं, सबै उठौं अब एकचोटि
बिर्सिदेऊ विगतको त्यो भूलको कुरा
पहिले त आफैलाई बनाऊ बलियो
त्यसपछि हेर्दै जाऊँ प्रतिकूलको कुरा।

**सन्त थलङ**

### आँसु

भत्-भत् मुटु पोल्दा भट्टीतिर बिलाएँ हजुर
धोका भो जवानीमा शान्त पार्न पिलाएँ हजुर
जूनझैं चम्किदिन्छु भन्नेले छोडी जाँदा
सपनीमा झल्को आउँदा तस्बिर मिलाएँ हजुर
झूटो कसम साँचो मानी विश्वासमा झुक्किंदा
निर्मोहीलाई दया गरी आफ्नो हातले खिलाएँ हजुर
कमजोर भए मेरा सारा सपना
दिन पनि रात भो बेहोसीमा चिच्याएँ हजुर
पटकपटक मायाको भीख जति मागे पनि
आशा जति खरानी भो बाँकी आँसु दिलाएँ हजुर।

**वीरेन्द्रराज ढकाल**

### मैले थोरै पिएको छु

आज फेरि एकान्तमा थोरै पिएको छु
तिमीसँग छुट्टिएर, खुसीसाथ जिएको छु।
तिम्रो-मेरो बाटो अलग लाग आफ्नै बाटोतिर
यो जोवन अर्कैलाई राजीनामा दिएको छु
छिट्टै बुद्धि आयो तिम्लाई म पनि त खुसी नै छु
दुःख दिने छैनौ भन्ने आत्मविश्वास लिएको छु
तिम्रो मेरो छुटनीको समाचार पाइछन् उनले
छिटै उनी आउँदै छिन् रे चोली मैले सिएको छु।

**बद्री शिवाकोटी**

## ● लघुकथा ●



### साथी

राजु धनी परिवारमा जन्मिएको थियो भने भरत निम्न परिवारमा जन्मिएको थियो। उनीहरू दुवै जना एउटै स्कुलमा सँगै जान्थे। राजुकी आमालाई आफ्नो छोरा भरतसँग मिलेको पटक्कै मन पर्दैनथ्यो। एक दिन भरत राजुलाई भेट्न उसको घरमा पुग्यो। राजुकी आमाले रिसाउँदै भनिन्– 'आजदेखि तिमी मेरो छोरा राजुसँग मिल्नु पर्दैन। ऊसँग स्कुल जानु पनि पर्दैन।'

राजुकी आमाले त्यसो भनेपछि भरत आफ्नो घर गयो। राजुलाई पनि आमाले 'तँ आजदेखि त्यो भरतसँग मिलेको, खेलेको र स्कुल सँगै पढ्न गएको देखें भने म तँलाई पनि बाँकी राख्दिनँ।' 'किन आमा, म आफ्नो मनपर्ने साथी भरतसँग खेल्न, मिल्न र सँगै पढ्न जान नपाइने ? राजुले सोध्यो।

'त्यो निम्नस्तरको परिवारमा जन्मिएकोलाई तैंले साथी बनाइस् भने हाम्रो इज्जतै मासिन्छ नि छोरा,' आमाले भनिन्। अबदेखि मैले कसलाई साथी बनाउँदा ठीक हुन्छ त आमा ?' राजुले आमासँग प्रश्न गऱ्यो। हामीभन्दा धनी रत्नबहादुरको छोरा माधवलाई साथी बनाइस् भने हाम्रो इज्जत पनि बढ्दै जान्छ,' राजुकी आमाले भनिन्। आफ्नी आमाको वचन टार्न नसकेर राजु माधव पढेकै स्कुलमा भर्ना भयो।

**–अरुणबहादुर खत्री**

# तेस्रो राष्ट्रिय प्राङ्गारिक कृषिमेला

काठमाडौं- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम र जिल्ला कृषि विकास कार्यालयको संयुक्त आयोजनामा तीन दिने तेस्रो राष्ट्रिय प्राङ्गारिक कृषि प्रदर्शनी सम्पन्न भएको छ। भृकुटीमण्डपको खुलाचौरमा भएको प्रदर्शनीमा उपत्यकाको काठक्षेत्र र बाहिरी जिल्लाका कृषकहरूले गत १३, १४ र १५ आफ्नो अर्गानिक उत्पादनको प्रदर्शन गरेका थिए।



प्रदर्शनीमा अन्नबाली, नगदेबाली, तरकारीबाली, फलफूल, मसलाबाली, चिया, कफी, मह, च्याउ आदि ६० स्टल राखिएको थियो। प्राङ्गारिक कृषि प्रणालीमा कृषकहरूलाई जागरूक गर्न र उपभोक्तालाई स्वस्थकर प्राङ्गारिक कृषिजन्य वस्तुहरूको उपभोग गर्ने बानी बसाल्न कृषिमेला आयोजित गरिएको कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमका प्रमुख रोजलिन महर्जनले बताइन्।

मेलामा कृषि सूचना, कृषि उपजहरूको प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, नौला प्राङ्गारिक खेती प्रविधि प्रदर्शन आदिको आकर्षण थियो। कार्यक्रमको उद्घाटनमा प्राङ्गारिक खेतीका बारेमा चर्चा भएको थियो। गोठेमलको व्यवस्थित प्रयोग बढाएर रासायनिक मल तथा विषादीलाई विस्थापित गर्दै प्राङ्गारिक खेतीतर्फ सबै कृषक अग्रसर हुनुपर्ने वक्ताहरूले बताएका थिए। रासायनिक मल प्रयोग गरेर माटोको अम्लीयतामा वृद्धि, जैविक विविधताको ह्रासबाट माटोको प्राकृतिक जीवन नष्ट हुँदै गएको बाली विशेषज्ञहरूले बताए। नाइट्रोजनयुक्त रासायनिक मलको बढी प्रयोगले माटोमा नाइट्रेड संकलन भएर माटोमुनि चुहिएर भूमिगत पानी दूषित भैरहेको छ।

'गाउँमा रासायनिक मल प्रयोग नगरी उब्जाएको हाम्रो खाद्य र तरकारी बालीको प्रचार गर्न आएको छौं,' रसुवाको थुमन-८ बाट आफ्नो प्रदर्शनका लागि आएकी सार्कीमाया तामाङले भनिन्- 'बिक्रीभन्दा पनि अर्गानिक खेतीको प्रचार-प्रसार गरी आफ्नो गाउँ चिनाउनु छ।'

प्रदर्शनीमा सिन्धुलीरानीबास-१ को 'रानीबास प्राङ्गारिक कृषि सहकारी'का सचिव रामप्रसाद बराल पनि आइपुगेका थिए। गाउँमा एक घर एक बीउ संरक्षणको नारा रहेको उनले सुनाए। कृषकहरू जीरेखुर्सानी, तिल, फर्सि, जुनेली मकै, धान, मकै आदिको बीउ प्रदर्शनी गरेर आफ्नो संस्था र गाउँको प्रचार-प्रसार गरिरहेका थिए। प्रदर्शनमा विभिन्न जातको तरकारी, गुन्द्रुक, भुजुरी, मह, जुम्लाको स्याउ, कोदाको पीठो, मकैको च्याँख्ला आदि राखिएको थियो। आयोजकले अर्गानिक खेती गर्ने केही कृषकलाई समापनका दिन सम्मानसमेत गरिएको थियो। आयोजकहरूका अनुसार १५ हजारले प्रदर्शनी अवलोकन गरेका थिए।

**–मकर श्रेष्ठ**

# सकियो व्यापार मेलाको रमाइलो

बुटवल– 'स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार सहरदेखि गाउँसम्म व्यापार विस्तार' नाराका साथ फागुन ६ गतेदेखि बुटवलमा सञ्चालित व्यापार मेला तथा अटो प्रदर्शनी सम्पन्न भएको छ। रामनगरस्थित बुटवल मण्डपमा १० दिनसम्म चलेको मेला ३ लाख दर्शकले अवलोकन गरेका र १९ लाखको आर्थिक कारोबार भएको आयोजक रूपन्देही व्यापार संघले जनाएको छ।



बृहत् स्तरमा आयोजित प्रदर्शनीमा देशका झन्डै २०-३० जिल्लाका उद्योग तथा वाणिज्यसँग सम्बन्धित उत्पादन, हस्तकला, गार्मेन्ट, कृषि, प्रविधि, बैंक तथा वित्तीय संस्था, होटल-रेस्टुराँ र अटोमोबाइल्सका गरी ४ सय बढी स्टल थिए।

मेलामा लुम्बिनी अञ्चलका ६ वटै जिल्लाका पर्यटकीय तथा धार्मिक क्षेत्रको दृश्य समेटिएको डकुमेन्ट्री प्रदर्शन गरिएको थियो भने लोकदोहोरी तारा, डान्स आइडलजस्ता प्रतियोगिता एवं राष्ट्रिय कलाकारहरूको प्रस्तुति आकर्षक रह्यो। मेलामा आधुनिक गायक रामकृष्ण ढकाल हेमन्त शर्मा, पप गायक सुगम पोखरेल, लोक आधुनिक गायक शिव परियार, दोहोरी गायकहरू कृष्ण देवकोटा, विष्णु खत्री, रमेश बीसी, पुरुषोत्तम न्यौपाने, राधिका हमाल, हास्यकलाकार केदार घिमिरे, कुञ्जना घिमिरे र सीताराम कट्टेल, दीपक थापा, शिवहरी वैरागी आदिले आ-आफ्नो प्रस्तुतिमार्फत पर्याप्त मनोरञ्जन प्रदान गरे भने राष्ट्रिय स्तरको लोकदोहोरी प्रतियोगिताले लोकसंगीतका पारखीको मन जित्दै छमछमी नचायो, जसमा क्षेत्री समाज प्रथम, तिनाउ दोहोरी साँझ दोस्रो भए।

मेलामा पहिलो पटक प्रस्तुत गरिएको बुटवल डान्स आइडलमा ३५ जनाले प्रतिस्पर्धा गरेकोमा प्यारामाउन्ट उच्चमावि कक्षा ९ की सुजाता आले प्रथम भइन्। बुटवल इलिट बोर्डिङ कक्षा ८ की सरस्वती क्षेत्री दोस्रो र अक्सफोर्ड कलेज कक्षा १२ की रजनी कर्माचार्य तेस्रो स्थानमा रहे। मेलामा सहभागी स्टलमध्ये अटोतर्फ बजाज कम्पनीको गाडी विक्रेता भैरव अटोमोबाइल्स प्रथम, टाटा मोटर्स कम्पनीको गाडी विक्रेता गण्डकी अटो ट्रेडिङ द्वितीय र यामाहा कम्पनीको गाडी विक्रेता सपना अटो मोबाइल्स ट्रेडर्स तृतीय तथा न्यू होल्यान्ड ट्याक्टर विक्रेता भुसाल ट्याक्टर सप्लायर्स सान्त्वना भए भने अन्य स्टलतर्फ नेपाल क्राफ्ट उद्योग धापासी प्रथम, मदनपोखरा कृषि तथा बजार सहकारी द्वितीय, खनाल ढाका कपडा उद्योग तृतीय तथा बुद्ध मार्बल्स सान्त्वना घोषित भए।

**–टोपराज शर्मा**

## ● सन्देश ●

काञ्छा, किन हो फोन पनि नगर्ने ? कतै टाढा हुन खोजेको त हैन ? मलाई प्रेमको गहिराइमा पुऱ्याएर तिमी फुत्कन खोज्छौ भने मेरो भन्नु केही छैन । म घमन्डी छु, त्यो भनिरहन नपर्ला नि हैन । यदि तिमीलाई पाइन भने म स्वयं यो धर्तीमा रहनेछैन र सातौं जुनीसम्म पनि तिमीलाई पछ्याइरहनेछु ।

star-prabin@yahoo.com

काली सुन्दरी, के गर्दैछौ ? म त यहाँ तिम्रै यादमा तड्पिरहेको छु । त्यसमाथि घृणाको सागरमा डुबिरहेको छु । अनि तिरस्कारको जन्जिरले बेरिएको छु । तिम्रो मनमा मेरा निम्ति अलिकति माया भए भेट्न आऊ । म तिम्रै प्रतीक्षामा छु ।

**विजय**

सुजाता, भीमसेन, सुरज, इन्द्रमाया, श्रृंखला, प्रमिला तथा सन्तोषमा परीक्षाको उत्तम नतिजाका लागि शुभकामना ।

**हरिजंग थापा**

जोत्सना, कहाँ हराउनुभयो ? के गर्दै हुनुहुन्छ ? हजुरको नाममा पत्र पठाएँ, आशा छ पाउनुभयो होला, तर सम्पर्क गर्नुभएन, सम्पर्क गर्न अनुरोध गर्दछु ।

**बुद्धिराज**

हेर, म तिमीलाई धेरै माया गर्छु, तिमीले मलाई नचाहे पनि म तिमीलाई चाहन्छु । तिमीले केही कुरा गर्न नसके पनि मसँग बोल्न कहिल्यै पनि नबिर्सनु ।

**निरञ्जन**

श्री ४ शत्रुपक्षलाई सम्बोधन गर्ने शब्द हो । त्यसैले जति पनि मेरा श्री ४ हरूले मेरो पछाडिबाट खुट्टा तान्ने काम गर्छन् म त्यहींबाट नयाँ पाठ सिक्छु सफलतामा पुग्छु तर एक दिन म बदला लिएरै छोड्छु । मेरा श्री ४ हरूलाई सदा सलाम ।

**बुद्धिराज**

कहिलेदेखि म तिमीप्रति आकर्षित भएछु, थाहै भएन । यदि तिमीलाई...वास्ता छैन भने तिम्रो मुटुको तर धड्कनलाई छुेर म सधैं धड्किरहेको हुनेछु । तैपनि तिमी आफ्नो विवशताका कारण मबाट टाढा भए पनि विछोडपछि मिलन अवश्य हुनेछ भन्ने आशाका साथ छट्पटाइरहेको मलाई साथ दिन ढिला गऱ्यौ भने आँसु नै आँसुको भलको जीवन अनि यो रोइरहेको आत्माले तिमीलाई धिक्कार्नेछ । त्यसैले मलाई टाढा हुन्छु भनेर सपनामा पनि नसोच, म तिम्रै, सिर्फ तिम्रै ।

**सुरेल**



रमिला, तिमीलाई सम्झिरहन्छु । प्रथम पटक तिमीले ब्रोदर भनेर पठाएको म्यासेज सधैं राखिरहनेछु । साँच्चिकै खुसी लाग्यो नानु, त्यो साँझ जुन न्यू इयरको दिन थियो । समय र शिक्षा नै सबैभन्दा शक्तिशाली कुराहरू हुन् भनेर सधैं मेहनतमा जुटिरहनु ल । सफल र सुन्दर भविष्यको कामना अनि सरी । २१ गतेको तिम्रो रिक्वेस्ट पूरा गर्न सकिन ।

**हेमन्त**

मेरा स्नेही मित्रहरू, म तपाईंहरूबाट केही समय टाढिएर पनि कहिल्यै बिर्सनेछैन । सम्पूर्ण साथीहरूलाई आ-आफ्नो कार्यक्षेत्रको हार्दिक शुभकामना । नभुल्नुहोला हजुरहरूको म शुभचिन्तकलाई ।

**विक्रम भारती**

## पहिलो प्रेम

## ● जीवनको गोरेटोमा ●



२०६३ सालको एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण भएपछि म उच्चशिक्षाका लागि काठमाडौं आएँ । ०६४ सालमा कलेजमा भर्ना भएँ । परिचयका क्रममा एउटी यस्ती साथी भेटिइन् जसले मेरो परिचय सोधिन् । केही समय साधारण साथीकै रूपमा बित्यो ।

त्यसपछि उनी कलेजमा अझ नजिक हुन खोजिन् । त्यसपछि सुरु भयो हाम्रो प्रेम । अहिलेसम्म एक-अर्काले माया गर्छु भन्न सकिएको थिएन । मैले भन्ने कुरा उनैले भनेपछि खुसी हुनु स्वाभाविक नै हो ।

मैले केही दिनका लागि आफ्नो गाउँ जानुपऱ्यो । उनलाई म घर जाँदैछु, २-४ दिनपछि फर्कन्छु भनें । त्यसपछि उनले भनिन्- तिमी मलाई एक्लै छाडेर घर जाँदैछौ । त्यसो भए तिमी २ दिनमा फर्कनु मलाई न्यास्रो लाग्छ । घरबाट के लिएर आउँछौ मेरा लागि ? मैले भनें- जे भन्छ्यौ त्यही ल्याइदिन्छु । उनी हाँसिन् । म आफ्नो घर गएँ र ४ दिनमा फर्किएँ । काठमाडौं आइपुगेको दिन उनले मलाई आफ्नो घरमै बोलाइन् । केही फलफूल किनेर म उनको घर गएँ । त्यसपछि उनको घरमा सबैसँग परिचय गरेर दिउँसो खाजा खाई फर्किएँ ।

हामीलाई केही कुराको कमी थियो भने पैसाकै कमी थियो । त्यसपछि उनले आफै विदेश जाने कुरा गरिन् र अब म विदेश जान्छु । कक्षा ११ को जाँच सकेर उनी दुबई उडिन् आफ्नो र मेरो भविष्यका लागि । भनेको काम नपाएकाले दुबईबाट दुई महिनामै फर्किन् पनि । त्यसपछि उनको घरमा विवाहको कुरा चल्यो । उनले मलाई भनिन्- घरमा मेरो विवाहको कुरा गरिरहेका छन् ।

तिमी किन चिन्ता गर्छौ भन्दै मैले उनलाई पुनः कलेज पढ्न आग्रह गरें । उनले अध्ययन सुरु गरिन् । उनलाई कम्प्युटर पनि सिकाएँ । उनका र मेरा दाइ-भाउजू पनि राम्रोसँग परिचित भैसकेका थिए ।

एक दिन अचानक फोनमा उनीसँग रातको १ बजेसम्म झगडा पऱ्यो । त्यो दिन गल्ती मेरो थियो । अबदेखि नबोल कट्टी जस्ता शब्द मैले उनीमाथि प्रहार गरें । उनले मलाई कति सम्झाइन् । रिसको आवेगमा उनले पनि मलाई गाली गरिन् । अन्त्यमा २ बजेतिर फेरि फोन गरेर तिमी रिसाएको भनिन् ? नरिसाऊ म त तिम्रै त हो नि । हामीले खाएको कसम तिमीले भुल्यौ ? मैले भनें- भयो मलाई फकाउनुपर्दैन, ठीकै छ । त्यसपछि भोलिपल्ट म कलेज गइनँ । फोन गरिन्- तिमीलाई के भयो ? आऊ कलेज । त्यसपछि म कलेज पुगें । कलेजमा उनले मलाई गाली गरिन्- तिमीलाई के भयो ? किन त्यसो भन्दैछौ ? म केही बोलिनँ । त्यसपछि चाँडै घर फर्किएँ । खै मलाई के भयो त्यो दिन मैले उनीसित राम्रोसँग बोलेको भए सायद आज यो दिन आउने थिएन ।

हामी आज नदीका दुई किनारा भएका छौं । म अरू केटीसँग लागेको र उनलाई छाडेको कुरा कसैले भनिदिएछन् । वास्तवमा म कसैसँग लागेको थिइनँ । त्यस दिन खै के भयो मलाई केही थाहा भएन । त्यसपछि मैले उनलाई फकाएँ, उनमा परिवर्तन आएन । उनी दुई दिनसम्म पूरा रोएर बसिन् । त्यस अवधिमा फोन गरेको भए उनको मन परिवर्तन हुन्थ्यो, त्यो मैले चाहिनँ । ठीकै छ जे हुनु भयो, उनले हालै विवाह गरेकी छिन् । यसमा दोष कसको हो ?

**-जयकृष्ण**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..................................................................................

उमेर : .................................... उचाइ : ....................................

पेसा : .................................... शिक्षा : ....................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................................वर्ण : ....................................

इमेल : ..................................................................................

ठेगाना :..................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................................

..........................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



हँसिलो एवं मिलनसार स्वभावका भीमप्रकाश बिसी 'मुस्कान' जागिरे जीवन बिताइरहेका छन् । ५ फिट ६ इन्च अग्ला बिसीले एसएलसी उत्तीर्ण गरेका छन् । २१ वर्षीय भीम पत्रपत्रिका अध्ययनमा अभिरुची राख्छन् । गहुँगोरो वर्णका भीमप्रकाश हालसम्म अविवाहित नै छन् । धनी-गरिब भेदभाव नगर्ने, सुखमा नमात्तिने एवं दुःखमा नआत्तिने, अरूको भावना बुझ्ने, इमान्दार, साथी भएपछि जीवनको अन्त्यसम्म साथ दिने साथीको खोजीमा रहेका भीमलाई साथी बनाउन चाहनेहरूले श्री गणपति रोजिन एन्ड टर्पेन्टाइन प्रालि, डिपो कार्यालय, देवस्थल, सल्यानमा पत्राचार गर्न सक्नुहुन्छ ।



मिलनसार स्वभावका अर्जुन थापामगर ५ फिट २ इन्च अग्ला छन् । १६ वर्षीय थापामगर हाल कक्षा ८ मा अध्ययनरत छन् । अर्जुन साथी बनाउने एवं भ्रमण गर्ने अभिरुची राख्छन् । गहुँगोरो वर्णका अर्जुन धनको घमण्ड नगर्ने, दुःख-सुखमा साथ दिने, पत्रमित्रता गरेपछि बीचैमा नछोड्ने साथीको खोजीमा छन् । अर्जुनलाई घैरुङ- ४, रानागाउँ, गोरखा ठेगानामा पत्राचार गर्न सकिन्छ ।



गहुँगोरो वर्णका कृष्णप्रसाद घिमिरे 'अभागी' ५ फिट ३ इन्च अग्ला छन् । हाल स्नातक तह अध्ययनरत कृष्ण अध्ययनसँगै जागिर पनि खाइरहेका छन् । २१ वर्षीय घिमिरे हालसम्म अविवाहित छन् । समयानुकूल स्वभाव परिवर्तन गर्ने कृष्ण असल साथीको खोजीलाई आफ्नो अभिरुची बताउँछन् । कृष्ण असल, सहयोगी, साथीको मर्म बुझ्ने, धनी-गरिब, जातभात तथा धर्म-लिंगको भेदभाव नगर्ने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले स्नातक तह तेस्रो वर्ष, बिहानी सिफ्ट, रोल नम्बर- ३२९, बुटवल बहुमुखी क्याम्पस, बुटवल ५, रुपन्देहीमा पत्राचार गर्न सक्नुहुन्छ ।



बिएड प्रथम वर्षमा अध्ययनरत बानिशा लामा आवश्यकभन्दा धेरै बोल्न रुचाउँदिनन् । मिलनसार स्वभावकी लामा हालसम्म अविवाहित छिन् । ५ फिट अग्ली बानिशा पत्रमित्रता, गायन एवं लेखनमा अभिरुची राख्छिन् । १९ वर्षीया लामा रातो वर्णकी छिन् । केयर गर्ने, खुलस्त कुरा गर्ने, समझदार एवं भावनात्मक सम्बन्ध गाँस्न चाहने साथीको खोजीमा रहेकि बानिशालाई ओखलढुंगा-३, कालिकास्थानमा पत्राचार गर्न सकिन्छ ।




१८ वर्षीय प्रदीप चौलागाईं प्रमाणपत्र तह अध्ययनरत छन् । शान्त स्वभावका चौलागाईं अविवाहित छन् । ५ फिट ५ इन्च अग्ला प्रदीप गहुँगोरो वर्णका छन् । पत्रपत्रिका अध्ययन गर्ने अभिरुची राख्ने चौलागाईं सुख-दुःखमा साथ दिने, रगतको नाता भन्दा भावनाको नातालाई महत्त्व दिने साथीको खोजीमा छन् । उनलाई बालकुमारी उच्च मावि, नागदह, देवघाट, तनहुँमा पत्राचार गर्न सकिन्छ ।



५ फिट ४ इन्चका सुवास थापामगर नम्र एवं मिलनसार स्वभावका छन् । एसएलसी उत्तीर्ण थापामगर पत्रमित्रतामा अभिरुची राख्छन् । २० वर्षीय थापामगर गोरो वर्णका छन् । अविवाहित सुवास केरुङ- २, सोलुखुम्बुका बासिन्दा हुन् । सुख-दुःखमा साथ दिने, सबैप्रति समान व्यवहार गर्न जान्ने असल साथीको खोजीमा रहेकाहरूले थापामगरलाई subas_thapamagar@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।

## बाटो पत्ता लगाउनुहोस्



## पत्याउनु हुन्छ ?



पोल्यान्डको आयकर विभागले एक बेरोजगार महिलालाई ८ लाख २० हजार डलर जरिवाना गर्‍यो । ती बेरोजगार महिलाले नीजि रूपमा यौनकर्मीको काम गरेर ४८ लाख ९२ हजार डलर आम्दानी गरेको अभियोग लागेको थियो ।



जर्ज नामक कुकुर अहिले विश्वकै सर्वाधिक अग्लो कुकुर मानिन्छ । ४ वर्षको यो कुकुर ३ फिट ७ इन्च अग्लो छ । जर्ज गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भएको कुकुरभन्दा यो २ इन्च अग्लो छ ।



नेपोलियनको शासनकालमा इलाउको युद्धमा गएका फ्रेन्च सेनालाई आफू सवार घोडाको मासु दिएर फ्रेन्चले घोडाको मासु खान सिकेका हुन् । गत वर्ष फ्रान्समा मासुका लागि १५ हजार घोडा मारिएको अनुमान छ ।



सवारी दुर्घटनामा परेका बेल्जियमका रोम होउबेन विगत २३ वर्ष देखि अचेत अवस्थामा छन् । पक्षघातले शरीर नचले पनि उनको मस्तिष्कले भने काम गरिरहेको छ ।

## सबैभन्दा ठूलो र सानो भ्यागुता

पश्चिमी अफ्रिकामा पाइने राना गोली अथ जातको भ्यागुतालाई संसारकै सबैभन्दा ठूलो शरीर भएको भ्यागुता मानिन्छ । उक्त भ्यागुताको लम्बाइ सरदर १ फिट र तौल सरदर ३ किलो ३ सय ग्राम हुन्छ । हेर्दा चट्टानजस्तै धमिलो रंगको देखिने उक्त भ्यागुता उफ्रन सक्दैन । त्यसैगरी वेष्टइन्डिजका टापुहरूमा पाइने फाइलोबेट्स जातका भ्यागुतालाई संसारकै सबैभन्दा सानो भ्यागुता मानिएको छ । उक्त भ्यागुताको लम्बाइ १२ दशमलव ५ मिलिमिटर रेकर्ड गरिएको छ ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | २ | | | | ३ |
| | ४ | | | | | ५ | | | |
| | | ■ | ६ | | | | ■ | ७ | |
| | | ■ | | ८ | | | ■ | | |
| ९ | | १० | | | | | ११ | | |
| | | | | १२ | | | १३ | | १४ |
| | ■ | | १५ | | | | | ■ | |
| १६ | ■ | | | १७ | | १८ | | ■ | |
| | ■ | ■ | | | १९ | | ■ | ■ | |
| २० | | | | | २१ | | | | |

**दायाँ**

१. होलिकाका दाजु (६)
२. फूलस्टप (५)
४.खोजनीति, छानबिन (५)
५. औसीपछिको तिथि (३)
६. एक प्रकारको दाल (३)
९. कालका देवता (२)
१०. आँट भएको, पराक्रमी (३)
११. पृथ्वीको एक काल्पनिक रेखा
१२. भगवतीको एक नाम (४)
१३.नीलो रंगको एक रत्न
१५. राष्ट्रिय फूल (५)
१७. मायामोह प्रेम (४)
१९. लास, मृतशरीर
२०. बुद्धको एक नाम (४)
२१. आवश्यक संख्या (५)

**तल**

१. हिउँ भएको पहाड (४)
२. फेरि दाउने काम (५)
३. एक हिमालय श्रृंखला (५)
४. आक्रमण नगरिनु (५)
५. महाभारतका एक पात्र (४)
६. १७ अक्षरको वार्णिक छन्द (४)
७. गंगटो, एक राशि (३)
८. धरानमा एक देवी (४)
९. पहिलो किराँती राजा (४)
१०. दुर्लभ, अद्भूत (४)
१४. रावणकी पत्नी (४)
१५. लाभ प्राप्त गर्ने व्यक्ति (४)
१६. शरीरमा हुन्छ (३)
१७. भाइ (३)
१८. लंकापति (३)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# प्रोफेसर बने मिस्टर हेन्डसम पोखरा

**शिव शर्मा**



पोखरा- कार्यक्रमको सुरुदेखि नै हँसिलो अनुहारका तन्नेरीमा दर्शकको नजर परिसकेको थियो। प्रतियोगिताको विजेता उनी नै हुने अनुमान दर्शकले लगाइसकेका थिए। अन्ततः दर्शक र निर्णायकहरू फेसन डिजाइनर सरस्वती गुरुङ, सौन्दर्यविद् चिनु गुरुङ र सञ्चारकर्मी आशिष गुरुङको अनुमान सही ठहरियो। भिज्युअल जोन पोखराको आयोजनामा शनिबार साँझ सम्पन्न भएको पहिलो मिस्टर हेन्डसम पोखरा बने सहप्राध्यापक दिवेन्द्र कार्की।

पोखरा विश्वविद्यालयमा अध्यापनरत २७ वर्षीय कार्कीले आफ्ना ८ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि जितेका हुन्। विगत दुई वर्षदेखि प्राध्यापन पेसामा संलग्न कार्की हाल पोखरा विश्वविद्यालयमा कार्यरत छन्। शिक्षण पेसा र मोडलिङ फरक विधा भए पनि आफ्नो पृथक् पहिचान बनाउन यस्तो प्रतियोगितामा भाग लिएको कार्कीले बताए।

कार्कीसँगै उनले पढाउने विद्यार्थी ह्यापीविक्रम मल्ल पनि प्रतियोगितामा सहभागी थिए। उनले बेस्ट पर्सानालिटीको उपाधि पाए। गुरुसँगै प्रतियोगितामा सामेल हुन पाएकोमा मल्ल निकै गौरवको अनुभव गरे। मोडलिङमै संलग्न हुनेहरू मात्र यस्तो प्रतियोगितामा देखिँदै आएका बेला कलेजमा पढाउने सहप्राध्यापक नै हेन्डसम प्रतियोगितामा सहभागी भएको देख्दा पोखरा उद्योग वाणिज्य संघको सभाहलमा उपस्थिति दर्शकहरू पनि दंग परे। मोडलिङप्रतिको रुचि पहिलेदेखिकै हो, ताज जितेपछि कार्कीले भने, 'अध्यापनसँगै मोडलिङको क्षेत्रलाई पनि सँगसँगै डोऱ्याएर लैजानेछु।' उनले पोखराको कला र पर्यटन क्षेत्रमा समेत आफूले काम गर्ने बताए।

विजेता घोषित भएपछि विद्यार्थीहरूले उनलाई घेरेका थिए। अब उनी मिस्टर हेन्डसम नेपाल प्रतियोगितामा सहभागी हुने धुनमा छन्। प्रतियोगितामा पृथ्वीनारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत अनिल खड्का फस्ट रनर्सअप र अरुण गिरी सेकेन्ड रनर्सअप भएका थिए। त्यस्तै प्रतियोगितामा कमल भण्डारी बेस्ट ड्रेस र ट्यालेन्ट, राजु नेपाली बेस्ट वाकको टाइटल पाए। प्रतियोगितालाई मनोरञ्जक बनाउन गीत, नृत्य तथा प्रहसनसमेत प्रस्तुत गरिएको थियो।

# होलीमय साहित्यिक कार्यक्रम

'हमर अगनवामे बसन्तके भाई बिछडल
गिरीजा माधवके राजनितिक
चक्रव्यूहमे प्रचण्ड फसवलख
गईलख उपेन्द्र पिटलख ताली नाथ
अउर अमर
चश्मा लगाके डोलैनन् गच्छदार
जोगिरा सररर.....................'

मुलुकका शीर्षस्थ दलका नेताहरूलाई भोजपुरी भाषाको व्यंग्यात्मक कवितामा गरिएको यो चोटिलो प्रहार कवि अरुणविक्रम शाहको रचनाको हो। वीरगन्जमा शनिबार हास्यव्यंग्य मञ्च र प्रभात काव्ययात्राले आयोजना गरेको होली मिलन समारोहमा उनले उक्त कविता वाचन गर्दा दर्शकदीर्घाबाट तालिको पर्रा छुटेको थियो। उनीजस्ता करिब एक दर्जन कवि कवयित्रीले हास्यरंग घोलिएको कविता, गजल, चुट्किला आदि सुनाएर दर्शकलाई पेट मिची-मिची हँसाए।

वीरगन्जको मुरली चोकमा आयोजित उक्त साहित्यिक कार्यक्रमको मज्जा बटुवाहरूले पनि उभिएरै लिएका थिए। कविहरूले साहित्यिक रचनामा व्यंग्यको रंग मिलाएर प्रस्तुत गर्दा श्रोताहरू मन्त्रमुग्ध देखिन्थे।

कविहरूले नेपाली, भोजपुरी तथा हिन्दी भाषामा आफ्ना रचना प्रस्तुत गरेका थिए। अधिकांशको रचनामा मधेस आन्दोलनपछि बिग्रिएको भाइचारा र सद्भाव सपार्नुपर्ने भाव झल्किन्थ्यो। द्वन्द्वको समाप्तिपछि तराईमा उठेको हतियार बिसाउनुपर्ने सन्देश पनि केही रचनामा थिए। साहित्यिक कार्यक्रम पनि पूर्ण समावेशी थियो। तराई मूलका मात्र नभई पहाडी मूलका तथा सिख समुदायका कविले पनि उक्त अवसरमा रचना प्रस्तुत गरे थिए।

नेता, अभिनेतादेखि शासक र प्रशासकसम्मलाई उनीहरूको रचनाले होलीमय प्रहार गरेको थियो। उक्त अवसरमा कविहरू विनोद तिमल्सेना, ध्रुवलाल



सहनी, गोपाल रिमाल, समीर पाखिन, अनिल यादव, मनोज रजक, खलिल मंसुरी, मास्टर तारा सिंह, भूपेन्द्र पौडेल, महेशचन्द्र गौतम, कुवेरचन्द्र गौतम, पं. पुरुषोत्तम दुबे, रामेश्वर मेहता, गंगाबहादुर थापा, जीवनलाल श्रेष्ठ, यमुना प्रधानाङ्ग आदिले आ-आफ्ना रचना वाचन गरेका थिए।

उक्त अवसरमा नेपालीभाषी कविले भोजपुरीमा, भोजपुरी भाषी कविले नेपाली र हिन्दीमा रचना वाचन गरेर पूर्ण समावेशीकरणको सन्देश पनि दिएका थिए। कवि रामेश्वर मेहताको कविताले भन्दै थियो :

**एउटा हरिन मारे सलमानलाई पाच सालको सजा**
**नेपालमा गैडा मार्नेहरू लुट्दै छन् मजा।**
**सञ्जय दत्तलाई हतियार राखेकोमा भयो छ वर्ष जेल**
**नेपालमा घर-घरमा चलिरहेको छ हतियारको खेल।**
**चन्दन तस्कर वीरप्पनलाई मारियो गोली**
**नेपालमा रक्तचन्दन तस्करहरूको बन्दै छ टोली।**
**प्रहरीलाई कुट्दा सांसद साहबुद्दिनलाई दस सालको जेल**
**नेपालमा त सिडिओ कुट्ने भैरहेछ खेल।**

नेपालमा जारी दण्डहीनताप्रति गरिएको यो चोटिलो प्रहारले सबै श्रोताको मन जितेको थियो। तराईमा होलीका अवसरमा कसैलाई पनि व्यंग्य गरे बात नलाग्ने मान्यता छ।

**-शंकर आचार्य**

# गृहनगरमा सम्मानित नायिका



**विराटचोक-** मोरङको विराटचोकमा जारी विराट महोत्सवमा नायिका रेखा थापाका आमा-छोरीलाई सम्मान गरिएको छ। मोरङको सलकपुर घर भएकी थापालाई नेपाली कलाजगत्मा योगदान गरेको भन्दै महोत्सव आयोजक समिति तथा इन्द्रपुर व्यापार संघले सम्मान गरेको हो। कार्यक्रममा थापासँगै आमा सरस्वती थापालाई पनि सम्मान गरिएको थियो।

'मैले सम्मान त धेरै ठाउँमा धेरै पटक पाएकी छु तर आफ्नै आमासँग आफ्नै घर-गाउँमा सम्मान पाउँदा औधी खुसी लागेको छ।' सम्मानित भएपछि थापा भनिन्- 'मैले केही गर्न सकेकी छैन। कलाको क्षेत्रमा अलि-अलि मनोरञ्जन दिएको न हो। यो सम्मानले मलाई राष्ट्रका लागि केही गर्नुपर्छ भन्ने महसुस गराएको छ।'

मञ्चमा पुग्नेबितिकै सम्मानको दोसल्ला ओढेकी थापा आफ्नै लगानीमा निर्माण भएको चलचित्र हिफाजतको 'वी वान्ट फ्रिडम...' गीतको एउटा अन्तरा गुनगुनाउँदै हतार-हतार मञ्चबाट बाहिरिइन्। उनी कार्यक्रम स्थलमा १० मिनेट मात्र बसिन्।

**शेखर ढकाल**

# एउटै मञ्चमा



नवलपरासी- नवलपरासीको डन्डामा आयोजित थारू राष्ट्रिय सांस्कृतिक महोत्सवमा विभिन्न जातजातिको संस्कृतिले मौलाउने अवसर पायो। थारु सांस्कृतिक महोत्सव भनिए पनि महोत्सवमा मगर, गुरुङ, माझी, मुसहर आदि जातजातिले एउटै मञ्चबाट आफ्ना मौलिक नृत्य प्रस्तुत गर्ने अवसर पाए।

थारु जातिका झ्याम्टा, झुमरी र लाठीनाच मात्र होइन, मगर समुदायको कौरा, झ्याउरे, घाटु र सोरठीले पनि थारु महोत्सवमा थुप्रै दर्शकलाई भुलायो। सीमित समुदायबीच रोदीमा गाइने गीत र नृत्य हजारौंको दर्शकसामु प्रस्तुत गर्न पाउँदा कलाकारहरू पनि निकै हौसिए।

मौलिक झाँकी र नृत्यसहित महोत्सवमा सहभागी हुन गाउँ-गाउँबाट आउनेहरूको उत्साहसँगै अभिनेता राजेश हमाल, हास्यकलाकार धुर्मुस, माग्नेबूढा, सुन्तली, दोहोरीगायक बमबहादुर कार्की, शिला आले, बद्री पंगेनी र ज्योति मगरको प्रस्तुतिले दर्शकलाई बेग्लै स्वाद दियो।

दोहोरी गायक दीपक खडका, दुर्गा भट्टराई, सपना गाहा मगर, राधिका हमाल, गोविन्द थापा र ज्योति सुनारले प्रस्तुत गरेको गीतको तालमा ननाच्ने कोही भएनन्। राजेश हमाल पनि गीतको तालसँगै स्थानीय युवासँग लाठिएर दिनभरि नाचे।

'यो महोत्सवले जातीय सहिष्णुता कायम गर्नसमेत टेवा पुऱ्याएको छ,' दोहोरी गायक दुर्गा भट्टराईले भने- 'अब बन्ने संविधानमा सबै जातजातिको भाषा, संस्कृति, वेशभूषाको संरक्षण एवं संवर्द्धन हुनुपर्छ भन्ने सन्देश यो महोत्सवले दिएको छ।'

राष्ट्रिय स्तरको थारु संग्रहालय निर्माण गर्ने उद्देश्यले नवलपरासीको डन्डामा आयोजित थारु सांस्कृतिक महोत्सव गत शनिबार सम्पन्न भएको छ। महोत्सवमा थारुहरूको जीवनशैली, थारु समुदायको पुरातात्त्विक वस्तुहरू, विभिन्न जातजातिका परिकार आदि राखिएका थिए। महोत्सव १ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको र १८ लाख रुपैयाँभन्दा भन्दा बढीको कारोबार भएको आयोजक समितिका संयोजक मझिलाल थारु थनेतले जानकारी गराए।

**-केबी राना**




# नेपाललाई डिभिजन ५ को उपाधि



सन् २०१५ मा अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गर्न लागेको विश्वकप क्रिकेट प्रतियोगिताका लागि भएको डिभिजन चरणको छनौट प्रतियोगिताअन्तर्गत नेपाल डिभिजन ५ को च्याम्पियन भएको छ। यो सफलताबाट नेपालले आगामी अगस्ट महिनामा इटालीमा आयोजना हुने डिभिजन ४ मा स्थान सुरक्षित गरेको छ।

प्रत्येक खेलमा विजय हात पार्ने लक्षका साथ गृहमैदानमा उत्रिएका नेपालका क्रिकेटरहरूले आफूले खेलेको पहिलो चरणका ५ खेलमध्ये ४ खेलमा स्पष्ट सफलता हात पारेका थिए। पहिलो चरणमा नेपालले जर्सी, सिंगापुर, बहराइन र फिजीलाई पराजित गरे पनि अन्तिम खेलामा नेपाल अमेरिकाद्वारा पराजित भएको थियो। नेपाल र अमेरिकाबीच यसअघि दुई पटक प्रतिस्पर्धा भैसकेको थियो। सन् २००८ मा विश्वकप क्रिकेट प्रतियोगिताका लागि डिभिजन ५ अन्तर्गत भएको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो। उक्त प्रतियोगिताको तेस्रो स्थानका लागि भएको प्लेअफमा नेपालले अमेरिकालाई ९६ रनले पराजित गरेको थियो। यसपटक भएको डिभिजन ५ को खेलमा नेपाल र अमेरिका मुख्य प्रतिद्वन्द्वीका रूपमा देखा परे। अन्तिम खेलमा अमेरिकाले नेपाललाई ५ विकेटले पराजित गरे पनि फाइनलमा नेपालले अमेरिकालाई ५ विकेटले नै पराजित गरेर हारको बदला लिएको थियो। लिग चरणको अन्तिम खेलबाटै डिभिजन ४ मा पुग्ने राष्ट्रको छनौट भएको थियो। डिभिजन ५ को लिग चरणमा नेपाल, अमेरिका र सिंगापुरले आफूले खेलेका ४ खेलमा सफलता, एक खेलामा पराजित भएर समान ८ अंक प्राप्त गरी आफूलाई डिभिजन ४ मा जाने प्रबल दाबेदार बनाएका थिए, तर रनरेटका आधारमा अमेरिका र नेपाल छनौट भएका थिए। सिंगापुरले नतिजाको विश्लेषण गर्न निवेदन दिएपछि रनरेटका आधारमा नेपाल छनौट भएको थियो। अमेरिकासँग नेपाल पराजित भए पनि नेपालको रनरेट '१ दशमलव ३५१ थियो भने सिंगापुरको '१ दशमलव ३४७ थियो। नेपाललाई पराजित गर्ने अमेरिकाको भने '१ दशमलव ३७१ थियो।

एक दिनअघि नेपाललाई पराजित गरेको अमेरिकाले पहिले ब्याटिङ गर्दै ४८ औं ओभरमा अल आउट हुँदै १ सय ७३ रनमा विजय हात पार्ने चुनौती दिएको थियो। अमेरिकालाई थोरै रनमा सिमित गर्ने क्रममा नेपालका राहुल विश्वकर्माले ८ दशमलव २ ओभरमा १५ रन खर्चेर ७ विकेट लिएका थिए। एक दिवसीय क्रिकेटमा कमै पाइने यो सफलता फाइनलमा देखाएबापत राहुल म्यान अफ दि म्याचसमेत भए। सन् २००८ मा मलेसियामा सम्पन्न १९ वर्षमुनिको विश्वकप क्रिकेटमा बलिङ एक्सनप्रति अन्तराष्ट्रिय क्रिकेट परिषद्ले शंका देखाएपछि राहुल अन्तर्राष्ट्रिय क्रिकेटबाट अलग भएका थिए। आफ्नो बलिङ शैलीमा सुधार गरेर पुनः राष्ट्रिय टिममा परेका राहुल अन्तर्राष्ट्रिय क्रिकेटमा चौथो उत्कृष्ट बलिङ गर्न सफल भए। अमेरिकाको प्रतिउत्तरमा उत्रिएको नेपालका ओपनिङ ब्याट्सम्यान महेश क्षेत्री र अनिल मण्डलले प्रारम्भिक ब्याट्म्यानले बनाएको सर्वाधिक ८५ रन बनाएका थिए। २१ बल बाँकी रहदा नेपालले ५ विकेट गुमाएर विजय हात पारेको थियो।

विश्वकप क्रिकेट प्रतियोगितामा एक दिवसीय तथा टेस्ट मान्यता पाएका राष्ट्रहरूले मात्र सहभागिता गर्न पाउने प्रावधानलाई बढाउँदै अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले डिभिजन क्रिकेटको थालनी गरेको हो। सन् २०११ मा भारत, श्रीलंका र बंगलादेशले आयोजना गर्ने विश्वकप प्रतियोगिताका लागि आईसीसीले डिभिजन क्रिकेटको थालनी गरेको हो। सन् २०१५ को विश्वकप क्रिकेट प्रतियोगिताका लागि गत वर्षदेखि डिभिजन क्रिकेट प्रारम्भ भैसकेको छ। गत वर्ष डिभिजन ७ र ६ का खेल सम्पन्न भैसकेका छन्। गत वर्ष भएको डिभिजन ६ मा पहिलो र दोस्रो भएका, सन् २०११ को विश्वकप प्रतियोगिताका लागि सन् २००८ मा भएको भएको डिभिजन ४ मा पाँचौं र छैटौं भएका एवं डिभिजन ५ मा तेस्रो र चौथो भएका राष्ट्रहरूबीच अहिले नेपालमा डिभिजन ५ को खेल भएको हो।


गत वर्ष भएको डिभिजन ६ बाट विजेताका रूपमा सिंगापुर र उपविजेताका रूपमा बहराइनले डिभिजन ५ मा प्रवेश पाएका हुन्। यसैगरी सन् २०११ को विश्वकपका लागि भएको डिभिजन ४ बाट पाँचौ भएको फिजी तथा छैटौं भएको जर्सी रेलिगेसनमा परेर यसपटक डिभिजन ५ मा परेका हुन्। सोही विश्वकपका लागि भएको डिभिजन ५ मा नेपालले तेस्रो स्थान र अमेरिकाले चौथो स्थान हात पारेर यसपटक फेरी डिभिजन ५ बाट आफ्नो विश्वकप यात्रा थालनी गरेका हुन्। आईसीसीको डिभिजन खेल नियमअनुसार डिभिजन ८ बाट विजेता/उपविजेता हुँदै डिभिजन २ मा प्रवेश गरेपछि कुनै पनि राष्ट्र विश्वकपको फाइनल खेल्न योग्य हुन्छन्।

सन् २०१५ मा अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गर्ने विश्वकप क्रिकेट प्रतियोगिताका लागि भएको छनौट चरणमध्येको एक चरणको खेल नेपालमा भएको हो। नेपाली क्रिकेटका प्रशिक्षक रोय डायसले अर्को चरणमा जान र आफूलाई बलियो सावित गर्न पनि नेपालले प्रत्येक खेलमा विजय हात पार्नुपर्ने रणनीति बनाएपछि नेपालले उद्घाटन खेलमै साविक उपविजेता जर्सीलाई ६ विकेटले पराजित गऱ्यो। दोस्रो खेलमा नेपालले डिभिजन ६ का विजेता सिंगापुरलाई रोमाञ्चक ढंगले १६ रनले पराजित गऱ्यो। यसैगरी नेपालले तेस्रो खेलमा बहराइनलाई ८ विकेटले र चौथो खेलमा फिजीलाई १ सय ९३ रनले पराजित गरेको थियो। फाइनलअगावै डिभिजन ४ मा प्रवेश गर्ने टोलीको निर्णय भए पनि नेपालले डिभिजन ५ को विजेता भएर आफ्नो उपस्थितिलाई बलियो बनाएको छ।

पहिलो खेलमा नेपालविरुद्ध पहिलो ब्याटिङ गर्न उत्रिएको जर्सीले ४४ दशमलव ५ ओभरमा अल आउट हुँदै १ सय ७४ रन बनाएको थियो। प्रतिउत्तरमा उत्रिएको नेपालका ओपनर ब्याट्सम्यान मेहबुब आलम तथा दीपेन्द्र चौधरी ७ र १३ रन बनाएर आउट हुँदा नेपालको स्थिति धरमराएको थियो। कप्तान पारस खड्का र शक्ति गौचनले क्रिज सम्हालेपछि नेपाल बलियो स्थितिमा आएको थियो। गत वर्ष संयुक्त अरब इमिरेट्समा आयोजना ट्वान्टी-२० क्रिकेट प्रतियोगितादेखि नेपाली राष्ट्रिय टिमको कप्तानी सम्हालेका पारसले ६६ बलको सामना गर्दै ६९ रनको योगदान दिएका थिए।

सिंगापुरविरुद्ध पहिलो ब्याटिङ गर्न उत्रिएको नेपालले निर्धारित ५० ओभरमा ९ विकेटको क्षति बेहोर्दै १ सय ८० रनको योगफल तयार पारेको थियो। नेपालका स्पिनरहरू चम्किएपछि सिंगापुरले ४७ दशमलव ५ ओभरमा सबै खेलाडी गुमाउँदै १ सय ६४ रन मात्र बनाउन सकेको थियो।

नेपालविरुद्ध उत्रिएको बहराइनले पहिले ब्याटिङ गर्दै १ सय १५ रनको चुनौती दिएको थियो। प्रतिउत्तरमा नेपालले दुई विकेटको क्षति बेहोर्दै जित हात पारेको थियो। चौथो खेलमा भने नेपालले फिजीविरुद्ध पहिले ब्याटिङ गर्दै २ सय ६८ रन बनायो। नेपालका तर्फबाट अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा तेस्रो सर्वाधिक रन बनाउने क्रममा शरद भेषवाकर १ सय ५ रन बनाएर नट आउट रहे।



## जोकोभिच राजाको भूमिकामा

सर्बियाका टेनिस खेलाडी नोभाक जोकोभिच युगोस्लाभियाका पहिलो राजाको भूमिकामा प्रस्तुत हुने भएका छन्। जोकोभिच पहिलो विश्वयुद्धपछि सर्बिया, क्रोएसिया र स्लोभेनियालाई एकीकरण गरेर युगोस्लाभियाको पहिलो राजा बनेका अलेक्स्यान्डर काराजोरजेभिचको भूमिकामा प्रस्तुत हुने भएका हुन्। ४२ लाख डलरमा निर्माण हुने उक्त टेलिश्रृंखला १० भागको हुनेछ। अलेक्स्यान्डरको पदच्युतपछि उनको भूमिकामा अहिलेसम्म कुनै चलचित्र तथा टेलिश्रृंखला निर्माण भएको थिएन, जसमा पुरुष टेनिसको वरियताक्रममा तेस्रो स्थानमा रहेका जोकोभिचले पहिलो पटक अभिनय गर्न लागेका हुन्। अलेक्स्यान्डरको युवा अवस्थाको भूमिका भने जोकोभिचका भाई जोर्जीले निर्वाह गर्नेछन्। सन् २००८ को अस्ट्रेलियन ओपन जितेका जोकोभिचले सन् २००८ मा बेइजिङ ओलम्पिक प्रतियोगितामा सर्बियाका लागि कांस्यपदक जितेका थिए।

● मैदान बाहिर ●

## लाराको निर्वस्त्र तस्बिर सार्वजनिक



अस्ट्रेलियन क्रिकेटर माइकल क्लार्ककी प्रेमिका लारा ब्रिङ्गलको निर्वस्त्र तस्बिर जिक्यू म्यागजिनको जर्मन संस्करणवाट प्रकाशित भएको छ। यो तस्बिर प्रकाशित भएपछि अहिले क्लार्क र ब्रिङ्गलबीच चिसिएको सम्बन्धलाई थप संकटतर्फ लागेको छ। अस्ट्रेलियन फुटबल लिगका खेलाडी ब्रेन्डान फेबोलासँग प्रेमसम्बन्ध रहेका बेला लाराले नुहाइरहेको तस्बिर खिचेका थिए। करिब तीन वर्षअघि ब्रेन्डान र फेबोलाबीच प्रेम हुँदा ब्रेन्डानले मोबाइलमार्फत उक्त तस्बिर खिचेका थिए। ब्रेन्डानले लारासँगको सम्बन्ध-विच्छेद भएपछि आफ्नो टिमका केही साथीलाई मोबाइलमार्फत एमएमएस गरेर उक्त तस्बिर पठाएका थिए। आफूले साथीहरूसँग मनोरञ्जन गर्न मात्र उक्त तस्बिर पठाएको तर पत्रिकालाई आफूले नपठाएको जिकिर ब्रेन्डानले गरेका छन्। लाराले सावरमा नुहाइरहेको तस्बिर अधिकांश व्यक्तिको मोबाइल फोनमा भए पनि उक्त म्यागजिनलाई कसले दियो भन्ने विषयमा आफू अनभिज्ञ रहेको ब्रेन्डानले अस्ट्रेलियन पत्रिका हेराल्डलाई बताए। क्लार्क र बिङ्गलबीच गत केही सातादेखि सम्बन्धमा चिसोपन आइरहेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।



# राष्ट्रिय भलिबलको उपाधि सेनालाई



बुटवल– फाइनलअधिका लिग चरणका सबै खेलमा उत्कृष्ट प्रदर्शन गरेर उपाधिको प्रबल दावेदार देखिएको साविक विजेता नेपाल पुलिस क्लबमाथि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले रोमाञ्चक जित हासिल गर्दै राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि चुमेको छ । बुटवलमा आयोजित प्रतियोगिताको उपाधि चुम्ने क्रममा सेनाले नेपाल प्रहरीलाई सोझो ३ सेटमा २५-१७, २५-१४ र २५-२२ को अन्तरले पछाडि पारेको थियो । शनिबार सम्पन्न फाइनलमा नेपाली सेनाका दीपबहादुर खड्का तथा कुमार रानाले उत्कृष्ट प्रदर्शन गर्दै खेल अवधिभर पुलिसको पक्षमा हुटिङ गरेका दर्शकको समर्थन बटुलेका थिए । निकै अनुशासित रूपमा प्रस्तुत सेनाले प्लेसिङ र डिफेन्सिङको उत्कृस्ट नमुना देखाएको थियो । साफ खेलको अनुभव समेत बटुलेका अन्तर्राष्ट्रिय खेलाडीसहित तुलनात्मक रूपमा बलियो मानिएको पुलिस क्लब फाइनलमा सेनासामु निरीह साबित भयो । पुलिसका तर्फबाट इम राना र सञ्जय अर्यालले उत्कृष्ट प्रदर्शन गरेका थिए । जितसँगै सेनाले ५० हजार रुपैयाँ र कप प्राप्त गरेको छ भने उपविजेता नेपाल प्रहरीले ३० हजार रुपैयाँमा चित्त बुझाउनुपरेको छ । सशस्त्र प्रहरीको एपीएफ क्लबलाई सोझो ३ सेटले हराउँदै तेस्रो भएको पश्चिमाञ्चलले २० हजार रुपैयाँ हात पारेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी सेनाका दीपबहादुर खडका, बेस्ट लिफ्टर सेनाकै कुमार राना र बेस्ट सर्टर प्रहरीका इम राना घोषित भएका छन् ।

प्रतियोगितामा मध्यमाञ्चलबाहेक चार विकासक्षेत्रका क्षेत्रीय टिम, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी सात टिमले भाग लिएका थिए । रूपन्देही व्यापार संघको आयोजनामा सञ्चालित व्यापार मेला तथा अटो प्रदर्शनीभित्र पहिलो पटक आयोजना गरिएको भलिबल प्रतियोगिता मेलाकै मुख्य आकर्षण बनेको थियो ।

**टोपराज शर्मा**

## पूर्वाञ्चललाई हराउँदै सशस्त्र प्रहरीद्वारा उपाधि रक्षा

सुनसरी- सशस्त्र प्रहरी बलले इटहरीमा सञ्चालित नवजागरण कप राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि हात पारेको छ । फाइनल खेलमा पूर्वाञ्चल भलिबल क्लबलाई हराउँदै सशस्त्र प्रहरी विजयी भएको हो । जितसँगै सशस्त्रले ५१ हजार रुपैयाँ नगद तथा शिल्ड प्राप्त गरेको छ । तेस्रो स्थानका लागि भएको खेलमा सुदर्शन सेक्युरिटी सर्भिस इटहरीले आयोजक नवजागरण क्लबलाई पराजित गरेको थियो । उपविजेता पूर्वाञ्चल भलिबल टिमले ३१ हजार रुपैयाँ हात पारेको छ भने तेस्रो हुने सुदर्शन सेक्युरिटीले २० हजार रुपैयाँ प्राप्त गऱ्यो । प्रतियोगितामा देशभरिका २४ वटा भलिबल टिमको सहभागिता थियो ।

**शंकर खरेल**

• विश्वकप डायरी •



# स्थानीयलाई सस्तो टिकट

आगामि विश्वकपको आयोजक समितिले स्थानीय व्यक्तिहरूलाई थप सस्तो टिकट उपलब्ध गराउने निर्णय गरेको छ । आफ्नो देशमा पहिलो पटक हुन लागेको विश्वकपमा दक्षिण अफ्रिकाका गरिबहरूको पनि पहुँच पुगोस् भनेर आयोजक समितिले ११ प्रतिशत टिकट सस्तो दरमा बिक्री गर्ने निर्णय गरेको थियो । ११ प्रतिशत कोटा छुट्याउँदा गरिब परिवारहरूको अझै टिकट खरिदमा स्थान सुरक्षित हुने नदेखिएपछि आयोजक समितिले यो प्रतिशतलाई बढाएर २९ पुऱ्याएको छ ।

फुटबलका समर्थक, ट्रेड युनियन संगठन एवं विभिन्न राजनैतिक पार्टीका सदस्यहरूले विश्वकपको टिकट मूल्य सर्वसाधारण कामदारहरूले खरिद गर्ने पहुँचभन्दा महँगो भएपछि सस्तोमा टिकट बिक्री गर्न दबाब दिएका थिए । अध्यक्ष डेनी जोर्डनका अनुसार आयोजक समितिलाई आम्दानी कम भए पनि आफ्नो देशमा भएको फुटबल उत्सवप्रति उनीहरूको आकर्षणलाई हेरेर कम मूल्यका टिकट निर्धारण गरिएको हो । विश्वकपका विभिन्न श्रेणीमा विभाजित टिकटमा २९ प्रतिशत टिकटलाई चौथो श्रेणीमा राखिएको छ । यो टिकटको मूल्य १७ दशमलव ९५ डलर प्रतिखेल कायम गरिएको छ र यो टिकट दक्षिण अफ्रिकाका नागरिकले मात्र खरिद गर्न पाउँछन् ।

आयोजक समितिले पहिले निर्धारण गरेको मूल्य सर्वसाधारणका लागि अत्यधिक महँगो भएको जनगुनासो थियो । १ करोडभन्दा बढी मानिस अत्यधिक गरिबीमा रहेका कारण उनीहरूले विश्वकप रंगशालामा गएर हेर्न नसक्ने स्थिति थियो । आयोजक समितिले आगामी विश्वकप फुटबल प्रतियोगिताका लागि २२ लाख ४० हजार टिकट बिक्रीमा राखेको थियो, जसमा विश्वकप प्रतियोगिता आयोजना हुन एक सय दिन बाँकी रहँदा ६ लाख ६० हजार टिकट बिक्री हुन सकेको छैन । आयोजक समितिका अनुसार आगामि विश्वकप हेर्न ४ लाख ५० हजार विदेशी दक्षिण अफ्रिका आउने अनुमान गरिएको छ ।






# क्याटवाक चहलपहल

वर्ष २०१० को आगमनसँगै क्याटवाट गतिविधिमा जुटेको नेपाली मोडलिङ यतिखेर अन्तिम तयारीमा जुटेको छ । आगामी चैत महिनाको अन्तसम्ममा करिब आधा दर्जन प्रतियोगितात्मक कार्यक्रमले र्‍याम्प गतिविधिलाई व्यस्त बनाउनेछ, जसमा सौन्दर्य प्रतियोगिताको वर्चस्व छ ।

बालबालिकासम्बन्धी प्रतिभा प्रस्फुटन एवं सुन्दरता मापनका प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजनाले निरन्तरता पाइ नै रहेको छ । यसै क्रममा ग्यालेक्सी मोडलिङ एजेन्सीको आयोजनामा लिटिल प्रिन्स एन्ड प्रिन्सेज शीर्षकको बालबालिकासम्बन्धी प्रतिस्पर्धा सञ्चालन हुँदैछ । प्रतियोगिताका इभेन्ट म्यानेजर दीपक घिमिरेका अनुसार कार्यक्रममा १९ बालक र ४४ बालिका गरी कक्षा १ देखि ८ सम्म अध्ययनरत ६ देखि १३ वर्ष उमेर समूहका ६३ बालबालिकाको सहभागिता रहनेछ । भिजिट नेपाल वर्ष-२०११ को प्रवर्द्धनमा बालबालिकाको भूमिकालाई उजागर गर्न प्रतियोगिताको ट्यालेन्ट राउन्डलाई पर्यटन बोर्डको सभाकक्षमा प्रस्तुत गरेको छ ।

उक्त प्रतियोगिता चैतको मध्यतिर आयोजना हुने भएको छ । यसैगरी ८ देखि १३ वर्ष उमेरसम्मका बालिकाहरूको प्रतियोगिता किड क्विन नेपालको अर्को संस्करण मध्य वैशाखमा सञ्चालन हुने भएको छ । नेपलिज फेसन होमको आयोजनामा सञ्चालन हुने सो प्रतियोगिताका लागि सहभागी हुन हाल आवेदन फर्म खोलिएको छ । यतिखेर १२ जना युवती पहिलो पटक आयोजना हुन लागेको मिस इन्डिया वर्ल्ड वाइड नेपाल नामक प्रतियोगिताका प्रतिस्पर्धी उनीहरूलाई हाल कोरियोग्राफर मनीष शाक्यले प्रशिक्षण दिइरहेका छन् । भारतीय मूलका नेपाली युवतीहरूबीचको यो प्रतिस्पर्धा भोलि शनिबार होटेल र्‍याडिसनमा सम्पन्न हुने आयोजक संस्था नेप्लिज काउन्सिलले जनाएको छ । उक्त कार्यक्रमका विजेताले मार्च महिनाको अन्तितिर दक्षिण अफ्रिकामा सम्पन्न हुने मिस इन्डियन वर्ल्ड वाइडको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका तर्फबाट सहभागिता जनाउनेछिन् ।

मिस शेर्पाको तयारी पनि तीव्र गतिमा अघि बढेको देखिन्छ । फागुन २८ गते जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने उक्त प्रतियोगितामा २० जना शेर्पा युवतीबीच प्रतिस्पर्धा हुनेछ । प्रभा अमात्यको कोरियोग्राफीमा सम्पन्न हुने उक्त प्रतियोगितालाई नेपाल शेर्पा संघको सहकार्यमा कला-संस्कृति संरक्षण केन्द्रले आयोजना गर्न लागेको हो ।

मिस मंगोल प्रतियोगिताको दोस्रो संस्करणको तयारी पनि अघि बढेको छ । एक्सन इन्टरटेनमेन्ट प्रालिको आयोजनामा सम्पन्न हुने मिस मंगोल-२०१० मा ३८ जना प्रतिस्र्धीबीच मुख्य उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । आउँदो चैत ७ गते प्रज्ञाभवनको डबलीमा हुने उक्त प्रतिस्पर्धाका प्रतिस्पर्धीलाई कोरियोग्राफर रोजिन शाक्यले अन्तिम तयारी गराइरहेका छन् ।



मिस्टर राजधानी-२००५ दिनेश शाही र मिस राजधानी-२००९ चाँदनी लामिछाने पनि यतिखेर व्यस्त छन् । उनीहरू मिस्टर एन्ड मिस राजधानीको अर्को संस्करणका प्रतिस्पर्धीहरूलाई तयार पार्न व्यस्त भएका हुन् । उक्त प्रतिस्पर्धा आउँदो चैतको अन्तिम साता सम्पन्न हुनेछ । वैशाख महिनाको पहिलो साता अन्तिम प्रतिस्पर्धा सञ्चालन गर्ने उद्देश्यले मिस तामाङ-२०१० को प्रारम्भिक तयारीसमेत भैरहेको छ । अर्कातिर नयाँ वर्षलाई नै लक्षित गरी नेवा भाजु मय्जु-११३० अन्तर्गत नेवार युवायुवतीप्रति लक्षित प्रतियोगिताको तयारी पनि अघि बढेको छ । जी नेक्स्ट एजेन्सी नामक संस्थाले आयोजना गर्ने उक्त प्रतियोगितामा १५ जना पुरुष तथा १५ जना महिला गरी ३० जना प्रतिस्पर्धी सहभागी हुनेछन् । यसैगरी इभेन्ट म्यानेजर प्रकाश प्रधान यही मार्च महिनामा राजधानीस्थित एउटा तारे होटलमा आयोजना गर्ने हेतुले फेसन शोको तयारी गरिरहेका छन् । उता लर्ड बुद्ध एजुकेसन फाउन्डेसनअन्तर्गतको सफ्ट नामक फेसन डिजाइनिङसम्बन्धी संस्थाले पनि फेसन शोको तयारी अघि बढाएको छ ।

**–रोजिन शाक्य**

शीघ्र प्रदर्शन हुँदैछ



यौन शक्ति
जस्तो सुकै यौन दुर्बलता र कमजोरीका लागि
Herbal Levitra प्रेसर र सुगर हुनेलाई पनि उपयुक्त
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
शीघ्रपतनका लागि Dr. Power Gel
जाँड-रक्सीको कुलत छुटाउन
मोटोपना घटाउन/तौल बढाउन (३ मिनेटमा ५ ईन्च सम्म पेट, हिप र थाई घटाउन)
कपाल सम्बन्धि सम्पूर्ण उपचार
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result
Helpline: 4672065, 2084130, 9851034690

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ
मोटरवाईण्डिङ
Guarantee
लोडसेडिङ नो प्रोब्लम
१३ वर्ष पूरानो
३३% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

WANTED
REAL THERAPY & BEAUTY POINT
यस सेन्टरको लागि निम्न पदहरू आवश्यक भएकोले अंग्रेजी भाषामा राम्रो दखल भएका व्यक्तिहरूले बायोडाटा र फोटो सहित तु. सम्पर्क गर्नुहोला ।
Spa Manager - 1
तलब : Negotiable
Barber - 2
Senior Beautician - 3
तलब प्रति व्यक्ति: रू. २० हजारसम्म
Beautician - 6
Massage Therapist - 10
Receptionist - 3
तलब: अनुभवको आधारमा दिइनेछ
Thamel, Kathmandu
Tel: 4700992, 98510-89169, 98510-69150
E-mail: info@nepalmassage.com
www.nepalmassage.com
(Contact hour: 10 am to 6 pm)

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414
New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

ब्यूटीसियन तालिममा निःशुल्क भर्ना खुल्यो
बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
********************************
नोट: यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

Consultancy Sale
Well Running Educational Consultancy
Centrally Located at New Baneshwor
Option for Franchisee/ Complete Sale
2 Phone Lines with Epabx System
Ample Parking with Affordable Rent
Carpeted 7 Rooms with Power Backup
LCD Computers with Hi-Tech Furnitures
Multiple Training Options with Kitchen
Proper Networking with Net Connection
Both Franchise Partner as well as Buyers will be well Entertained...
Those Serious Parties can call us for the Location visit to monitor the above stated Infrastructure.
Genuine Inqury: 9851055733

फोटोग्राफी भिडियोग्राफी
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

If U Can Talk then
Earn 17000+ Per Month
Luxurious Office+ Vehicle
Work 1/2 Hours Only Per Day
Three Generation Royalty Income
A Step 2 Make UR Dream Come True
Flexible Working Hour + Huge Income
Own Ur Business Without Investment
Life Insurance + Academic Scholarship
Free luxurious Bunglow + Foreign Tour
Both Freshers + Highly Skilled Can join
Shaping Minds Group-Business Club
Putalisadak 2222605 4233478
New Baneshwor 4782162 4781431
Kumaripati 5008632 2292244

Real-Life SPOKEN ENGLISH
Real Life Accent | Fluency | Accuracy
अंग्रेजी भाषा प्रशिक्षणमा लामो अनुभवि शिक्षकशिक्षिकाद्वारा तयार पारिएको Course Syllabus जसमा वास्तविक जीवनमा प्रयोग हुने बोलीचालीको भाषालाई बढि प्राथमिकता दिइएको छ । यो कोर्ष ४८ घण्टाको हुनेछ ।
(Free: Books, CDs, Handouts. Audio-Visual and Internet facility)
STUDY ABROAD
UK, USA, Canada, Australia, Cyprus, New Zealand, Switzerland, Japan, Malaysia, Singapore & More
TESTS PREPARATION
IELTS, TOEFL, SAT, GRE, GMAT
(Free: Books, CDs, and Internet facility)
Attractive Discount Scheme
FOCUS Education & Consultants
Focused on students success
Putalisadak (Way to Dillibazar), Kathmandu
Tel: 4421637, 4421868
E-mail: info@focusedu.com.np, focusedu@wlink.com.np
www.focusedu.com.np

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक ३ महिना - ८,०००।-
वेटर १ महिना - १५,००।-
*5 Star Hotel का प्रशिक्षकबाट तालिम
*Extra Practical को लागि होटलहरुमा पठाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट सँगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक (अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।